सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ चैत २०८०, सोमबार (25 Mar 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३३६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

परराष्ट्रमन्त्री नौदिने चीन भ्रमणमा



मंगलबार चिनियाँ समकक्षी यीसँग बेइजिङमा छलफल गर्ने, चाउ एन लाईको घरको पनि भ्रमण गर्ने कार्यतालिका

पर्शुराम काफ्ले/नयाँ पत्रिका

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ नौ दिन लामो औपचारिक भ्रमणमा आइतबार चीन प्रस्थान गरेका छन् । नयाँ समीकरणसँगै परराष्ट्रमन्त्रीको जिम्मेवारी पाएका श्रेष्ठको यो पहिलो विदेश भ्रमण हो । नयाँ समीकरणसँगै चीनसँगको सम्बन्ध सरकारको प्राथमिकतामा परेको छ ।


उपप्रधानमन्त्री श्रेष्ठको बेइजिङ, छोङछिङ, तिब्बत र सिचुआन प्रान्तमा चीन सरकारका उच्च अधिकारीदेखि चिनियाँ कम्युनिस्ट पार्टीका महत्त्वपूर्ण नेतासँग नेपाल-चीन सम्बन्धबारे छलफल गर्ने कार्यक्रम छ । असोज ६ देखि १३ सम्म प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि बेइजिङ, छोङछिङ, तिब्बत र सिचुआनको भ्रमण गरेका थिए । यही रुटमा उपप्रधानमन्त्री श्रेष्ठको भ्रमण हुनेछ ।

बेइजिङमा श्रेष्ठको चिनियाँ कम्युनिस्ट पार्टीको चौथो वरीयताका नेता वाङ हुनिङ, चिनियाँ विदेशमन्त्री वाङ यी र चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागका उपमन्त्री सुन हैयानसँग भेटवार्ता तय भएको छ । सोमबार बेइजिङ पुगेलगत्तै उनले चिनियाँ कम्युनिस्ट पार्टीको चौथो वरीयताका

» पृष्ठ ७ मा क्रमशः

अपराध कर्ममा कर्मचारी

पछिल्लो एक वर्षमा १० फरक-फरक कसुरमा सचिवसहित एक सयभन्दा धेरै कर्मचारीविरुद्ध प्रहरीले दायर गऱ्यो मुद्दा



● **गोविन्द कुसुम**, पूर्वसचिव

कर्मचारीतन्त्रमा समाजका विभिन्न पृष्ठभूमिका मान्छे आएका छन्, कतिपय गलत प्रवृत्तिका पनि छन्, तर हाम्रोमा कर्मचारीमाथि सुपरिवेक्षण प्रणाली बलियो छैन । एकातर्फ नैतिकताको शिक्षा भएन, अर्कोतर्फ कर्मचारीमाथि सुपरिवेक्षण गर्ने र राम्रो कर्मचारीलाई प्रोत्साहन गर्ने वातावरण बनाउन जरुरी छ ।



● **भीमप्रसाद ढकाल**, प्रवक्ता, नेपाल प्रहरी

अनुसन्धानको क्रममा धेरै कर्मचारी विभिन्न किसिमका अपराधमा संलग्न देखिए, त्यही आधारमा हामीले पक्राउ गर्ने हो । कर्मचारी अपराधमा पर्नु राम्रो होइन, कर्मचारी र कार्यालय प्रमुखहरूले काम गर्दा ध्यान दिनुपर्ने देखियो ।

नवराज मैनाली/नयाँ पत्रिका

निजामती कर्मचारीहरू भ्रष्टाचारसम्बन्धी मुद्दामा मात्र होइन, फौजदारी कसुरमा पर्ने क्रम पनि बढेको छ । पछिल्लो एक वर्षमा प्रहरीले १० घटनामा सचिवसम्मका एक सयभन्दा धेरै कर्मचारीलाई पक्राउ गरी मुद्दा दायर गरेको छ भने थप केही कर्मचारीमाथि अनुसन्धान गरिरहेको छ ।

शरणार्थीका नाममा देखि सहकारी ठगीसम्म, वैदेशिक रोजगारीमा पठाइदिने भन्दै अवैध रकम असुल्नेदेखि सुन तस्करहरूलाई सघाउनेसम्मका घटनामा कर्मचारी पक्राउ परेका छन् । पदीय जिम्मेवारीमै रहँदा गरेका कामका आधारमा कर्मचारीहरू धमाधम प्रहरी हिरासत पुग्न थालेका हुन् । यसले समग्र कर्मचारीतन्त्रको प्रतिष्ठा र सम्मानसमेत गुम्दै गएको छ ।

फौजदारी अपराधमा पछिल्लोपटक पक्राउ परेका कर्मचारी हुन्, मेलम्ची नगरपालिकाका अधिकृत भरेन्द्रराज खरेल र बागमती प्रदेश सभा सचिवालयमा अधिकृत पदमा कार्यरत रामचन्द्र अर्याल । उनीहरू जिल्ला प्रहरी कार्यालय,

» पृष्ठ ७ मा क्रमशः



■ बहालवाला सचिवलाई हतकडी

गत २४ असारमा तत्कालीन सञ्चारसचिव कृष्ण राउतलाई सिआइबीले विमानस्थलबाट पक्राउ गऱ्यो । बालुवाटारस्थित ललितानिवासको जग्गा हिनामिनामा संलग्नता देखिएपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो । पछि तारेखमा छुटेका उनलाई फरार प्रतिवादी बनाएर मुद्दा चलाइएको थियो । हाल उनी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा कार्यरत छन् । राउतसहित सिडिओका रूपमा कार्यरत सहसचिव सुशील वैद्यलाई समेत प्रतिवादी बनाइएको थियो । सो मुद्दामा एक बहालवाला र पाँच पूर्वसचिवसहित ६० भन्दा धेरै बहालवाला तथा अवकाशप्राप्त कर्मचारी प्रतिवादी छन् । यो मुद्दा पनि जिल्ला अदालतमा विचाराधीन छ ।

गत जेठमै प्रहरीले अर्का बहालवाला सचिवलाई थुनामा राखी मुद्दा चलाएको थियो । नक्कली शरणार्थी प्रकरणमा सचिव टेकनारायण पाण्डेलाई प्रहरीले पक्राउ गरी मुद्दा चलाएको हो । गृहसचिव हुँदा पाण्डेले बिचौलिया र तत्कालीन मन्त्री बालकृष्ण खाणबीच सहजीकरण मात्र गरेनन्, सरकारी प्रतिवेदन सच्याउनेदेखि नेपालीलाई भुटानी शरणार्थीको परिचयपत्र दिलाएर विदेश पठाउने प्रयास गरेका थिए । जसमा पर्याप्त प्रमाण भेटिएपछि उनी हाल थुनामै छन् । तत्कालीन मन्त्री खाण भने उच्च अदालतबाट छुटेका छन् । यही मुद्दामा अर्का पूर्वमन्त्री टोपबहादुर रायमाझी थुनामै छन् । गृह मन्त्रालयबाट हटेको केही महिनामै सचिव पाण्डेलाई प्रहरीले हतकडी लगाएको थियो । बहालवाला सचिवहरू नै पक्राउ परेका घटनाले सिंगो निजामती प्रशासनकै प्रतिष्ठा गुमेको कर्मचारीहरू बताउँछन् ।

यसरी बारम्बार उच्च तहका कर्मचारी पक्राउ पर्न थालेपछि सिंगो निजामती कर्मचारीले देशमा प्रहरी हाबी हुन खोजेको भन्दै सरकारलाई दबाबसमेत दिएका थिए । तर, पर्याप्त प्रमाणकै आधारमा कर्मचारीहरू पक्राउ परेकाले प्रहरीको अनुसन्धानमा सरकारले साथ दिएको थियो ।

■ विमानस्थलका कर्मचारी भिजिट भिसाको सेटिङदेखि सुन तस्करीसम्म संलग्न

अध्यागमनका नौ अधिकृतविरुद्ध संगठित अपराध मुद्दा

भिजिट भिसामा नेपालीलाई विदेश पठाउने गिरोहमा आबद्ध भएको आरोपमा डेढ महिनामै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका नौ अधिकृतविरुद्ध प्रहरीले फौजदारी मुद्दा दायर गऱ्यो । एजेन्टबाट दुई लाख लिँदै गरेको अवस्थामा सबैभन्दा पहिले अधिकृत नरवीर खड्का पक्राउ परेका थिए । उनकै बयानका आधारमा अधिकृतहरू कुशल बराल, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णुप्रसाद आचार्य, विकास डंगोल, पीताम्बर रिमाल, ताराबहादुर कुँवर र सुजन फागोविरुद्ध मुद्दा दायर गरिएको थियो । नरवीर पुर्पक्षका लागि जेलमा छन् भने अन्य सबै अदालतमा उपस्थित भएर धरौटीमा छुटेका छन् । प्रहरीले उनीहरूविरुद्ध दायर गरेको किर्ते र संगठित अपराध मुद्दा जिल्ला अदालत काठमाडौंमा मुद्दा विचाराधीन छ ।

प्रहरी अनुसन्धानको क्रममा अध्यागमनका सबैजसो कर्मचारी भिजिट भिसाको गिरोहमा संलग्न रहेको देखिएको थियो । तर, त्यस विषयमा विस्तृत प्रमाण नभेटिएको र अनुसन्धानमा पनि प्रहरीलाई सहयोग नहुँदा धेरै कर्मचारी जोगिए । प्रहरीले विस्तृत अनुसन्धान अघि बढाएपछि कर्मचारीहरूले सेवा नै अवरुद्ध गरेर विरोधसमेत गरेका थिए । पछि गृह मन्त्रालयले दुवै पक्षलाई राखेर छलफल गराउँदा प्रहरीले अनुसन्धानमा भेटिएका प्रमाण देखाएपछि कर्मचारीहरू पछि हटेका थिए । प्रहरी अनुसन्धानमा दिनमै अध्यागमनमा एक करोडभन्दा धेरै लेनदेन हुने देखाएको थियो । यो घटनाले कर्मचारी प्रशासन थप बदनाम हुन पुग्यो ।

भन्सारका कर्मचारी सुन तस्करीमा सहयोगी

गत भदौमा विमानस्थल भन्सारका कर्मचारीविरुद्ध पनि मुद्दा दायर भएको थियो । तीन सय ६२ केजी सुन तस्करीमा संलग्न रहेको भन्दै भन्सार अधिकृत गणेशप्रसाद पौडेल र सन्तोष चन्द तथा नासु वीरेन्द्र नेपालीलाई सिआइबीले पक्राउ गरी मुद्दा चलाएको हो । जिल्ला अदालतले उनीहरू तीनैजनालाई जेल चलान गरेकोमा अधिकृत पौडेल र नासु नेपाली भने उच्च अदालतको आदेशमा धरौटीमा छुटेका छन् । चिनियाँ समूहले 'ब्रेक सु'लगायत सामानमा लुकाएर सुन ल्याउँदा भन्सारका कर्मचारीले चेकजाँचमा पास गराएको अभियोग सिआइबीको थियो । जाँचपासमा संलग्न भन्सारका सबै कर्मचारीलाई सिआइबीले अनुसन्धानमा तानेपनि मिलेमतोको प्रमाण जुटाउन नसक्दा अन्यले उन्मुक्ति पाएका थिए । सिआइबीले सबैमाथि अनुसन्धान थालेपछि भन्सार कर्मचारीले विरोधसमेत गरेका थिए । विगतमा पनि भन्सारका कर्मचारी तस्करीमा मिलेको आरोपमा प्रहरीले पक्राउ गरी मुद्दा चलाएको थियो ।

विद्युतीय चुरोटमा लुकाएर तस्करी गर्न लागिएको करिब ८ केजी सुन भन्सार कार्यालयबाटै गायब बनाएको आरोपमा गत जेठमा विमानस्थल भन्सारका नासु रेवन्त खड्का पक्राउ परेका थिए । उनले त्यसबापत ६५ लाख रुपैयाँ लिएको पुष्टि भएको थियो । तस्करीमा संलग्न चिनियाँ नागरिक तथा सघाउने पूर्वसभामुख कृष्णबहादुर महराका छोरा राहुलसमेत पक्राउ परी हाल पुर्पक्षका लागि थुनामा छन् । यसमा थप अनुसन्धान गर्न हालै जाँचबुझ आयोगले सिफारिस गरेको छ । सुन तस्करीसम्मका घटनामा सहसचिव भलकराम अधिकारी, अरुण पोखरेल र उपसचिव उमाकान्त अधिकारीलाई समेत निगरानीमा राखी कारबाहीमा राख्न जाँचुबझ आयोगले हालै सिफारिस गरेको छ ।

दलहरू उपनिर्वाचनतिर त्रिपक्षीय भिडन्तको सम्भावना

४ मंसिर ०७९ को चुनावपछि सत्तासमीकरणमा पटक-पटक भएको हेरफेर र आफ्नो जनाधार सुरक्षित बनाइराख्न पुराना दलहरूमाथि दबाब बढिरहेका वेला हुन लागेको उपनिर्वाचन भविष्यको राजनीतिका लागि संकेत पनि हुन सक्छ

एमालेबाट इलाम २ मा सुहाङ

■ सुहाङलाई अघि सार्दा अध्यक्ष ओलीले प्रस्तुत गरेका तर्क





● इलाम २ का मतदातासँग सुवास नेम्वाङको भावनात्मक सम्बन्ध जोडिएकाले उनका छोरा सुहाङलाई उम्मेदवार बनाउँदा मत सुरक्षित हुन्छ

● निर्वाचन क्षेत्रमा जनजाति मतदाता उल्लेख्य रहेकाले सोही समुदायको उम्मेदवार अघि सार्दा सामुदायिक 'सेन्टिमेन्ट'ले अन्य मत पनि तान्न सक्ने

● सुहाङ नयाँ र युवा पुस्ताको प्रतिनिधि पात्र मात्रै होइनन्, अहिलेको अवस्थामा अन्य पार्टीको पनि मत तान्न सक्ने उपयुक्त उम्मेदवार

शुरोजंग पाण्डे, प्रेम गौतम/नयाँ पत्रिका

प्रमुख दलहरू १५ वैशाखका लागि इलाम २ र बझाङ प्रदेश सभा '१' मा तोकिएको उपनिर्वाचनतिर होमिएका छन् । सत्तागठबन्धनबाट संयुक्त उम्मेदवारी नहुने देखिएपछि इलाम २ मा मूलतः एमाले, कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीबीच त्रिपक्षीय भिडन्त हुने सम्भावना छ ।

निर्वाचन आयोगले २४ चैतमा उम्मेदवारी दर्ताको कार्यक्रम तय गरेको छ । यसको पूर्वसन्ध्यामा प्रमुख दलहरू उम्मेदवार छनोट प्रक्रियामा प्रवेश गरेका छन् । उपनिर्वाचनका लागि एमालेले उम्मेदवारको टुंगो लगाएको छ भने कांग्रेसमा नाम सिफारिस भए पनि निर्णय हुन बाँकी छ ।

सरकारको नेतृत्व गरेको माओवादी र अर्को सत्तारूढ दल जसपाले उम्मेदवारी दिने-नदिने निर्णय लिएका छैनन् । एकीकृत समाजवादीले सोमबार यसबारे निर्णय लिँदै छ । सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी एक्लै निर्वाचन लड्ने भएको छ । स्वतन्त्र उम्मेदवारी पनि घोषणा भइसकेका छन् ।

■ इलाम २ मा एक लाख १६ हजार मतदाता

इलाम २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं एमाले उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको २६ भदौमा हृदयाघातबाट निधन भएपछि र बझाङ प्रदेश सभा '१' बाट निर्वाचित पृथ्वीबहादुर सिंहको सुदूरपश्चिम सरकारको आन्तरिक मामिला तथा कानुनमन्त्रीको हैसियतमा गृहजिल्ला जाँदै गर्दा ५ असारमा गाडी दुर्घटनामा परी निधन भएपछि सिट रिक्त छ ।

एमालेले इलाम २ को संघीय उपनिर्वाचनमा सुहाङ नेम्वाङलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । केन्द्रीय सचिवालयको आइतबारको बैठकले जितका लागि सुहाङ नै उपयुक्त भएको निष्कर्ष निकाल्दै पार्टीका तर्फबाट उम्मेदवार बनाउने निर्णय गरेको हो । उनी संविधानसभा अध्यक्ष सुवास नेम्वाङका कान्छा पुत्र हुन् ।

गत २६ भदौमा हृदयाघातबाट सुवासको निधन भएपछि इलाम २ रिक्त थियो । पछिल्लो निर्वाचनमा सुवास कांग्रेसका उम्मेदवार डम्बरबहादुर खड्कालाई एक सय १४ मतको झिनो अन्तरले पराजित गर्दै विजयी भएका थिए । सुवासले ३० हजार २० मत प्राप्त गरेका थिए ।

» पृष्ठ ७ मा क्रमशः

■ कांग्रेसबाट इलाममा सातजनाको नाम सिफारिस

कांग्रेसको क्षेत्रीय समितिले सातजनाको नाम सिफारिस गरेको छ । जिल्ला सभापति डम्बर खड्का, संविधानसभा सदस्य नगेन्द्र कुमाल, पूर्वसांसद केशव थापा, नेताहरू भेषराज आचार्य, रमेश लिङ्देन, चन्द्रमाया लिम्बू र चन्द्रकला राईको नाम सिफारिस गरेको छ । केन्द्रले नाम टुंग्याउन बाँकी रहेको र केही दिनमा नाम टुंग्याउने प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए । 'क्षेत्रीय कमिटीले सिफारिस गरेको नाम जस्ताको तस्तै जिल्ला कार्यसमितिले केन्द्रमा पठाएको छ । पदाधिकारी बैठक बसेर हामी नाम टुंग्याउँछौं,' उनले भने । जिल्ला सभापति खड्काको पनि नाम सिफारिस भएकाले क्षेत्रले सिफारिस गरेको नाम जिल्लाले जस्ताको जस्तै केन्द्रमा सिफारिस गरेको उनले बताए । कांग्रेस बझाङ जिल्ला कार्यसमितिले उम्मेदवारका आकांक्षी १० जनाको नाम पार्टीको प्रदेश समितिलाई सिफारिस गरेको छ । केन्द्रले सकेसम्म सर्वसम्मत र नभए तीनजनाको नाम पठाउन भने पनि सहमति नभएपछि जिल्लाले १० जनाको नाम सिफारिस गरेको हो ।

■ रास्वपाबाट इलाममा तीनको दाबी, प्रदेशमा उम्मेदवारी नदिने

संसद्को चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टीले इलाम क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनमा एक्लै प्रतिस्पर्धा गर्ने भएको छ । केन्द्रमा सत्तागठबन्धनमा रहेको रास्वपाले इलाम २ मा आफ्नै उम्मेदवार उठाउने तयारी गरेको हो । सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार पार्टीले १६ चैतमा उम्मेदवारको टुंगो लगाउँदै छ । उम्मेदवारीका लागि तीनजनाले पार्टीमा नाम दर्ता गराएका छन् । तीनमध्ये एकजनालाई पार्टीको केन्द्रीय समितिले उम्मेदवार चुन्नेछ । बुर्लाकोटीले दाबेदारको नाम भने खुलाएनन्, १४ चैतमा उनीहरूको नामसहित प्रारम्भिक सूची सार्वजनिक गरिनेछ ।

पार्टी प्रवक्ता डा. मुकुल ढकालले इलाम २ मा योग्यता र कार्यक्षमताका आधारमा आदिवासी जनजाति समुदायबाटै रास्वपाले उम्मेदवार उठाउने बताए । '१६ चैतमा उम्मेदवार टुंगो लाग्छ,' उनले भने, '१७ गते नेताहरू गएर अनुमोदन गर्नुहुन्छ ।' उनका अनुसार १७ चैतमा पार्टी सभापति एवं उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने, खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ, सचेतक निशा डाँगीलगायत नेताहरू इलाम पुग्दै छन् । रास्वपाले बझाङ प्रदेश '१' निर्वाचनमा भने भाग नलिने निर्णय गरेको छ ।

■ माओवादी, समाजवादी र जसपाको निर्णय हुनै बाँकी

माओवादीले उपनिर्वाचनमा उम्मेदवारबारे निर्णय गरिसकेको छैन । जिल्लाबाट अहिलेसम्म उम्मेदवारको नाम सिफारिससमेत गरिएको छैन । एकीकृत समाजवादी र जसपाले उम्मेदवारी दिने-नदिने नै टुंगो छैन । समाजवादीको आइतबार बसेको सचिवालय बैठकले सत्तागठबन्धन दलहरूसँग छलफल गरेर उम्मेदवारबारे निर्णय गर्ने उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । जसपा प्रवक्ता मनीष सुमनले आवश्यक छलफल गरेर निर्णय लिने बताए ।

प्रसूतिसम्बन्धी उपचार गराउन जाने ६ मध्ये एक महिलामा पिसाब चुहिने समस्या

आफ्नो समस्याबारे चिकित्सकसँग नखुल्दा शारीरिक र मानसिक समस्या झेल्दै



● **डा. भोला रिजाल**
स्त्रीरोग विशेषज्ञ

गुणस्तरीय प्रसूति सेवा नपाउँदा, पोषणयुक्त खानपान अभाव र अस्वस्थ जीवनशैलीका कारण पनि समस्या देखिने गरेको छ । उनीहरूमा खोक्दा, हाच्छिउँ गर्दा वा शरीरमा भार पर्दा पिसाब चुहिने समस्या देखिने गरेको छ ।

(विस्तृत पृष्ठ ३)


ठूला विदेशी लगानी र सहयोग वृद्धिका लागि दाता फकाउँदै अर्थमन्त्री



चीन, भारत, अमेरिकालगायत देशका राजदूतलाई नेपालमा ठूला लगानी ल्याउने पहल गरिदिन आग्रह, लगानी सम्मेलनमा सहभागिताका लागि निम्तो

(विस्तृत पृष्ठ ६)


NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



होली मनाएर पौडी खेल्न गएका तीन बालबालिका सुनकोशीमा बेपत्ता

उदयपुर/ उदयपुरमा होली मनाएर पौडी खेल्न गएका तीन बालबालिका सुनकोशी नदीमा बेपत्ता भएका छन् । त्रियुगा नगरपालिका- १४, साउने बजारका १२ वर्षीया रेखा मगर, नौ वर्षीय रिदम मगर र १२ वर्षीय लोकबहादुर मगर बेपत्ता भएका हुन् ।

उदयपुर प्रहरी प्रमुख एसपी रमेश थापाले तीन बालबालिका सुनकोशी नदीको धाप्लाङघाटमा पौडी खेलिरहेका वेला डुबेर बेपत्ता भएको बताए । 'बेपत्ता भएको जानकारी आउना साथ प्रहरी परिचालन गरेर खोजिरहेका छौं, अहिलेसम्म भेटिएका छैनन्,' एसपी थापाले भने । बालबालिकाको समूह आइतबार होली खेलेर पौडीका लागि धाप्लाङघाट पुगेका थिए । सुनकोशीमा पौडिन पसेकामध्ये चार-पाँचजनाको भने स्थानीयले उद्धार गरेको एसपी थापाले जनाए ।



ठमेलमा विदेशी पर्यटकले पनि मनाए फागु पूर्णिमा

काठमाडौं/ काठमाडौंको प्रमुख पर्यटकीयस्थल ठमेललगायत विश्वसम्पदा क्षेत्रमा विदेशी पर्यटकले पनि हर्षोल्लासका साथ फागु पूर्णिमा पर्व मनाएका छन् । वसन्त ऋतुको आगमनसँगै नेपाल घुम्न आएका विदेशी पर्यटकले फागु पूर्णिमाका अवसरमा यहाँ मनाइँदै आएको पर्वलाई हर्षोल्लासका साथ मनाएका हुन् । पछिल्लो समय नेपालमा मनाइने फागु पूर्णिमा पर्व विदेशीले समेत मनाउने गरेका छन् । पर्यटकले आइतबार बिहानैदेखि एक-अर्कासँग रङ साटासाट, नाचगानसहित रमाइलो गरी पर्व मनाएका थिए । प्रमुख पर्यटकीय गन्तव्य ठमेल, वसन्तपुर, दरबारमार्ग, पाटन, बौद्धलगायत क्षेत्रमा उनीहरूले विशेष रूपमा फागु खेलेका थिए । ठमेल पर्यटन विकास परिषद्ले फागुन पूर्णिमा विशेष कार्यक्रमको आयोजना गरेको छ ।

गरिब घरपरिवारको तथ्यांक संकलन गर्दै काठमाडौं महानगर



काठमाडौं/ काठमाडौं महानगरपालिकाले यही २५ चैतदेखि गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमका लागि तथ्यांक संकलन गर्ने भएको छ । त्यस कार्यमा खटिने जनशक्तिका लागि महानगरले गणक र सुपरिवेक्षकको तालिमका लागि प्रशिक्षक प्रशिक्षण दिइसकेको जनाएको छ । महानगरका सामाजिक विकास विभागका निमित्त प्रमुख विमला कोइरालाका अनुसार तालिमबाट प्रशिक्षक बनेका अधिकारीहरूले २० चैतदेखि गणक र सुपरिवेक्षकलाई तालिम दिनेछन् । यस कार्यमा खटिने गणक र सुपरिवेक्षकका रूपमा काम गर्न इच्छुकका लागि निवेदन दिन १६ मंसिरमा महानगरले सार्वजनिक सूचना जारी गरेको थियो । प्राप्त आवेदनबाट योग्यताका आधारमा गत १४ माघमा उम्मेदवारहरूको प्रारम्भिक सूची प्रकाशन गरिएको थियो । गत २१ देखि २४ माघसम्म महानगरले लिएको अन्तर्वार्ताबाट गत १७ फागुनमा योग्यताक्रमको अन्तिम नतिजा प्रकाशन भएको थियो । जसबाट २१ सुपरिवेक्षक र दुई सय नौ गणक छनोट भएका थिए ।

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/१२/१२ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसीलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाँईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाँई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारबालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

तपसिल

मनहरी शाखा

(१) ऋणी : अनिसा एण्ड अमिसा गलैचा उद्योग (प्रोपाईटर रत्न बहादुर स्याङतान)
दर्ता नं. ७९७५/२७६/०६९/०७०
पान नं. ६००६१९८५५

व्यक्तिगत जमानिकर्ताहरु :
क. सुजना स्याङतान
ठेगाना : हाडीखोला गा.वि.स. वडा नं. ४, मकवानपुर
हाल : मनहरी गा.पा. वडा नं. २, मकवानपुर
बाबु : सुर्य बहादुर स्याङबो
पति : रत्न बहादुर स्याङतान
ना.प्र.प.नं. ३१-०१-७१-१०९५२, २५/११/२०७१ मकवानपुर

ख. रत्न बहादुर स्याङतान
ठेगाना : हाडीखोला गा.वि.स. वडा नं. ४, मकवानपुर
हाल : मनहरी गा.पा. वडा नं. २, मकवानपुर
बाबु : गणेश बहादुर स्याङतान
बाजे : प्रेम बहादुर स्याङतान
ना.प्र.प.नं. ६०/३९५५८, २६/०७/२०६३ मकवानपुर

कर्जा : व्यापारीक ओभरड्राफ्ट कर्जा

धितो सुरक्षणको विवरण : प्रेम बहादुर स्याङतानको नाति, गणेश बहादुर स्याङतानको छोरा, मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल मनहरी गा.पा वडा नं. २, मकवानपुर बस्ने ना.प्र.प.नं. ६०/३९५५८, जारी मिति २६/०७/२०६३ जि.प्र.का मकवानपुर भएको वर्ष ४३ को रत्न बहादुर स्याङतानको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला, हाडीखोला गा.वि.स. वडा नं. ४ स्थित कि.नं. १०६५ क्षे.फ. ०-४-१२-० भएको जग्गा र सो को सम्पूर्ण लिगलगापात समेत ।

(२) ऋणीको श्री विनोद बहादुर बल (ना.प्र.प.नं. ३११०२०/६०६७१ जारी मिति २०६६/०२/११, जि.प्र.का. मकवानपुर)
बाबु : कृष्ण बहादुर बल, बाजे : बजु बहादुर बल
साबिक मकवानपुर जिल्ला, हाँडीखोला गा.बि.स. वडा नं. ८, हाल मकवानपुर जिल्ला, मनहरी गाउँपालिका वडा नं. ५

व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्री बिनोद बहादुर बल (ना.प्र.प.नं. ३११०२०/६०६७१ जारी मिति २०६६/०२/११, जि.प्र.का. मकवानपुर)
बाबु : कृष्ण बहादुर बल, बाजे : बजु बहादुर बल
साबिक मकवानपुर जिल्ला, हाँडीखोला गा.बि.स. वडा नं. ८, हाल मकवानपुर जिल्ला, मनहरी गाउँपालिका वडा नं. ५
(ख) कृष्ण बहादुर बल (ना.प्र.प.नं. ३१२३ जारी मिति २०४६/०३/०७, जि.प्र.का. मकवानपुर)
बाबु : बजु बहादुर बल, बाजे : बज्र बहादुर बल
साबिक मकवानपुर जिल्ला, हाँडीखोला गा.बि.स. वडा नं. ८, हाल मकवानपुर जिल्ला, मनहरी गाउँपालिका वडा नं. ५
(ग) सुन माया बल (ना.प्र.प.नं. १४ जारी मिति २०४६/०९/०३, जि.प्र.का. मकवानपुर)
बाबु : लाल बहादुर थिङ, पति : कृष्ण बहादुर बल, ससुरा : बजु बहादुर बल
साबिक मकवानपुर जिल्ला, हाँडीखोला गा.बि.स. वडा नं. २, हाल मकवानपुर जिल्ला, मनहरी गाउँपालिका वडा नं. ५
(घ) प्रमोद बहादुर बल (ना.प्र.प.नं. ३११०२०/८१३७४ जारी मिति २०६७/१२/१५, जि.प्र.का. मकवानपुर)
बाबु : कृष्ण बहादुर बल, बाजे : बजु बहादुर बल
साबिक मकवानपुर जिल्ला, हाँडीखोला गा.बि.स. वडा नं. ८, हाल मकवानपुर जिल्ला, मनहरी गाउँपालिका वडा नं. ५

कर्जा : महालक्ष्मी होम ईक्वीटी कर्जा

धितो सुरक्षणको विवरण : बजु बहादुर बलको बुहारी, कृष्ण बहादुर बलको पत्नी, मकवानपुर जिल्ला, हाँडीखोला गा.बि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, मनहरी गाउँपालिका वडा नं. ५ बस्ने बर्ष ६१ को ना.प्र.नं. १४, जारी मिति २०४६/०९/०३ जि.प्र.का. मकवानपुर भएको सुन माया बलको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हाँडीखोला गा.बि.स. वडा नं. ८ हाल मकवानपुर जिल्ला, मनहरी गाउँपालिका वडा नं. ५ स्थित कित्ता नं. १०३७ को क्षेत्रफल ०-४-१०-० (चार कट्ठा दश धुर) भएको जग्गा तथा सो जग्गामा भविष्यमा निर्माण संरचना एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

कमाने शाखा

(१) ऋणी श्री बाल कुमारी थिङ (नागरिकता नं : ११/१२९८, जारी मिति र जिल्ला : २०४७/०८/२२, मकवानपुर)
साबिक मकवानपुर जिल्ला मकवानपुरगढी वडा नं. ०४, हाल बारा जिल्ला, पिपरा सिमरा वडा नं. ०३,
बाबुको नाम : पदम बहादुर थिङ, बाजेको नाम : बिचार सिं थिङ, पतिको नाम : आशा कुमार लामा घिसिङ

व्यक्तिगत जमानीकर्ताहरु :
(क) बाल कुमारी थिङ (नागरिकता नं. : ११/१२९८, जारी मिति र जिल्ला : २०४७/०८/२२, मकवानपुर)
साबिक मकवानपुर जिल्ला मकवानपुरगढी वडा नं. ०४, हाल बारा जिल्ला, पिपरा सिमरा वडा नं. ०३,
बाबुको नाम : पदम बहादुर थिङ, बाजेको नाम : बिचार सिं थिङ, पतिको नाम : आशा कुमार लामा घिसिङ
(ख) नाम : आशा कुमार लामा घिसिङ (नागरिकता नं. : ५४ २१४, जारी मिति र जिल्ला २०४६/०३/१६, बारा)
बारा जिल्ला पिपरा सिमरा वडा नं ०३
बाबुको नाम : सुकुमान घिसिङ, बाजेको नाम: सेते घिसिङ
(ग) नाम : संगिता दोङ लामा (नागरिकता नं. : ३३२०८१/३२४३० जारी मिति र जिल्ला २०६८/०४/०२, बारा)
ठेगाना : बारा जिल्ला पिपरा सिमरा वडा नं. ०३
बाबुको नाम : सुन बहादुर दोङ, पतिको नाम: सुरेश लामा

कर्जा शिर्षक: महालक्ष्मी होम इक्वीटी लोन

धितो सुरक्षणको विवरण : श्री बिचार सि थिङको नातिनि, श्री पदम बहादुर थिङको छोरी र आशा कुमार घिसिङको श्रीमति, बारा जिल्ला पिपरा सिमरा वडा नं. ०३, बस्ने बस्ने वर्ष ५३ को श्री बाल कुमारि थिङको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला, हटिया वडा नं. ०३ स्थित कि.नं. १९५२ क्षे.फ. ०-१०-०-० भएको जग्गा र सो को सम्पुण लिगलिगापात समेत ।

अमरपथ बुटवल शाखा

(१) ऋणी : भक्त बहादुर पछाई (ना.प्र.नं. ३९५९१ जारी मिति र जिल्ला २०४९/११/२७ (पाल्पा))
ठेगाना : बुटवल उप महा न.पा. १० रुपन्देही)
बाबु : रुद्र बहादुर पछाई बाजे : भिम बहादुर पछाई

व्यक्तिगत जमानीकर्ताहरु :
क) सुनिता के.सी बाबु : श्री डिल बहादुर के.सी बाजे : श्री देब बहादुर के.सी पति : भक्त बहादुर पछाई
ना.प्र.नं. ७५८४० जारी मिति २०५६/२/११ (पाल्पा)
ख) भक्त बहादुर पछाई (ना.प्र.नं. ३९५९१ जारी मिति र जिल्ला २०४९/११/२७ (पाल्पा)
ठेगाना : बुटवल उप महा न.पा.१० रुपन्देही)
बाबु : रुद्र बहादुर पछाई बाजे : भिम बहादुर पछाई

कर्जा : महालक्ष्मी होम इक्कुटी कर्जा

धितो सुरक्षणको विवरण : श्री भिम बहादुर पछाईको नाती, श्री रुद्र बहादुर पछाइको छोरा, जिल्ला रुपन्देही बुटवल उप-म.न.पा. वडा नं. १० बस्ने वर्ष ४८ को श्री भक्त बहादुर पछाईको नाममा मालपोत कार्यालय बुटवलमा दर्ता रहेको रुपन्देही जिल्ला, बुटवल उप-म.न.पा. वडा नं. १० (साबिक ११) स्थित कि.नं. ४४ क्षे.फ. ७१.०६ (ब.मि.) घर, जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

चन्द्रनिगाहपुर शाखा

(१) ऋणी : श्री बिनोद हेयर कटिङ्ग (प्रो. बिनोद ठाकुर)
ठेगाना : रौतहट जि., चन्द्रनिगाहपुर, वडा नं. ०५, हाल : रौतहट जि., चन्द्रपुर नगरपालीका–५, रौतहट
दर्ता नं. ३९, दर्ता मिति : २०७५/०७/२१, चन्द्रपुर नगरपालिका, कार्यालय रौतहट
प्यान नं. ३०१७५५७७५ मिति : २०६१/०८/०७

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री बिनोद ठाकुर, बाबु : शिवनाथ ठाकुर, बाजे : जडगी ठाकुर,
ठेगाना : जिल्ला रौतहट, च.पुर न.पा. वडा नं. ५, (हाल : जि.रौतहट, चन्द्रपुर न.पा. ०५)
ख) श्री उषा कुमारी ठाकुर, बाबु : राम बिश्वास ठाकुर, ससुरा : शिवनाथ ठाकुर, पति : बिनोद ठाकुर
ठेगाना : जिल्ला रौतहट, चन्द्रपुर न.पा. वडा नं. ३, (हाल : जि. रौतहट, चन्द्रपुर न.पा. ०५)
ग) जगदीश ठाकुर, बाबु : शिवनाथ ठाकुर, बाजे : जडगी ठाकुर
ठेगाना : जिल्ला रौतहट, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ५, (हाल : जि. रौतहट, चन्द्रपुर न.पा. ०५)
घ) श्रीमती लक्ष्मी ठाकुर, बाबु : मुखलाल ठाकुर, ससुरा : जडगी ठाकुर,
ठेगाना : जिल्ला रौतहट, च.पुर न.पा. वडा नं. ५, (हाल : जि.रौतहट, चन्द्रपुर न.पा. ०५)

कर्जा : बिपन्न वर्ग कर्जा

धितो सुरक्षणको विवरण : श्री जडगी ठाकुरको बुहारी, नथुनि ठाकुरको छोरी, जिल्ला रौतहट, चपुर न.पा. वडा नं. ५, (हाल : जि. रौतहट, चन्द्रपुर न.पा. ०५) बस्ने वर्ष ७१ की श्रीमती लक्ष्मी ठाकुरको नाममा मालपोत कार्यालय रौतहटमा दर्ता कायम रहेको जि. रौतहट डुमरीया (म) गा.बि.स. वडा नं. ८ स्थित कि.नं. १३९२ को क्षेत्रफल ०-६-१०-० जग्गा तथा सम्पूर्ण लिगलगापात समेत ।

चरिकोट शाखा

(१) ऋणी : श्री धावा कर्म लामा (ना.प्र. नं. २२१०१४/३३४, जारी जिल्ला/मिति दोलखा, २०६४/०२/२९)
ठेगाना : जिल्ला दोलखा भीमेश्वर न.पा. वडा नं. १, हाल भिमेश्वर न.पा.३,
बाबु : धेवा लामा, बाजे : राङरीङ लामा

व्यक्तिगत जमानीकर्ताहरु :
क) नाम : श्री धावा कर्म लामा
ना.प्र.नं. २२१०१४/३३४, जारी स्थान/मिति : दोलखा, २०६४/०२/२९
ठेगाना : जिल्ला दोलखा भीमेश्वर न.पा. वडा नं. १, हाल भिमेश्वर न.पा. ३,
बाबु : धेवा लामा, बाजे : राङरीङ लामा
ख) नाम : श्री धावा लामा
ना.प्र.नं. ७४३३, जारी स्थान/मिति : दोलखा, २०५४/०१/१०
ठेगाना : जिल्ला दोलखा चरिकोट गा.वि.स. वडा नं. २, हाल भिमेश्वर न.पा. ३,
बाबु : धेवा लामा, बाजे : राङरीङ लामा
ग) नाम : श्री तेम्वा लामा
ना.प्र.नं. ४६१४८, जारी स्थान/मिति : दोलखा, २०६३/०३/०१
ठेगाना : जिल्ला दोलखा भीमेश्वर न.पा. वडा नं. १, हाल भिमेश्वर न.पा. ३,
बाबु : धेवा लामा, बाजे : राङरीङ लामा
घ) नाम : श्री लुडगु लामा
ना.प्र.नं. १६३५३, जारी स्थान/मिति : दोलखा, २०५६/०८/१५
ठेगाना : जिल्ला दोलखा भीमेश्वर न.पा. वडा नं. १, हाल भिमेश्वर न.पा. ३,
बाबु : कुनुर्बु लामा, बाजे : निमाराङडुल लामा

कर्जा : व्यक्तिगत कर्जा र महालक्ष्मी होम इक्वीटी कर्जा

धितो सुरक्षणको विवरण : श्री धावा कर्म लामाको नाममा मालपोत कार्यालय, दोलखामा दर्ता श्रेस्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गा.वि.स. वडा नं. २, हाल भिमेश्वर न.पा. वडा नं. ३ स्थित कि.नं. ५४४ र ७३७ को क्षेत्रफल क्रमश: २४० ब.मि, र ९२० ब.मि, भएको जग्गा र सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत ।

रुकुम शाखा

(१) ऋणी : जुनतारा ईलेक्ट्रीकल एण्ड हाउस वाइरिङ सेन्टर (प्रो. गोपाल कामी)
फर्म दर्ता नं: २४०३/७४/७५ (घरेलु तथा साना उद्योग समिति, रुकुम) दर्ता मिति : २९७४/०९/२३
पान नं: ६०७४६४०६९
ठेगाना : जिल्ला रुकुम पश्चिम त्रिबेणी गा.पा.वडा नं:–२

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री गोपाल कामी, बाबु : श्री तिल बहादुर कामी, बाजे : श्री चन्चले कामी
ख) श्री कल्पना कामी, बुबा : श्री अमृते सुनार, पति : श्री गोपाल कामी, ससुरा : तिल बहादुर कामी
स्थायी ठेगाना : खारा गा.बि.स, वडा नं.–७, जिवाङ, रुकुम हाल: त्रिवेणी गा.पा.-०५, जिवाङ, रुकुम पश्चिम

कर्जाको किसिम : बिपन्न बर्ग आबधिक कर्जा

धितो सुरक्षणको विवरण : श्री चन्चले को नाती, तिल बहादुर कामीको छोरा, जिल्ला रुकुम, खारा गा.वि.स. वडा नं. ७, बस्ने वर्ष ३० को श्री गोपाल कामीको नाममा मालपोत कार्यालय रुकुम पश्चिममा दर्ता रहेको रुकुम जिल्ला, खारा गा.बि.स. ७ स्थित (नक्सा सि.नं. ७/१२७४ र ७/१३१४) कि.नं. १२५, १४९९, १५०१ र १५०३ को क्षेत्रफल: ५४०.००, ४८०.००, ४५५ र १८५५ बर्ग मीटर को घर/जग्गा तथा सम्पुर्ण लिगलगापात समेत ।

(२) ऋणी : धैरेनी बाखा पालन फर्म (प्रो. श्री विर बहादुर नेपाली)
फर्म दर्ता नं: ९५४/०७४/७५ (मुसिकोट नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा, रुकुम) दर्ता मिति : २०७४/०४/११
पान नं. : ६०६२९६८१४
ठेगाना : जिल्ला रुकुम मुसिकोट न.पा. वडा नं.–३,

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री विर बहादुर नेपाली, बाबु : श्री पहलमान नेपाली, बाजे : श्री पर्सराम नेपाली
स्थायी ठेगाना : मुसिकोट न.पा. वडा नं.–४, धैरेनीचौर, रुकुम, हाल : मुसिकोट न.पा.-०३, धैरेनीचौर, रुकुम पश्चिम
ख) श्री मैमा कुमारी नेपाली, बुबा : श्री शसीराम दमाई, पति : श्री विर बहादुर नेपाली, ससुरा : श्री पहलमान नेपाली
स्थायी ठेगाना : खलगां गा.बि.स, वडा नं.–५, धैरेनीचौर, रुकुम, हाल: मुसिकोट न.पा.-०३, धैरेनीचौर, रुकुम पश्चिम
कर्जाको किसिम : कृषि आवधिक कर्जा

धितो सुरक्षणको विवरण : श्री पर्सराम नेपालीको नाती, श्री पहलमान नेपालीको छोरा, जिल्ला रुकुम, मुसिकोट न.पा. वडा नं. ०४, रुकुमको श्री विर बहादुर नेपालीको नाममा मालपोत कार्यालय रुकुम पश्चिममा दर्ता रहेको रुकुम जिल्ला, खलगां गा.बि.स ५ स्थित कि.नं. २८७९, २८८१ र २८८३ को क्षेत्रफल: ५४५.००, ३४८०.०० र ६०५०.०० बर्ग मीटर को घर/जग्गा तथा सम्पुर्ण लिगलगापात समेत ।

(३) ऋणी : श्री गन बहादुर कामी (ना.प्र.नं. २४४(०२९)/२३८६ जारी मिति २०६२/०८/१९, जि.प्र.का. रुकुम)
बाबु : श्री बल बहादुर कामी, बाजे : श्री तुले कामी
ठेगाना : जिल्ला रुकुम खारा गा.वि.स. वडा नं. ७, जिवाङ हाल : त्रिवेणी गा.पा. वडा नं. ०५, जिवाङ, रुकुम पश्चिम

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री गनबहादुर कामी, (ना.प्र.नं.२४४(०२९)/२३८६ जारी मिति २०६२/०८१९, जि.प्र.का. रुकुम)
बाबु : श्री बल बहादुर कामी, बाजे : श्री तुले कामी
ठेगाना : जिल्ला रुकुम खारा गा.वि.स. वडा नं. ७, रुकुम हाल : त्रिवेणी गा.पा. वडा नं. ०५, जिवाङ, रुकुम पश्चिम
ख) श्री टिका कामी, बाबु : श्री लालबहादुर सुनार, पति : श्री गन बहादुर कामी
ठेगाना : जिल्ला रुकुम खारा गा.वि.स. वडा नं. ७, जिवाङ हाल : त्रिवेणी गा.पा. वडा नं. ०५, जिवाङ, रुकुम पश्चिम

कर्जाको किसिम : महालक्ष्मी होम इक्वीटी आवधिक कर्जा

धितो सुरक्षणको विवरण : श्री तुले कामीको नाति, श्री बल बहादुर कामीको छोरा, जिल्ला रुकुम, खारा गा.वि.स. वडा नं. ०७, स्थायी ठेगाना भई हाल त्रिवेणी गा.पा. वडा नं. ०५, जिवाङ, रुकुम पश्चिमको श्री गन बहादुर कामी को नाममा मालपोत कार्यालय रुकुममा दर्ता कायम रहेको रुकुम जिल्ला, खारा गा.वि.स. वडा नं. ७ (नक्सा सि.नं. १२७४ र १३१४) स्थित कि.नं. २३८, ३८३, १२७, १२८० र १२९ को क्षेत्रफल: १२१०.००, ४६५.००, १२४५.००, ५७०.०० र ६७५.०० बर्ग मिटर को घर/जग्गा तथा सम्पुर्ण लिगलगापात समेत ।

(४) ऋणी : श्री महेन्द्र बुढा मगर (ना.प्र.नं. ३५७८/१४९५ जारी मिति २०४५/०२/२६, जि.प्र.का. रुकुम)
बाबु : श्री हर्क बहादुर बुढा, बाजे : श्री डिल प्रसाद बुढा
ठेगाना : जिल्ला रुकुम तकसेरा गा.वि.स. वडा नं. ८, सेरा हाल : पुथाउत्तरगंगा गा.पा. वडा नं. ११, सेरा, रुकुम पुर्व

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री महेन्द्र बुढा मगर (ना.प्र.नं. ३५७८/१४९५ जारी मिति २०४५/०२/२६, जि.प्र.का. रुकुम)
बाबु : श्री हर्क बहादुर बुढा, बाजे : श्री डिल प्रसाद बुढा
ठेगाना : जिल्ला रुकुम तकसेरा गा.वि.स. वडा नं. ८, सेरा हाल : पुथाउत्तरगंगा गा.पा. वडा नं. ११, सेरा, रुकुम पुर्व
ख) श्री सुनपुरी बुढा मगर, बाबु : श्री खेमान बुढा, ससुरा : श्री हर्क बहादुर बुढा, पति : श्री महेन्द्र बुढा मगर
ठेगाना : जिल्ला रुकुम तकसेरा गा.वि.स. वडा नं. ८, सेरा हाल : पुथाउत्तरगंगा गा.पा. वडा नं. ११, सेरा, रुकुम पुर्व

कर्जाको किसिम : व्यक्तिगत आवधिक कर्जा

धितो सुरक्षणको विवरण : श्री खेमान बुढाको छोरी, श्री हर्क बहादुर बुढाको बुहारी, श्री महेन्द्र बुढा मगरको पत्नि, जिल्ला रुकुम, तकसेरा गा.वि.स. वडा नं. ८, सेरा (हाल: पुथाउत्तरगंगा गा.पा. वडा नं. ११, सेरा, रुकुम पुर्व) बस्ने श्री सुनपुरी बुढा मगरको नाममा मालपोत कार्यालय रुकुममा दर्ता रहेको रुकुम जिल्ला, खलगां गा.बि.स. वडा नं. १ (नक्सा सि.न.९९५) स्थित कि.नं. ३६७१ र ३६७३ को क्षेत्रफल: २०१०.०० र २००.०० बर्ग मिटर को घर/जग्गा तथा सम्पुर्ण लिगलगापात समेत ।

बौनिया शाखा

(१) ऋणी : श्री ईश्वर एण्ड लक्ष्मी ट्रेर्डस (प्रो. श्री भक्त बहादुर सुनार)
प्रा.फ.र.नं.-२७४८०/०७६/०७७ दर्ता मिति-२०७६/०५/०९ पान नं.-६०९४२९८५९
दर्ता कर्यालय- वाणिज्य तथा आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलाली ।
ठेगाना : लम्की चुहा नगरपालीका वडा नं. ५ कैलाली ।

व्यक्तिगत जमानीकर्ताहरु:
क) श्री भक्त बहादुर सुनार बाबु : श्री पदमे सुनार बाजे : श्री पाउने सुनार
ख) श्री तुल्सी देवी सुनार पति : श्री भक्त बहादुर सुनार ससुरा : श्री पदमे सुनार

कर्जा: व्यापार कर्जा ओभरड्राफ्ट

धितो सुरक्षणको विवरण : श्री पाउने सुनारको नाती श्री पदमे सुनारको छोरा कैलाली जिल्ला बलिया गा.बि.स वडा नं. ६, हाल: लम्की चुहा नगरपालीका वडा नं. ५ बस्ने ४६ वर्ष ना.प्र.नं. ११६६ जारी मिति: २०५८/०८/२८ जि.प.का कैलाली भएको श्री भक्त बहादुर सुनारको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम भएको जिल्ला कैलाली बलिया गा.बि.स वडा नं. ७ (नक्सा सिट ७ ख)स्थित कि.न. २७५ क्षेत्रफल ०-१०-० (कट्ठा) बि.क.धु जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

(२) ऋणी : श्री पि.के फर्निचर उद्योग (प्रोपराईटर:- श्री बिमल बम)
प्रा.फ.न:-७११४।३६ दर्ता मिति:-२०७०।०४।२७ पान नं.-३०३५६५५५६
दर्ता कर्यालय-घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली
ठेगाना : धनगढी नगरपालीका वडा नं. ५ कैलाली, हाल: लम्की चुहा न.पा. १५ कैलाली, हाल : लम्की चुहा नगरपालीका वडा नं. १० कैलाली ।

व्यक्तिगत जमानीकर्ताहरु:
क) श्री बिमल बम बाबु : श्री ध्वज बहादुर बम बाजे : श्री डम्मर सिहं बम
ख) श्री ममता बम पति : श्री बिमल बम ससुरा : श्री श्री ध्वज बहादुर बम

कर्जा: व्यक्तिगत टम कर्जा

धितो सुरक्षणको विवरण : श्री डम्मर सिहं बमको नाती श्री ध्वज बहादुर बम छोरा कैलाली जिल्ला दोदोधरा गा.बि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल: लम्की चुहा नगरपालीका वडा नं. १० बस्ने ५२ बर्ष ना.प्र.नं.४/१२६२/१२३२ जारी मिति: -२०४६/०२/०९ जि.प्र.का. कैलाली भएको श्री बिमल बमको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम भएको जिल्ला कैलाली चुहा गा.बि.स बडा नं. २ स्थित कि.न. २९३ क्षेत्रफल ०-४-१५ (कट्ठा) बि.क.धु जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

(३) ऋणी : श्री कृष्ण देवा इन्जिनियरिङ्ग वर्कसप (प्रोपराईटर: - श्री मोहन कामी)
प्रा.फ.नं.: ११३३४ दर्ता मिति-२०७५/०८/२० पान.नं.-६०८८६२५४७
दर्ता कर्यालय: घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली ।
ठेगाना : बर्दगोरीया गाउँपालीका.वडा नं. १ बौनिया, कैलाली ।

व्यक्तिगत जमानीकर्ताहरु:
क) श्री मोहन कामी बाबु : श्री काले कामी बाजे : श्री माने कामी
ख) श्री देवसरा कामी बाबु : श्री काले लुहार पति : श्री मोहन कामी
ग) श्री मदन बि.क. बाबु : श्री मोहन कामी बाजे : श्री काले कामी

कर्जा: व्यापार ओभरड्राफ्ट कर्जा

धितो सुरक्षणको विवरण : श्री माने कामीको नाती, श्री काले कामीको छोरा अछाम जिल्ला जाल्पादेवी गा.बि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल: बर्दगोरीया गाउँपालीका वडा नं. ०१ बस्ने ५७ वर्ष ना.प्र.नं. २/२८३५ जारी मिति: २०४५/०१/१३ जि.प्र.का अछाम भएको श्री मोहन कामीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम भएको जिल्ला कैलाली दोदोधरा गा.बि.स बडा नं.८, हाल: बर्दगोरीया गाउँपालीका बडा नं. ०१ (नक्सा सिट ०८) स्थित कि.न. ११०४ क्षेत्रफल ०-५-०(क‡ा) बि.क.धु जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

(४) ऋणी : श्री सृजना टेलर्स (प्रोपराईटर: - श्री ललिता देवी दमेनी)
प्रा.फ.र.नं.: १४८६९ दर्ता मिति-२०७७/१०/०४ पान.नं.-६१४८४७०१३
दर्ता कर्यालय: घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली
ठेगाना : जोशीपुर गा.पा.वडा नं. ४ कैलाली ।

जमानीकर्ताहरु:
क) श्री ललिता देवी दमेनी, बाबु : श्री जुठे दमाइ, पति : डम्मरे दमाई
ससुरा : श्री परमिने दमाई
ख) श्री सिता दमाइ, बाबु : श्री डम्मरे दमाई, पति : शुरेश दमाई
बाजे : श्री परमिने दमाई
ग) श्री शुरेश दमाई, बाबु : श्री मदन दमाई, बाजे : श्री भिम सिहं दमाई

कर्जा: सहुलियत पूर्ण ब्याज अनुदान कर्जा (बिना धितो)

धितो सुरक्षणको विवरण : सृजना टेलर नामक व्यापार तथा सोमा रहेको मौज्दात सामानका साथै व्यापारमा रहेको चालु सम्पती समेत ।

(५) ऋणी : श्री राजेश चौधरी र प्यारेलाल डगौरा
श्री राजेश चौधरी (ना.प्र.नं. ३१०, जारी मिति : २०६३/११/११, जारी जिल्ला : जिल्ला प्रशासन कार्यालय, कैलाली)
ठेगाना : थापापुर गा.बि.स. वडा नं. ३ बिस्नापुर, कैलाली, हाल : भजनी नगरपालीका वडा नं. ६ बिस्नापुर, कैलाली
श्री प्यारेलाल डगौरा (ना.प्र.नं. २२३८, जारी मिति : २०३७/११/११, जारी जिल्ला : जिल्ला प्रशासन कार्यालय, कैलाली)
ठेगाना : थापापुर गा.बि.स. वडा नं. ७ बिस्नापुर, कैलाली, हाल : भजनी नगरपालीका वडा नं. ६ बिस्नापुर, कैलाली

व्यक्तिगत जमानीकर्ताहरु:
क) श्री राजेश चौधरी, बाबु : श्री प्यारेलाल डगौरा, बाजे : श्री असकरण
ख) श्री प्यारेलाल डगौरा, बाबु : श्री असकरण, बाजे : श्री तुल्सीराम
ग) श्री फुलमाया देवी चौधरी, पति : श्री राजेश चौधरी, ससुरा : श्री प्यारेलाल डगौरा
ग) श्री सोनिया देवी थरुनी, पति : श्री प्यारेलाल डगौरा, ससुरा : श्री असकरण

कर्जा: कृषि कर्जा टर्म

धितो सुरक्षणको विवरण : श्री तुल्सीरामको नाती श्री असकरणको छोरा कैलाली जिल्ला थापापुर गा.बि.स. वडा नं. ७, हाल: भजनी नगरपालिका वडा नं. ६ बस्ने ७६ बर्ष ना.प्र.नं. २२३८ जारी मिति: २०३७/११/११ जि.प्र.का कैलाली भएको श्री प्यारेलाल डगौराको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम भएको जिल्ला कैलाली नवलपुर गा.बि.स. बडा नं. ३ स्थित कि.न. ८९६ को क्षेत्रफल १-१६-० (कट्ठा) बि.क.धु जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

लम्की शाखा

(१) ऋणी : श्री मोहन बि.क. (ना.प्र.न.६७२००२–१०७२५ मिति २०६७/११/२३, कैलाली)
स्थायी ठेगाना : लम्की चुहा न.पा.–०५, कैलाली ।
बाबुको नाम : मान बहादुर लुहार, बाजेको नाम : मंगले लुहार

व्यक्तिगत्त जमानीकर्ताहरु :
क) जिल्ला कैलाली लम्की चुहा न.पा. ५, बस्ने मंगले लुहारको नाति, मान बहादुर लुहारको छोरा बर्ष ३२ को मोहन बि.क.
ख) जिल्ला कैलाली बलिया गा.वि.स. ८ भई हाल जिल्ला कैलाली लम्की चुहा न.पा. वडा नं. ५, बस्ने टिकाराम कामीको छोरी, मान बहादुर लुहारको बुहारी, मोहन बि.क.को पत्नि बर्ष ३३ को शुशिला वि.क. ।
कर्जा : महालक्ष्मी होम कर्जा

धितो सुरक्षणको विवरण : मंगले लुहारको नाति, मान बहादुर लुहारको छोरा कैलाली जिल्ला लम्की चुहा न.पा. वडा नं. ५,स्थाई बस्ने मोहन वि.क.को नाममा मालपोत कार्यालय टीकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ३ स्थित कि.न. १९५२ को क्षे.फ.०–०–१०–० (वि.क.धु) भएको घरजग्गा, तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

टीकापुर शाखा

(१) ऋणी : श्री लालविर चौधरी (ना.प्र.नं.: २९९७५४०१/१६९५ जारी मिती र जिल्ला: २०३५/१२/१४, कैलाली)
स्थायी ठेगाना : कैलाली जिल्ला, धर्मापुर वडा नं. ५
हाल : कैलाली जिल्ला, जानकी गाउँपालिका वडा नं. ६ जगतपुर ।
बुवा : श्री हस्तराम चौधरी, बाजे : श्री ईन्द्र प्रसाद चौधरी

व्यक्तिगत्त जमानीकर्ताहरु :
क. श्री सुल्फी थरुनी, पति :- श्री लालविर चौधरी, ससुरा :- श्री हस्तराम चौधरी
स्थायी ठेगाना : कैलाली जिल्ला, दुर्गौली गा.वि.स. वडा नं. ५, हाल : कैलाली जिल्ला, जानकी गाउँपालिका वडा नं. ६ जगतपुर ।
ख. श्री परशु राम चौधरी, बुवा :- श्री लालविर चौधरी, बाजे :- श्री हस्तराम चौधरी
स्थायी ठेगाना : कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९, हाल : कैलाली जिल्ला, जानकी गाउँपालिका वडा नं. ६ जगतपुर ।
ग. श्री प्रकाश चौधरी, बुवा :- श्री लालविर चौधरी, बाजे :- श्री हस्तराम चौधरी
स्थायी ठेगाना : कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९, हाल : कैलाली जिल्ला, जानकी गाउँपालिका वडा नं. ६ जगतपुर ।
घ. श्री कान्ती कुमारी चौधरी, पति :- श्री परशु राम चौधरी, ससुरा :- श्री लालविर चौधरी
स्थायी ठेगाना : नवलपरासी जिल्ला, पंचनगर वडा नं. २, हाल : कैलाली जिल्ला, जानकी गाउँपालिका वडा नं. ६ जगतपुर ।
ङ. श्री लालविर चौधरी, बुवा :- श्री हस्तराम चौधरी, बाजे :- श्री ईन्द्र प्रसाद चौधरी
स्थायी ठेगाना : कैलाली जिल्ला, धर्मापुर वडा नं. ५, हाल : कैलाली जिल्ला, जानकी गाउँपालिका वडा नं. ६ जगतपुर ।
कर्जा : कृषि कर्जा आवधिक

धितो सुरक्षणको विवरण : श्री ईन्द्र प्रसाद चौधरीको नाति, श्री हस्तराम चौधरीको छोरा, कैलाली जिल्ला धर्मापुर वडा नं. ५, स्थायी ठेगाना भई हाल : कैलाली जिल्ला, जानकी गाउँपालिका वडा नं. ६ जगतपुर बस्ने वर्ष ६६ को श्री लालविर चौधरीको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता रहेको कैलाली जिल्ला, दुर्गौली गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९/छ, स्थित कि.नं. ७४ को क्षेत्रफल १-३-१० (बि.क.धु.) भएको जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात ।

दमौली शाखा

(१) ऋणी : ईश्वर फलफुल पसल (प्रो. संगिता परियार)
दर्ता नं. : ५६०२/०७५/०७६ (घरेलु तथा साना उद्योग, तनहुँ)
दर्ता मिति : २०७६/२/१४
पान नं. : ६१०७१९२७९
ठेगाना : ब्यास नगरपालिका ०३, ट्राफिकचोक, तनहुँ
कर्जा : व्यापार कर्जा (आवधिक)

व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्रीमती संगिता परियार, (ना.प्र.नं. ४३१०२३/१०५१४६ जारी मिति २०६४/१२/०३, जि.प्र.का. तनहुँ)
पति : ईश्वर परियार, ससुरा : टेक बहादुर परियार
ठेगाना (हाल) : जिल्ला तनहुँ, व्यास वडा नं. १०
(ख) श्री ईश्वर परियार, (ना.प्र.नं. ५७४०१, जारी मिति २०५७/६/८, जि.प्र.का. तनहुँ)
बाबु : श्री टेक बहादुर परियार, बाजे : श्री भिउसिने दमैं
ठेगाना (हाल) : जिल्ला तनहुँ, व्यास वडा नं. १०
(ग) श्रीमती अनिता परियार,
(ना.प्र.नं. ४३१००१/२२७३ जारी मिति २०६९/८/१०, जि.प्र.का. तनहुँ)
पति : श्री टेक बहादुर परियार, ससुरा : श्री भिउसिने दमैं
ठेगाना (हाल) : जिल्ला तनहुँ, व्यास वडा नं. १०
घ) श्री टेक बहादुर परियार,
(ना.प्र.नं. १०४९, जारी मिति २०४४/१०/२२, जि.प्र.का. तनहुँ)
बाबु : भिउसिने दमैं, बाजे : श्री गर्वे परियार
ठेगाना (हाल) : जिल्ला तनहुँ, व्यास वडा नं. १०

(२) ऋणी : श्रीमती अनिता परियार (ना.प्र.नं. ४३१००१/२२७३, जारी मिति २०६९/८/१०, जि.प्र.का. तनहुँ)
पति : श्री टेक बहादुर परियार, ससुरा : श्री भिउसिने दमैं
ठेगाना (हाल) : जिल्ला तनहुँ, व्यास वडा नं. १०

कर्जा : महालक्ष्मी होम इक्विटी कर्जा

व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्रीमती संगिता परियार, (ना.प्र.नं. ४३१०२३/१०५१४६, जारी मिति २०६४/१२/०३, जि.प्र.का. तनहुँ)
पति : ईश्वर परियार, ससुरा : टेक बहादुर परियार
ठेगाना (हाल) : जिल्ला तनहुँ, व्यास वडा नं. १०
(ख) श्री ईश्वर परियार, (ना.प्र.नं. ५७४०१, जारी मिति २०५७/६/८, जि.प्र.का. तनहुँ)
बाबु : श्री टेक बहादुर परियार, बाजे : श्री भिउसिने दमैं
ठेगाना (हाल) : जिल्ला तनहुँ, व्यास वडा नं. १०

धितो सुरक्षणको विवरण : श्री भिउसिने दमैंको छोरा/बुहारी टेक बहादुर परियारको श्रीमति तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ०५ स्थायी ठेगना भई हाल व्यास न.पा.–१०, बैरेनी बस्ने वर्ष ३६ की श्री अनिता परियार (ना.प्र.प.नं. ४३१००१/२२७३, जारी मिति २०६९/०८/१०, जि.प्र.का. तनहुँ) को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला फराकचौर गा.वि.स. वडा नं. ८/ञ स्थित कित्ता न १२८६ क्षेत्रफल ०-३-३-२ को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असूली विभाग दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक सफल सहकार्य
www mahalaxmibank com

प्रसूतिसम्बन्धी उपचार गराउन जाने ६ मध्ये एक महिलामा पिसाब चुहिने समस्या

चिकित्सकसँग खुलेर समस्या राख्न नसक्दा शारीरिक र मानसिक समस्या झेल्दै महिला

मञ्जु टेलर/नयाँ पत्रिका

● पिसाब चुहिने समस्या भएपछि रामेछाप मन्थलीकी ५६ वर्षीया एक महिला तीन महिनाअघि थापाथलीस्थित परोपकार प्रसूतिगृह पुगेकी थिइन्। सुत्केरी छोरी स्याहार्न अस्पताल पुगेकी उनी आफ्नो समस्या देखाउन ओपिडी पुगिन्। पिसाब चुहिने समस्याको उपचार हुन्छ भन्नेसमेत थाहा नपाएकी उनको काउन्सिलिङपछि पिसाबथैलीको शल्यक्रिया भयो। अघिल्लो महिना शल्यक्रिया गराएपछि उनको समस्या पूर्ण ठीक भएको छ। शल्यक्रियाअघि काउन्सिलिङमा धेरै समय लागेको चिकित्सकहरू बताउँछन्। पिसाब चुहिने समस्याकै कारण उनी १६ वर्षयता घरबाट टाढा निस्किन्नथिन्। यही समस्याका कारण भिडभाड, सामाजिक जमघटमा जानै छाडेको उनको भनाइ थियो। पिसाबका कारण शरीर गन्हाउने, छालामा संक्रमण देखिने समस्या सिभियर बन्दै गए पनि उनी अस्पताल नगएर समस्या लुकाएर बसेकी थिइन्।

● काभ्रेकी ४३ वर्षीया एक महिला सुत्केरीसम्बन्धी समस्या लिएर गत महिना प्रसूतिगृह पुगिन्। प्रसूतिसम्बन्धी समस्या लिएर अस्पताल आए पनि चेकजाँचका क्रममा उनमा खोक्दा, हाच्छिउँ गर्दा वा भारी काम गर्दा पिसाब चुहिने समस्या पनि देखिने गरेको चिकित्सकले पत्ता लगाए। चिकित्सकले उनलाई नियमित एक्सरसाइज र औषधि सेवन गर्ने सल्लाह दिए। अहिले उनमा उक्त समस्यामा सुधार आइरहेको चिकित्सक बताउँछन्।

माथि उल्लिखित प्रतिनिधि उदाहरण मात्रै हुन्। विभिन्न स्वास्थ्य समस्या लिएर अस्पताल पुग्ने अधिकांश महिलामा पिसाब चुहिने समस्या देखिने गरेको छ। परोपकार प्रसूतिगृहको ओपिडीमा आउने प्रत्येक ६ जनामध्ये एकजनामा पिसाब चुहिने समस्या देखिने गरेको छ। तर, समस्याबारे खुलेर नबताउने र समस्या गम्भीर नहुँदासम्म उपचार नगराउने भएकाले समस्याले जटिल रूप लिने गरेको डा. सन्देश पौडेल बताउँछन्। 'ओपिडीमा चेकजाँचको क्रममा लक्षणबारे सोध्दा केही महिलाले 'हिन्ट' मात्रै दिन्छन्। यो समस्याले पारिरहेको असरबारे सचेत नहुँदा शारीरिक, मानसिक दुवै खालका स्वास्थ्य समस्या निम्त्याइरहेको छ,' उनले भने।

स्त्रीरोग विशेषज्ञ डा. भोला रिजाल पनि पिसाब चुहिने समस्या लिएर अस्पताल आउने दर पछिल्लो समय बढेको बताउँछन्। उनीहरूमध्ये अधिकांश अन्य रोगको कारण समस्या भएको हुन सक्ने भन्दै परीक्षणका लागि आउने गरेको उनको भनाइ छ। 'गुणस्तरीय प्रसूति सेवा नपाउँदा, पोषणयुक्त खानपान अभाव र अस्वस्थ जीवनशैलीका कारण पनि समस्या देखिने गरेको छ। उनीहरूमा खोक्दा, हाच्छिउँ गर्दा वा शरीरमा भार पर्दा पिसाब चुहिने समस्या देखिने गरेको छ,' उनले भने।



■ वयस्क महिलाको प्रमुख समस्या बन्दै

डा. जागेश्वर गौतम पिसाब चुहिने समस्या लिएर अस्पताल पुग्नेको यकिन तथ्यांक नभए पनि महिनामा तीनदेखि चारजनाको शल्याक्रिया नै गर्नुपर्ने अवस्थामा अस्पताल आइपुग्ने गरेको बताउँछन्। ओम अस्पतालमा कार्यरत उनी पिसाब चुहिने समस्या लिएर आइपुग्ने बिरामीको अनुपात अत्यधिक रहेको स्वीकार गर्छन्। 'पिसाब चुहिने समस्या अहिले मात्रै बढेको होइन, अस्पताल आउने दर मात्रै बढेको हो। पाठेघर खस्ने समस्यामा बिस्तारै सुधार आइरहेकाले पिसाब चुहिने समस्या पनि कम हुँदै गएको हो। तैपनि, पिसाब चुहिने समस्या वयष्क महिलामा मुख्य समस्याका रूपमा देखिने गरेको छ।'

अन्यको तुलनामा महिनावारी रोकिइसकेका महिलामा यो समस्या बढी देखिइरहेको त्रिवि शिक्षण अस्पतालका चिकित्सक डा. पदमराज पन्तको भनाइ छ। 'मेनोपोजपछिको समयमा र गर्भावस्थापछि महिलामा पिसाब चुहिने समस्या बढी देखिने गरेको छ। खासगरी आफ्नो समस्या लुकाएर बस्ने र गम्भीर भएपछि मात्रै अस्पताल आउने भएकाले शल्यक्रिया गर्नुपर्ने केससमेत बढी देखिन्छन्,' उनले भने।

उपचारका लागि पाटन अस्पताल पुग्ने बिरामीमध्ये पिसाब चुहिने समस्या धेरैजसो महिलामा देखिने गरेको बताउँछिन्, पाटन अस्पतालमा कार्यरत चिकित्सक डा. अल्का सिंह पनि। उनका अनुसार अस्पताल भर्ना भएकाहरूको लक्षणबारे तथ्यांक राखिने भए पनि ओपिडीमा आउने बिरामीको विस्तृत तथ्यांक छैन। तर, वयस्क महिलामा पिसाब चुहिने समस्या हामीकहाँ मात्रै नभई संसारभरि नै व्याप्त छ। यो समस्याले महिलाको शारीरिक, मानसिक र सामाजिक रूपमा असर गर्ने भएकाले महिलाहरू झन् पीडित भइरहेको उनको भनाइ छ। नेपालमा पिसाब चुहिने समस्या लिएर अस्पताल पुग्नेको संख्याबारे कुनै यकिन तथ्यांक भने छैन। अन्य स्वास्थ्य समस्या लिएर अस्पताल पुग्ने र लक्षणका आधारमा पिसाब चुहिने समस्याको उपचार हुने भएकाले अस्पतालले समेत भिन्न विवरण राख्ने गरेका छैनन्। पिसाब चुहिने समस्या लिएर धेरै महिला आउन थालेकाले अब विवरण राख्ने तयारी गरेको प्रसूति गृहले जनाएको छ।

■ विश्वभर २० करोडमा पिसाब चुहिने समस्या

अमेरिकी नेसनल एसोसिएसन अफ इनकन्टिनेन्सले तयार पारेको पछिल्लो तथ्यांकअनुसार विश्वभर दुई सय मिलियन (२० करोडभन्दा बढी)भन्दा बढी जनसंख्यामा पिसाब चुहिने समस्या छ। तथ्यांकअनुसार १८ वर्षभन्दा माथिका हरेक चारमध्ये एक महिलाले पिसाब चुहिएको अनुभव गर्छन्।

औसतमा पहिलोपटक लक्षण अनुभव गरेदेखि साढे ६ वर्षसम्म उपचारका लागि अस्पताल जाँदैनन्। अर्थात्, पिसाब चुहिने समस्यालाई सामान्य रूपमा लिइने गरेको अध्ययनले देखाएको छ। यो समस्या महिला र पुरुष दुवैमा देखिने भए पनि पुरुषको तुलनामा महिलामा दुई गुना बढी देखिने गरेको अध्ययनको तथ्यांकले देखाउँछ। गर्भावस्था, सुत्केरी र रजोनिवृत्तिका कारण पुरुषको तुलनामा महिलामा यो समस्या बढी देखिएको हो। यस्तै, ६० वर्षभन्दा माथिका महिलामा अर्थात् करिब २३ प्रतिशतमा पिसाब चुहिने समस्या देखिएको पाइन्छ।

के हो महिलामा पिसाब चुहिने समस्या ?



● डा. सन्देश पौडेल, स्त्री तथा प्रसूतिरोग विशेषज्ञ

पिसाब चुहिने समस्या तीन किसिमका हुन्छन्। महिलामा फिस्टुलाका कारण गम्भीर खालको पिसाब चुहिने समस्या हुन्छ। जसमा पिसाब निरन्तर चुहिरहन्छ। लामो समयसम्म सुत्केरी बेथा लाग्नु वा समयमा उपचार नपाउनु, शल्यक्रिया गर्नुपर्ने सुत्केरीको समयमा शल्यक्रिया नहुनु आदि कारणले अब्सेटिक फिस्टुला हुने गर्छ। पाठेघरको शल्यक्रियाका क्रममा पिसाबथैली च्यातिँदा पनि फिस्टुला हुन सक्छ।

यस्तै, स्ट्रेस इन्कन्टिनेन्स, हाच्छिउँ गर्दा, गह्रौं सामान उठाउँदा, हिँड्दा पनि पिसाब चुहिने हुन्छ। सुस्बातमा कम देखिए पनि उपचार नगर्दा बिस्तारै गम्भीर बन्दै जान्छ। कतिपयमा बोल्दा, हिँड्दासमेत पिसाब चुहिने हुन सक्छ।

यसबाहेक अर्ज इन्कन्टिनेन्स अर्थात् पिसाब रोक्न नसक्दा चुहिने हुन्छ। पिसाब लागिसकेपछि शौचालय नपुग्दै पिसाब झर्ने समस्या पनि हुन्छ। यो समस्याबाट महिला बढी प्रभावित भइरहेका छन्। यसको मुख्य कारण गर्भावस्था र जटिलताहरूको समयमा उपचार नहुनु हो। महिनावारी सुकिसकेपछि मांशपेसी कमजोर हुँदा वा अन्य कारणले पिसाबथैली च्यातिँदा समस्या भइरहेको हुन्छ। अस्वस्थ जीवनशैली अर्थात् मोटोपना, धूम्रपान र अल्कोहलको प्रयोग, चिया, कफीजस्ता पेय पदार्थको अत्यधिक सेवन आदि यी अवस्थामा समेत स्ट्रेस र अर्ज इन्कन्टिनेन्स भइरहेको छ।

फिस्टुलालाई रिपेयर गरेर उपचार गर्न सकिन्छ। स्ट्रेस र पिसाब रोक्न नसक्दा चुहिने समस्याको पनि सामान्य शल्यक्रिया, पेल्भिक फ्लर एक्सरसाइज (पिसाबथैली, पाठेघरवरपरको मांशपेसीलाई बलियो बनाउने एक्सरसाइज), औषधिको प्रयोगबाट उपचार गर्न सकिन्छ। साथै, स्वस्थ जीवनशैली, चिया, कफी, अल्कोहलको प्रयोगमा रोक र प्रशस्त पानी सेवनबाट पनि समस्याको निराकरण गर्न सकिन्छ। कतिपय अवस्थामा ब्लडप्रेसर वा अन्य समस्याका लागि प्रयोगमा ल्याइएका औषधिले समेत पिसाब चुहिने समस्या भइरहेको हुन सक्छ।

संक्षेप

माटोको ढिस्कोले पुरिएर युवकको मृत्यु

बाजुरा/ जगन्नाथ गाउँपालिकामा माटोको ढिस्कोले पुरिएर युवकको मृत्यु भएको छ। कालिकोटको पलाँता गाउँपालिका- २ लार्फका २० वर्षीय वीरेन्द्र सार्कीको मृत्यु भएको प्रहरीले जनाएको छ। घरको जग खन्ने क्रममा माटोको ढिस्कोले पुरिएर सार्कीको घटनास्थलमै मृत्यु भएको वडा नम्बर ६ का अध्यक्ष धनबहादुर सार्कीले जानकारी दिए। जगन्नाथ गाउँपालिका- ६ को तल्लो काप्रीमा भिनाजु दीर्घ सार्कीको घर बनाउन जग सम्याउने क्रममा माथिबाट आएको ढिस्कोले पुरिएर सार्कीको मृत्यु भएको हो। घटनाको जानकारी पाएलगत्तै जनप्रतिनिधि र प्रहरी टोली घटनास्थल पुग्दा सार्कीको पूरै शरीर माटोमा पुरिएको थियो।

अतिक्रमित जग्गा खोजी अभियानमा सुन्दरबजार नगरपालिका

लमजुङ/ सुन्दरबजार नगरपालिकाले सार्वजनिक जग्गा खोजी अभियान सञ्चालन गरेको छ। नगरपालिकाले विभिन्न वडामा रहेका सार्वजनिक जग्गामा बनेका निजी संरचना हटाउनसमेत आग्रह गरेको छ। नगरपालिकाले पहिचान भएका सार्वजनिक जग्गामा बनेका निजी संरचना हटाउन सम्बन्धित व्यक्तिलाई आग्रह गरेको हो। तोकिएको समयसीमाभित्र सम्बन्धित व्यक्तिले संरचना नहटाएमा कानुनबमोजिम कारबाही प्रक्रियामा जाने पनि नगरपालिकाले चेतावनी दिएको छ। नगरपालिकाले यसअघि आफ्नो क्षेत्राधिकारभित्र पर्ने सार्वजनिक जग्गा कुनै पक्षबाट मिचिएको वा भोगचलन हुँदै आएको भएमा पनि कुनै गुनासो वा सुझाव भए सूचना दिन नगरवासीलाई आग्रह गरेको थियो। नगरपालिकाभित्र रहेका सार्वजनिक, ऐलानी, पर्ती, गौचरन, खर्क, कुलो, राजकुलो, भिर, पाखो, वन, विद्यालय, मठमन्दिर, खोला, नदी, खोल्सोलगायत नगरपालिकाको क्षेत्राधिकारभित्र रहेका जग्गामा बनेका संरचना हटाउन आग्रह गरिएको नगरप्रमुख कृष्णप्रसाद कोइरालाले बताए। नगरपालिकाले सूचना जारी गरी नगरपालिकाभित्रको वडा नम्बर ६, ७, ८ र ९ अन्तर्गत पहिचान भएका सार्वजनिक जग्गामा बनेका निजी संरचना हटाउन सम्बन्धित सबैलाई आग्रह गरेको हो।

दुर्घटना बढेपछि बुटवलमा छाडा चौपाया व्यवस्थापन गरिँदै

बुटवल/ छाडा चौपायाले सडक दुर्घटना बढाएपछि बुटवल उपमहानगरपालिकाले सडकमा छाडिएका छाडा चौपायाको व्यवस्थापन सुरु गरेको छ। बुटवल उपमहानगरका प्रमुख खेलराज पाण्डेयको नेतृत्वमा शुक्रबार बुटवलका विभिन्न चोकबाट छाडा चौपाया शिवनगरस्थित गौशालामा लगिएको छ। पहिलो चरणमा बुटवलका वडा नम्बर ३ देखि ११ सम्मका छाडा चौपायालाई गौशालामा लगिएको र व्यवस्थापनको काम सुरु भएको प्रमुख पाण्डेयले जानकारी दिए। उनले पहिलो दिन करिब चार सय गाईगोरु गौशालामा राखिएको र दैनिक रूपमा अभियान सञ्चालन गरेर सडकबाट गाईगोरु हटाउने बताए। 'बुटवल सबैतिरको केन्द्रविन्दु भएकाले यहाँ अन्यत्रबाट धेरै गाईगोरु आउने गरेका छन्,' उनले भने, 'अहिले हामीले बुटवलभित्र रहेका गाईगोरुको व्यवस्थापन गर्छौं, त्यसपछि हाम्रा मुख्य प्रवेश नाकाहरूमा निगरानी गर्ने र सहरभित्र गाईगोरु ल्याउन रोक्ने काम गर्छौं।'

नगर प्रमुख पाण्डेयले सडकमा गाईगोरु देखिए शिवनगर गौशालामा पुऱ्याउन वा उपमहानगरपालिका र वडा कार्यालयलाई खबर गर्न आग्रह गरे। उनले सडकमा गाईगोरुको संख्या बढ्दै जाँदा दुर्घटना बढेको र असुरक्षित भएकाले अभियानकै रूपमा सञ्चालन गरेको बताए। 'अभियानमा हामीले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, विभिन्न संघसंस्था, स्वयंसेवक र बुटवलवासीको साथ पाएका छौं,' उनले भने, 'यसले बुटवललाई थप व्यवस्थित बनाउनेछ।' उपप्रमुख सावित्रादेवी अर्यालले नगरलाई थप व्यवस्थित र सुन्दर बनाउनका लागि छाडा चौपाया व्यवस्थापन थालिएको बताइन्। उनले यो अभियानमा सहभागी हुन बुटवलवासीलाई आह्वान गरिन्।

उपत्यकामा होली पर्व शान्तिपूर्ण

उच्छृंखल गतिविधिमा संलग्न रहेको आरोपमा ७६ जना पक्राउ

नयाँ पत्रिका

काठमाडौं उपत्यकामा यस वर्षको होली पर्व शान्तिपूर्ण सम्पन्न भएको छ। चुस्त सुरक्षा व्यवस्थाका कारण होली शान्तिपूर्ण ढंगले सम्पन्न भएको प्रहरीको भनाइ छ। काठमाडौं उपत्यका प्रहरी कार्यालयले होलीलक्षित सुरक्षार्थ पाँच हजार प्रहरी सडकमा उतारेको थियो। यसक्रममा नौ सयभन्दा धेरै ट्राफिक प्रहरी थिए। बाँकी काठमाडौं, ललितपुर र भक्तपुर प्रहरी परिसरमातहत सुरक्षामा खटिएका थिए। धेरै भिड हुने क्षेत्रको सुरक्षाका लागि प्रहरीले ड्रोन पनि परिचालन गरेको थियो।

यस क्रममा प्रहरीले उच्छृंखल गतिविधिमा काठमाडौंबाट ७०, भक्तपुरबाट चार र ललितपुरबाट दुईजनालाई पक्राउ गरेको छ। ओभर स्पिडमा संलग्न ६ सय ४९ मोटरसाइकल र १५ वटा कार नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

उपत्यका कार्यालयका एसपी अवदेश विष्टले यस वर्षको होली शान्तिपूर्ण समापन भएको बताए। 'यस वर्षको होली शान्तिपूर्ण ढंगले सम्पन्न भएको छ। झैझगडा तथा कुटपिटका घटना कतै भएनन्। सवारीसाधन दुर्घटना पनि भएनन्। प्रहरीले सुरक्षा व्यवस्था मजबुत तुल्याएको थियो। त्यसो हुँदा कुनै दुर्घटना भएनन्। यस क्रममा केही व्यक्ति भने पक्राउ परेका छन्,' उनले भने।

होली पर्वलक्षित सुरक्षाका लागि प्रहरीले उपत्यका प्रवेश गर्ने नाकाहरू र अन्य ९० स्थानमा बिहान ७ बजेदेखि नै चेकजाँचको व्यवस्था मिलाएको थियो। त्यस्तै, ३० वटा मोबाइल भ्यान परिचालन गरी आवश्यकताबमोजिम मोबाइल गस्ती तथा चेक प्वाइन्ट राखी सुरक्षा व्यवस्था चुस्त तुल्याइएको थियो। दुर्घटनारहित होली पर्व मनाउन र उच्छृंखल गतिविधि नियन्त्रण गर्न सुरक्षा योजनाबमोजिम मुख्य सडक, चोक-गल्लीमा समेत प्रहरी बाक्लो परिचालन गरिएको थियो।

अनावश्यक हर्न बजाउने, होहल्ला गरी सवारी चलाउने, मोडिफाई गरी ठूलो आवाज निकाल्ने, तीनजना चढ्ने, हेल्मेट नलगाउने, तीव्र गति र जिकज्याक गरी मोटरसाइकल कुदाउनेउपर विशेष निगरानी गरिएको प्रहरीको भनाइ छ। अन्य ट्राफिक नियम उल्लंघन गर्नेलाई समेत कारबाही गरिएको छ।

विशेष गरी मादक पदार्थ र लागुपदार्थ सेवन गरी सवारी चलाउने चालकलाई कडाइका साथ चेकजाँचको व्यवस्था मिलाएको र अनुमतिविपरीत रङ दल्ने, लोला हान्ने, अनावश्यक होहल्ला गर्ने, झैझगडा गर्नेलगायत गतिविधि गर्नेलाई समेत कारबाहीको दायरामा ल्याउन संयुक्त चेक प्वाइन्ट राखिएको उपत्यका ट्राफिक कार्यालयले जानकारी दिएको छ।

■ वसन्तपुरमा होलीको उल्लास



फागु पर्वका अवसरमा आइतबार काठमाडौंको वसन्तपुर क्षेत्रमा होली खेल्न भेला भएका सर्वसाधारण। **तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका**

जनकपुरमा १५ दिने मध्यपरिक्रमा आज सकिँदै

जनकपुरधाम/ १५ दिने धार्मिक यात्रा मध्यपरिक्रमा सोमबार जनकपुरधामको अन्तरगृह परिक्रमापछि सम्पन्न हुँदै छ। भारतको बिसौलबाट परिक्रमावासी जनकपुरधाम आउने क्रम जारी छ। सोमबार बिहानैदेखि परिक्रमावासीले अन्तरगृह परिक्रमा गर्नेछन्। अन्तरगृह परिक्रमा सम्पन्न भएपछि त्यसको भोलिपल्ट जनकपुरधामसहित यस क्षेत्रमा होली पर्व मनाइने चलन छ।

फागुन औंसीदेखि धनुषा मिथिला बिहारी नगरपालिकको ठेरा कचुरीस्थित मिथिला बिहारी मठबाट रामजानकीको डोला र जनकपुरधामको अग्निकुण्डलगायत मठबाट ल्याएका जानकीजीका डोलाहरूलाई समावेश गरी परिक्रमाको यात्रा सुरु गरिएको थियो। नेपाल र भारतका धार्मिक ऐतिहासिक ठाउँ समेट्ने परिक्रमाअन्तर्गत नेपालतर्फ ९० किलोमिटर र छिमेकी मुलुक भारततर्फ ३० किलोमिटर गरी १२० किलोमिटर भूभागको पैदलयात्रा गरी परिक्रमावासी जनकपुरधाम पुगेका हुन्।

मिथिला महात्मामा वर्णन गरिएको मध्यपरिक्रमको सुरुवात १८औं शताब्दीभन्दा केही अगाडि भएको वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलले बताए। परिक्रममाअन्तर्गत क्रमशः जनकपुरको हनुमाननगर, बिहारको कलनास्थित कल्यानेश्वर, भारतकै फुलहरस्थित गिरिजास्थान, महोत्तरीको मठिहानी, जलेश्वर, मडैई, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, सतोखर, औरही, करुण (भारत), बिसौल (भारत) र यात्राको अन्तिम दिन अर्थात् १५औं दिन जनकपुरको अन्तरगृह परिक्रमा गरी मध्यपरिक्रमा गरिन्छ। मिथिलाञ्चल क्षेत्रमा पर्ने भूमि संसारका सर्वश्रेष्ठ भूस्थल रहेको हिन्दु धर्मग्रन्थमा उल्लेख छ।

ललितपुरको ज्येष्ठ वर्ण महाविहार तयार

ललितपुर/ ललितपुरस्थित ज्येष्ठ वर्ण महाविहारको नयाँ भवन पुनर्निर्माण सम्पन्न भएको छ। आठ वर्षअघि गएको विनाशकारी भूकम्पबाट जीर्ण बनेको महाविहार भारत सरकारले उपलब्ध गराएको अनुदान सहयोगअन्तर्गत बनेको हो।

सहरी विकासमन्त्री धनबहादुर बुढा र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शुक्रबार महाविहार भवनको संयुक्त रूपमा उद्घाटन गरेका हुन्। नेपालको सांस्कृतिक सम्पदा क्षेत्रका लागि भारतले दिएको पुनर्निर्माण अनुदान सहयोगमा भवन निर्माण भएको भारतीय राजदूतावासले जनाएको छ। उद्घाटन समारोहमा ललितपुर विकास समाजका अध्यक्ष बुद्धिराज बज्राचार्य, स्थानीय समुदायका प्रतिनिधि, परियोजना व्यवस्थापन परामर्शदातालगायत थिए। 'भारतले उपलब्ध गराएको अनुदानअन्तर्गत यो परियोजना पूरा भएको हो,' नेपालस्थित भारतीय दूतावासले भनेको छ। ०७२ सालको विनाशकारी भूकम्पले ज्येष्ठवर्ण महाविहारमा क्षति पुगेको थियो। पुनर्निर्माणका लागि भारत सरकारले १३ करोड ७८ लाख रुपैयाँ अनुदान दिएको थियो। सहरी विकास तथा भवन निर्माण विभागको केन्द्रीय आयोजना कार्यान्वयन इकाइले यो परियोजनाको कार्यान्वयन गरेको हो।

पुख्यौंली पेसा संकटमा परेपछि विकल्प खोज्दै माझी समुदाय

रामेछापमा दीपक भट्ट

सदियौंदेखि रामेछापको कोशी किनारमा बसोवास गर्दै आएको माझी समुदायको पेसा लोप हुन थालेपछि युवापुस्ता वैकल्पिक पेसाको खोजीमा जुट्न थालेको छ। कोशीमा डुंगा तार्ने, माछा मार्ने र घरमा पारेको स्थानीय मदिरा चौतारोमा लगेर बिक्री गर्ने पेसा अहिले लोप हुन लागेपछि युवापुस्ता वैकल्पिक पेसातर्फ उन्मुख भएको हो।

परम्परादेखि गर्दै आएको पेसा लोप हुनुको मुख्य कारण सडक निर्माण भएसँगै कोशी नदी र विभिन्न खोलामा मोटरेबल पुल निर्माण हुनु हो। पछिल्लो समय करेन्ट लगाएर अन्य समुदायका मानिसले माछा मार्न थालेपछि उनीहरू आफ्नो पेसाबाट विस्थापित हुन पुगेको मन्थली नगरपालिका-१ की मञ्जु माझीले जानकारी दिइन्। 'पुर्खादेखि गर्दै आएको पेसा अब एकादेशको कथाजस्तो बन्ने भयो। माझी समुदायको मुख्य पेसा भनेको माछा मार्ने, डुंगा तार्ने थियो। अहिले कोशीमा माछा पाउन छाडेको छ। कोशीको ठाउँठाउँमा पक्की र झोलुङे पुल बनेका छन्। त्यसैले पहिला गर्दै आएको पेसा अब नहुने भएपछि सबैले नयाँ पेसाको खोजी गरेर काम सुरु गर्न लागेका हुन्,' उनले भनिन्।

पछिल्लो समय जलवायु परिवर्तनसँगै एकातिर हिमालमा हिउँ पर्न छाडेको छ भने अर्कोतर्फ पानी कम पर्दा पानीको सतह कम हुन थालेपछि कोशीमा माछा कम हुँदै गएको छ। कोशी



किनारमा जताजतै इनार खन्नु, कोशीमा ठुल्ठूला डोजर लगाएर बालुवा निकाल्ने, कोशीको धार परिवर्तन गर्ने गर्दा पानी धमिलो भएका कारण माछा कम हुँदै गएको र जालमा समेत माछा पर्न छाडेपछि माझी समुदाय अन्य पेसातर्फ लागेको स्थानीय शुक्रे माझी बताउँछन्।

माझी समुदाय खासगरी रामेछापको तामाकोशी, सुनकोशी, लिखु नदीको किनारमा बसोवास गर्दै आएका छन्। पहिला सडक निर्माण नहुँदा मानिसहरू गोरेटो बाटो पैदल हिँड्ने गर्दथे। पैदल हिँड्ने मानिसले पार्टी-चौतारामा बिक्री गर्न राखिएको स्थानीय मदिरा किनेर खाने गर्दथे। तर, अहिले सडक निर्माण भएसँगै गोरेटो बाटो हिँड्ने मान्छे यातायातका साधनमा हिँड्न थालेपछि माझी समुदायले बनाएको स्थानीय मदिरा बिक्री हुन छाडेको छ। अहिले माझी समुदायका युवापुस्ता आफ्नो परम्परागत पेसा छाडेर गाईपालन, तरकारी खेती, होटेल तथा पसल सञ्चालन, वैदेशिक रोजगारी, नेपाली सेना, प्रहरी र सरकारी कार्यालयमा काम गर्न थालेको नेपाल माझी उत्थान संघ रामेछापका अध्यक्ष इन्द्रबहादुर माझीले जानकारी दिए। 'अब परम्परादेखि गर्दै आएको पेसा जोगाउन गाह्रो भयो। माझीको पेसा जोगाउन सरकारले कोशीमा करेन्ट लगाएर माछा मार्ने व्यक्तिलाई हदैसम्मको कानुनी कारबाही गरेर रोक लगाउन सके माझी समुदाय उक्त पेसातर्फ लाग्थे। अहिले करेन्ट लगाएर माछा सबै मारिदिएपछि कोशीमा हुने विभिन्न प्रजातिको जीवजन्तुसमेत नष्ट भएका छन्। माझीले कोशीमा पुल नहुँदा डुंगा तारेर भए पनि आफ्नो जीविका चलाउँदै आएका थिए। तर, अहिले ठाउँठाउँमा पुल बनेको छ। यसले पनि माझी समुदायको पेसा संकटमा परेको हो,' उनले भने।

सुधार सम्भव छ

शिक्षा क्षेत्रमा सुधार नगरी देशमा दिगो सुधार सम्भव छैन । त्यसैले, अबको सुधार शैक्षिक गुणस्तरबाटै सुरु गर्नुपर्छ ।



● गोकर्ण अवस्थी

अग्रलेख

रुस-युक्रेन युद्धमा ज्यान गुमाउने नेपालीको संख्या हालसम्म ३२ पुगेको औपचारिक तथ्यांक छ । अझै कति युवा युद्धभूमिमा छन्, यकिन छैन । मरे केही पैसा आउला, बाँचे रुसको नागरिकता पक्का पाइने प्रचारमा युवा युद्धमा होमिएका खबर छन् । यहाँ भन्नैपर्छ, रुस आप्रवासीका लागि बस्नयोग्य देश होइन ।

मस्को टाइम्समा दुई वर्षअघि प्रकाशित एक अध्ययनसम्बन्धी समाचारअनुसार अध्ययनमा समावेश भएका ५९ विकसित र विकासोन्मुख देशमध्ये विदेशी बस्नलायकको सूचीमा रुस ५६औँ स्थानमा थियो । अर्थात् पछाडिबाट तेस्रो । त्यहाँ रोजगारीका अवसर न्यून छन्, भेदभाव चर्को छ र धेरैजसो स्थानको मौसम निकै प्रतिकूल रहन्छ । तैपनि नेपालभन्दा बढी अवसर देखेर ज्यानको बाजी लगाएर युवा त्यहाँ पुग्नु भनेको हामी सबैका लागि निकै सोचनीय र गम्भीर विषय हो ।

यो चरम निराशा हो । जुन हामीले धेरै वर्ष लगाएर जानी नजानी सिर्जना गरेका हौं । तर, के अब जहिल्यै यस्तै हो त ? के हामी यसैगरी पलायन हुँदै जानेछौं त ? के देश असफल मुलुकतर्फ उन्मुख भएकै हो त ? यसको दुइटै पाटो छ । अहिल्यैदेखि सुधार थालेनौं भने हामी थप निराशा र फेरि द्वन्द्वमा फस्न सक्ने खतरा छ । अर्को मार्ग भनेको बंगलादेश, कम्बोडिया, इथियोपिया रुवान्डाजस्तो आर्थिक सुधारको काम थालेर सम्पन्नतातर्फ उन्मुख हुने । विकासको यो बाटो सजिलो छैन, तर असम्भव पनि छैन । कसै न कसैले यसको नेतृत्व लिनुपर्छ ।

अल्प र मध्यकालीन आर्थिक सुधार : मूलतः सरकार र अन्य नियामक निकायको नीतिका कारण अर्थतन्त्रमा साना व्यवसायीबाट सुरु भएको समस्या बैंक तथा वित्तीय संस्थामा पुगिसकेको छ । बैंक तथा वित्तीय संस्थापछि यसको असर सरकारमा पर्नेछ । अर्थात् सरकारलाई आफ्नो खर्च चलाउन समस्या हुँदै जानेछ । त्यसैले यसको सुधार पनि समस्या जहाँबाट सुरु भएको थियो, त्यहींबाट गर्नुपर्छ । अहिले बजारमा माग न्यून छ । माग न्यून हुनुका मुख्य चार कारण छन् । पहिलो धेरै बजारमा माग सिर्जना गर्ने युवा समूह देशबाहिर छ । बालबच्चा घरमा नभएपछि बा-आमाले पनि साधारणतया माग बढाउँदैनन् । दोस्रो, अर्थतन्त्र सुधारको सुनिश्चितता देखिँदैन । त्यसैले आफूसँग कहीं कुनै बचत छ भने त्यसलाई खर्च गर्न सर्वसाधारणले चाहिरहेका छैनन् । चर्को मूल्यवृद्धिका कारण दैनिक उपभोग्य सामानकै जोहो गर्न धेरैलाई कठिन छ । यहाँनेर बुझ्नुपर्ने के छ भने, यस वर्ष बजार भाउको वृद्धिदर घटे पनि दुइ वर्ष लगातार ८ प्रतिशत हाराहारी बढेर अहिले पाँचमा झरेको हो । धेरै कामकाजी मानिस नै पनि अनिश्चितताका कारण बिदेसिने सोच बनाइरहेका छन् ।

तेस्रो, लगानीकर्ताले पनि प्रतिफलको सुनिश्चितता गर्न सकेका छैनन् । त्यसैले, बैंकमा मूलतः रेमिट्यान्सको रकम थुप्रिँदै छ । सोहीअनुसार लगानी हुन सकेको छैन । र चौथो, सहकारी र लघुवित्तहरूमा देखिएको समस्याका कारण साना व्यवसायी चलायमान हुन सकेका छैनन् । उदाहरणका लागि किराना पसल गर्ने व्यक्तिले उधारो गएको रकमबराबर केही समय भए पनि थोरै रकम सहकारीबाट लिएर गर्जो टार्ने गरेका थिए । त्यो रोकिएको छ र सबैतिर माग घटेको छ ।

त्यसैले, माग बढाउन चौथो समस्याबाट सम्बोधन गर्नुपर्छ । अब सहकारी वा लघुवित्त पहिलेको अवस्थामा चल्न सक्दैनन् र चल्न दिनु पनि हुँदैन । सँगसँग सर्वसाधारणको बचत डुब्न नदिने उपायको खोजी गर्नुपर्छ । तर, सरकारले पैसा दिने भन्ने विषय सम्भव देखिँदैन र न्यायको सिद्धान्तका आधारमा पनि यो उचित हुँदैन । यो छुट्टै बहसको विषय हो । तर, साना व्यवसायीको हातमा रकम पुग्न बैंक तथा वित्तीय संस्थाकै नयाँ योजना वा राष्ट्र बैंकको नियमनमा रहने गरी अन्य उपाय आवश्यक हुन्छ । निजी क्षेत्रको मनोबल बढाई लगानीलाई अभिप्रेरित गर्नु आवश्यक छ । जोखिम पनि लिनु छ मानमर्दन पनि हुन्छ भने व्यवसायीले किन लगानी गर्छ । यो मूलतः कर्मचारी, अर्थविद् र राजनीतिक नेतृत्वले बुझ्नुपर्ने विषय हो । माग बढ्दै गयो र बजारमा गतिविधि बढ्यो भने सर्वसाधारणको विश्वास पनि बढ्दै जान्छ । युवाहरू बिदेसिनबाट रोक्ने विषय सोचेजस्तो सजिलो छैन । यो मुलुकको सामाजिक आर्थिक र राजनीतिक समस्यासँग जोडिएको छ । यसलाई रोक्ने एउटै उपाय पर्याप्त रोजगारी र उच्च ज्याला पाउने गरी अर्थतन्त्र विस्तार हुनु हो । उदाहरणका लागि अहिले भारतमा कतिपय क्षेत्रमा मध्यपूर्वभन्दा बढी ज्याला पुगेको छ र बिस्तारै मानिसले खाडी मुलुकको विकल्पमा आफ्नै देशका ठूला सहर रोज्न थालेका छन् ।

त्यसका लागि अल्प र मध्यकालीन सुधार वा नयाँ पुस्ता (नेक्स्ट जेनरेसन)को सुधार कार्ययोजना आवश्यक छ । अहिले सुधारको उपयुक्त समय पनि हो । सुधारका लागि प्रधानमन्त्रीले नेतृत्व गर्ने गरी सबै निकायसम्बद्ध सुधार संयन्त्र आवश्यक छ । नत्र त बैंकमा पुगिसकेको समस्या अब सरकारमै सर्ने हो । के कर्मचारी तलब र ज्यालाविना वा ढिलो गरी पाउँदा काम गर्न तयार होलान् ? पेन्सन भुक्तान गर्न नसक्दा सरकारको प्रतिष्ठा के होला ?



> अहिले सुधारका लागि समय अत्यन्त उपयुक्त छ । अल्प र मध्यकालीन सुधार कार्ययोजनाका लागि प्रधानमन्त्रीले नेतृत्व गर्ने गरी सबै निकायसम्बद्ध सुधार संयन्त्र तयार गर्नु आवश्यक छ । यति गर्न नसके बैंक तथा वित्तीय संस्थामा पुगिसकेको समस्या अब सरकारमै सर्छ ।

लगानी, निर्यात र पर्यटन : विदेशी लगानी, निर्यात र पर्यटन एक-अर्कासँग जोडिएका विषय हुन् । आर्थिक वर्ष ०७९ मा वैदेशिक लगानी ६५ प्रतिशतले घट्यो । त्यही घटेकाले यस वर्ष वृद्धि देखिएको छ र त्यसलाई सुधार भएको दाबी सरकारी निकायको छ । तर, कुल गार्हस्थ्य उत्पादनसँग भने वैदेशिक लगानीको हिस्सा ०.२ प्रतिशत मात्रै छ । कम्बोडिया, रुवान्डा, इथियोपियाजस्ता मुलकमा ३ प्रतिशतभन्दा माथि छ । मुख्यतया, प्रशासनिक झमेलाकै कारण विदेशी लगानी आइरहेको छैन । पर्यटन पूर्वाधारमा बढ्ने विदेशी लगानीले पर्यटक बढाउन सहयोग पुग्छ । तर, विदेशी नेपाल भित्रिने विमानस्थलमा मात्रै भिसा र अध्यागमनका लागि तीन ठाउँमा लाम बस्नुपर्छ ।

विद्यालयसँगै विश्वविद्यालय शिक्षा सुधार : सार्वजनिक विद्यालय शिक्षा तहसनहस भएको धेरै भइसक्यो । अब विश्वविद्यालयतिर पनि यो रोग सरेको छ । शिक्षा क्षेत्रमा कुल गार्हस्थ्य उत्पादनको साढे ३ दखि ४ प्रतिशत बजेट जाने गरेको छ । यो बंगलादेशभन्दा बढी हो भने भारतभन्दा थोरै कम हो । बजेट बढाउन सकिन्थ्यो, तर पनि बजेट वितरणका हिसाबले मात्र यो निराशाजनक अवस्था होइन । निराशा त त्यहाँ छ जहाँ यो बजेट समग्रमा भन्दा खेर गइरहेको छ । शिक्षाको पहुँच पुगे पनि गुणस्तर न्यून छ र विद्यालय छोड्ने दर निक्कै उच्च छ । अहिले विश्वविद्यालय शिक्षा पनि त्यही बाटोमा छ । धेरै विद्यार्थी बिदेसिएका छन् । यहाँ रहनेले सजिलै सर्टिफिकेट पाउने उपायको खोजी बढेको छ । र कलेजले त्यो बाटो यो वा त्यो नाउँमा खोलिरहेका छन् । त्रिभुवन विश्वविद्यालयको त यहाँ धेरै चर्चा गर्नैपरेन । शिक्षामा सुधार नगरी दिगो सुधार सम्भव छैन । अबको सुधार गुणस्तरमै गर्ने हो ।

सार्वजनिक सेवामा सुधार : हामीकहाँ सार्वजनिक सेवा लिनु निक्कै कठिन छ । सरकारी कर्मचारी होऊन् वा जननिर्वाचित प्रतिनिधि, जनताले सेवा पाउन तिनैसँग हारगुहार गर्नुपर्छ । त्यसले प्रजातन्त्रलाई नै कमजोर बनाइरहेको छ । आफ्नो अधिकारले दिएको पासपोर्ट, लाइसेन्स, घरजग्गा खरिद-बिक्री वा अन्य कुनै सुविधा लिन यहाँ जुन सास्ती भोग्नुपरिरहेको छ, त्यो निराशाको बलियो कारण हो । कर बुझाउन जाँदा त गाली खानुपर्छ भने कसरी बन्छ देश ? भन्ने युवाको गुनासो छ । यी र यस्तै सरकारी काममा हप्कीदप्की खाइरहनुपर्छ भने खै कहाँ आयो प्रजातन्त्र ? यहाँ कुनै न कुनै रूपमा सामन्तवाद कायमै छ । अनि युवा कसरी हुन् त उत्साहित ? बिदेसिनुको एउटा कारण यो पनि हो ।

सार्वजनिक सेवा-सुधारका दुई उपाय छन् । पहिलो, सेवा दिने र लिनेबीच धेरै चरणमा भेट गर्नु नपर्ने गरी डिजिटल सेवा विस्तार गर्ने र दोस्रो, सार्वजनिक सेवा दिन कर्मचारीलाई निरन्तर अभिमुखीकरण तालिम र दण्ड जरिवानासहित निगरानी बढाउने । यसको दिगो समाधानचाहिँ प्रविधिको उच्चतम प्रयोग नै हो ।

काम नगरी ज्याला, लगानी नगरी नाफा : हामीकहाँ काम नगरी वा न्यून काम गरेर धेरै ज्याला लिने प्रवृत्ति रोगकै रूपमा विकसित भएको छ । यो सरकारीमा पनि छ र निजी वा अन्य क्षेत्रमा पनि छ । काम गर्नुपर्‍यो भने अतिरिक्त रकम माग गर्नु सामान्यजस्तै छ । यसलाई घुस भन्न सकिन्छ र यो सेवा दिनुपर्ने जुनसुकै निकाय निजी क्षेत्र, सार्वजनिक संस्थातिर पनि राम्रै गरी जरा गाडेर बसेको समस्या हो । लगानी नगरी प्रतिफल खोज्नु अर्को भ्रष्टाचार हो । लगानी पुँजी, बौद्धिकता वा अन्य सेवामार्फत हुन सक्छ । तर, यी कुनै लगानी नगरी, गर्न नहुने काम गरेर वा त्यस्तो काम मिलाएर रकम लिने प्रवृत्ति निरन्तर बढिरहेको छ । यसको रोकथाम पनि प्रविधिको प्रयोग र प्रशासनिक कडाइ नै हो, जुन सजिलो छैन, तर असम्भव पनि छैन ।

सम्मानित निजी क्षेत्र : नाफा आर्जन गर्नु निजी क्षेत्रको मुख्य धर्म हो । जसरी कर्मचारीले काम गरेपछि ज्याला पाउनैपर्छ, त्यसैगरी निजी क्षेत्रले लगानी गरेपछि नाफा कमाउनैपर्छ । नत्र त देशमै असर पर्छ । निजी क्षेत्रले काम गर्न सकेका वेला राजस्वको हिस्सा कुल गार्हस्थ्य उत्पादनको २४ प्रतिशतसम्म पुगेको थियो । दुई वर्षयता नाफा कम हुँदै गएपछि १७ प्रतिशत हाराहारीमा झरेको छ । कहींकतै समस्या छ भने निजी क्षेत्र पनि दण्डित हुनुपर्छ, तर निर्वाध काम गर्न पाउने र काम गरिरहेको अवस्थामा अनावश्यक दुःख दिने काम कुनै पनि निकायबाट हुनुहुँदैन ।

साना उद्यमीले पाँचदेखि सात ठाउँमा दर्ता गर्नुपर्छ । कम्तीमा दुई फरक कर बुझाउनुपर्छ । एक ठाउँमा दर्ता र थोरै करले विश्वास जगाउँछ ।

पुँजी निर्माण निजी क्षेत्रले मात्रै गर्न सक्छ । सरकारले पुँजी निर्माण गर्ने निजी क्षेत्रलाई सहयोग गर्ने हो । किनभने निजी क्षेत्रले रोजगारी र सरकारको खर्च धानेको हुन्छ । नेपालको हकमा अर्थतन्त्रमा निजी क्षेत्रको हिस्सा ८१ प्रतिशत छ । हामी समयमै सचेत भएनौं भने जसरी पहाड खाली हुँदै गएका छन् त्यसैगरी देश पनि बौद्धिक, श्रमजीवी र लगानीकर्ताविहीन मुलुकमा परिणत हुनेछ । जहाँ सीमित स्रोतको लुछाचुँडीमा हाम्रो भावी पुस्ताको जीविका अहिलेभन्दा खराब नहोला भन्न सकिँदैन ।

(अवस्थी नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक हुन्)

---

३ प्रश्न



नेपाल सरकारका पूर्वसचिव **गोपीनाथ मैनाली**लाई

सरकारले ठूला करदाताबाट अर्बौंको बक्यौता उठाउन किन सक्दैन ?

सरकारले कर परीक्षण राम्ररी गर्न सकेन । यो कर प्रशासकको व्यावसायिकतामा पनि भर पर्छ । ठूला करदाता र कर प्रशासकको 'नेक्सस' पनि हुन्छ । कर तिर्न ढिलाइ गर्दा पछि मिनाहा या छुट हुन सक्छ, पुनरावेदन गर्न सकिन्छ भन्ने मानसिकताले पनि काम गरेको हुन्छ । कर उठाउने कार्य कर प्रशासकको व्यावसायिक सदाचारितामा पनि निर्भर हुन्छ । कतिपय अवस्थामा करदातालाई राजनीतिक संरक्षण हुन्छ र कतिपय करदाता स्वयं राजनीतिज्ञ हुन्छन् । हामीकहाँ कर तिर्दा गर्वको महसुस हुँदैन । कर तिर्नु राष्ट्रिय गौरवको विषय हुँदैन । यसले गर्दा पनि मानिसले सकेसम्म कर तिर्न आलटाल गर्छन् ।

यसले समग्र राजस्व संकलनमा कस्तो प्रभाव पार्ला ?

यसले असाध्यै धेरै नकारात्मक प्रभाव पार्छ । अहिले राजस्व संकलनमा आएको गिरावटले यो देखिइरहेको पनि छ । यसले आर्थिक क्रियाकलाप विस्तारमा नकारात्मक प्रभाव पार्छ । आर्थिक क्रियाकलाप विस्तार हुन नसक्दा रोजगारीको सम्भावना न्यून हुन्छ । यसले गर्दा युवा पलायन बढ्छ । युवा पलायन बढ्दा बजारमा माग सिर्जना हुँदैन । माग सिर्जना नहुँदा उत्पादन हुँदैन । जसको असर राजस्व संकलनमै पर्छ । यसले निराशा बढाउँछ ।

यस्तो समस्याको समाधान कसरी गर्न सकिएला त ?

यसका लागि सबैभन्दा पहिले सरकारको विश्वसनीयता बढाउनुपर्छ । आफूले तिरेको कर सदुपयोग हुन्छ भन्ने विश्वास करदाताम दिलाउनुपर्छ । राजस्व परिचालन न्यायिक हुनुपर्छ । कर प्रशासनलाई कठोर, अनुशासित र व्यावसायिक बनाउनुपर्छ ।

प्रेरक प्रसंग

निभेको मैनबत्ती

एक पिता आफ्नी चार वर्षकी छोरी मुनालाई असाध्यै माया गर्थे । कार्यालयबाट फर्किंदा उनी मुनाका लागि अनेक प्रकारका खेलौना र मीठामीठा खानेकुरा ल्याउने गर्थे । मुना पनि आफ्नो तोतेबोलीमा बाबा-बाबा गर्दै पिताकै वरिपरि घुमिरहन्थिन् ।

एक दिन अचानक मुनालाई कडा ज्वरो आयो । उनलाई हतारहतार चिकित्सककहाँ लगियो । तर, चिकित्सकहाँ पुग्नुअगावै मुनाको मृत्यु भयो । यस घटनाले सिंगो परिवार शोकमा डुब्यो । पिताको अवस्था त मृत व्यक्तिसमान नै भयो । मुनाको मृत्युपछि उनी कसैसँग बोल्दैनथे । खान पनि मन गर्दैनथे । जतिखेर पनि छोरीलाई सम्झेर रोइरहन्थे । उनले कार्यालय जान पनि छाडिदिए । उनले घरबाट बाहिर निस्कनै बन्द गरे । आफन्त र छरछिमेकीले उनलाई सम्झाउन निकै जोडबल लगाएर । तर, उनी जतिखेर पनि मुना, मुना भनेर रोइ मात्र रहन्थे । एक रात मुनालाई सम्झेर आँसु बगाउँदा-बगाउँदै उनी भुसुक्क निदाए । निद्रामा उनले एउटा सपना देखे । सपनामा उनले स्वर्गमा सयौं बालिका परी बनेर घुमिरहेका देखे । सबैले सफा सेतो पहिरन लगाएका थिए । सबैका हातमा बलेको मैनबत्ती थियो ।

उनले मुनालाई पनि त्यही भिडमा देखे । उनले छोरीलाई सम्बोधन गर्दै भने- प्यारी छोरी मुना, सबै परीको हातको मैनबत्ती बलिरहेको छ । तर, तिम्रो त निभेको छ नि ! तिमी यसलाई किन पुनः सल्काउँदिनौ ? पितातिर हेर्दै मुनाले भनिन्- बाबा, म पटक-पटक यसलाई सल्काउँदा-सल्काउँदै दिक्क भइसकें ।

म जब-जब मैनबत्ती सल्काउँछु, तब-तब तपाईं यति धेरै रुनुहुन्छ कि तपाईंको आँसुले यो मैनबत्ती निभिहाल्छ । अब तपाईं नै भन्नुहोस् त म के गरुँ बाबा ? यो संवाद चल्दाचल्दै उनको निद्रा खुल्यो । सपनाको दृश्य सम्झिँदा उनलाई आफ्नो गल्तीको महसुस भयो । उनले आफू दुःखी हुन्जेल छोरी पनि खुसी हुन सक्दिनन् भन्ने बुझे । अनि, उनी पुनः सामान्य जीवन जिउन थाले ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेस नेतृत्वको ध्यान जाओस्

कांग्रेस नेतृत्वलाई गृहमन्त्री रवि लामिछानेको ठाडो चुनौती अर्थपूर्ण छ । संसद्मा कांग्रेस महामन्त्री गगन थापाको लामिछानेमाथिको आरोपयुक्त गर्जन औचित्यपूर्ण हो भने उनले लामिछानेको चुनौती स्विकार्नैपर्छ । यति निर्भीकतापूर्वक प्रत्यक्ष प्रसारणसहित बहस गर्ने साहस नै सहकारी ठगी प्रकरणमा म दोषी छैन भन्ने कुराको प्रमाण हो भन्दा हुन्छ । अन्यथा, राजीनामाको माग गर्दै संसद्मा बखेडा निकाल्नुको अर्थ हुन्न । मुलुकमा उठेका गम्भीर विवादित विषयको निराकरण खुला बहसबाट हुने लोकतान्त्रिक संस्कारको विकास गर्ने योभन्दा राम्रो अवसर कुन आउला ? यस विषयमा कांग्रेस नेतृत्वको ध्यान जानैपर्छ ।

● **महेशप्रसाद ढुंगाना**, नयाँबानेश्वर, काठमाडौं
maheshdhungana810@gmail.com

सभ्य हुँदै गएको फागु पर्व

पछिल्ला वर्षहरूमा हाम्रो फागु पर्व सभ्य र मर्यादित हुँदै गएको देखिन्छ । पहिले-पहिले फागु पर्व आउनुभन्दा कैयौं दिनअघिदेखि नै जथाभावी लोला हान्ने विकृति व्यापक देखिन्थ्यो । तर, पछिल्ला वर्षहरूमा पहिल्यैदेखि लोला हान्ने, पानी छ्याप्नेजस्ता क्रियाकलाप लगभग रोकिएका छन् । फागु पर्वकै दिनमा पनि आ-आफ्नो समूहमा मिलेर फागु खेल्ने, अपरिचितलाई रङ नदल्नेजस्ता क्रियाकलापले फागु पर्व सभ्य हुँदै गएको आभास हुन्छ ।

● **हर्ष राई**
सानोभन्याङ, काठमाडौं

बक्यौता उठाउन केले रोक्यो ?

१० वटा क्यासिनोले सरकारलाई तिर्न बाँकी तीन अर्ब ८५ करोड बक्यौता अझै नउठेको समाचार पढियो । सरकारबाट अनुमति लिएर खुलेका यस्ता क्यासिनोले वर्षमै अर्बौंको कारोबार गर्छन् । त्यसबाट क्यासिनो सञ्चालकहरू मालामाल हुन्छन् । तर, तिनले सरकारलाई तिर्नुपर्ने राजस्व भने तिर्दैतिर्दैनन् । तैपनि, सरकारले तिनीहरूबाट बक्यौता कर उठाउन किन सकिरहेको छैन । के सरकार क्यासिनो सञ्चालकहरूसित डराउँछ हो ? नत्र बक्यौता किन उठेन ?

● **सुविज्ञ प्रधान**
ताहाचल, काठमाडौं

गृहमन्त्रीको कार्यशैलीको परीक्षण

लामो समयसम्म सरकारको प्रतिष्ठाको विषय बनेको माओवादी नेता कृष्णबहादुर महारासँग जोडिएको इलेक्ट्रिक चुरोट 'भेप' काण्ड अन्ततः हात्ती आयो हात्ती आयो फुस्सा साबित भएको छ । महरा पक्राउ परेर छुट्टेसँगै गृहमन्त्री रवि लामिछानेको गर्जन र कार्यशैलीको पनि परीक्षण भएको छ । यसबाट के प्रस्ट भएको छ भने नेपालमा राजनीतिक संरक्षण रहँदासम्म कुनै पनि व्यक्तिलाई कानुनले नियन्त्रण गर्न सक्दैन । यता महरा पक्राउ परेसँगै यस्तै विभिन्न विवादमा मुछिएका व्यक्तिका मनमा भूकम्प जान थालेको थियो । कोही देशै छोडेर भागेको भन्नेसम्म सुनिएको थियो । आफूले सोचेअनुरूप काम गर्न नपाएकाले सत्तागठबन्धन नै परिवर्तन गरेको बताउने प्रधानमन्त्री प्रचण्डले नयाँ गठबन्धनबाट नयाँ सरकार बनाएपछिको पहिलो कदम थियो महरा पक्राउ । यस पक्राउ प्रकरणसँगै अब केही होला कि भन्ने आस आमनागरिकमा पलाएको थियो । महरालाई पक्राउ गरेर सरकारले जुन तरिकाले सुनपानी छर्केर चोख्याउने नीतिको अवलम्बन गऱ्यो, यसले सबैभन्दा ठूला भरोसाका केन्द्र बनेका गृहमन्त्री रवि लामिछानेमाथिको जनताको विश्वास सीधै शून्यमा झरेको छ । यता महराजस्तै अन्य प्रकरणमा मुछिएकाहरूले समेत राहतको सास फेरेका छन् । किनकि, गृहमन्त्री लामिछाने पनि उही ड्याडका मुला रहेछन् भन्ने तथ्य यस प्रकरणले छर्लंग पारेको छ । पक्राउ परेकै दिन भारततिर भाग्न लागेका भनिएका महरा पक्राउ पर्नासाथ बिरामी भएर अस्पताल नै भर्ना गर्नुपर्ने अवस्था आएको देखिनु कसैका लागि पनि विश्वास गर्न सकिने अवस्था होइन । आगामी दिनमा पनि यस्ता काण्डहरू हात्ती आयो, हात्ती आयो फुस्सा नहोस् ।

● **सुजन देवकोटा**, पालुङटार- ४, गोरखा
sddevkota778@gmail.com

चीनले हरित ऊर्जामा मारेको फड्को

चीन, अमेरिका र युरोपियन युनियनले हरित उत्पादनको निष्पक्ष र स्वतन्त्र व्यापारमा सहमत हुन आवश्यक छ



देश / विदेश

● स्टुअर्ट पिएम म्याकिन्टोस

गम्भीर जलवायुसम्बद्ध समाचार आइरहेका वेला द्रुत हरित संक्रमणलाई पछ्याउने चीनको हालैको निर्णय एक दुर्लभ एवं उत्कृष्ट कदम हो । मार्चको सुरुवातमा वार्षिक राष्ट्रिय जन-कांग्रेसमा प्रधानमन्त्री ली छ्याङले देशले स्वच्छ ऊर्जा परियोजनामा लगानीलाई गति दिने घोषणा गरेका थिए । यो योजना उद्योगको 'नयाँ तीन'का लागि अर्थात् सौर्य प्यानल, विद्युतीय वाहन (इभी) र लिथियम ब्याट्रीका लागि हो, जसले कपडा, फर्निचर र उपकरणको 'पुरानो तीन'लाई प्रतिस्थापन गर्नेछ । देशको आर्थिक मन्दीलाई उल्ट्याउन लक्षित उद्योगमा लगानी पर्याप्त नहुने भए पनि पश्चिमले लीको घोषणाको प्रभावको कदर गर्नुपर्छ ।

विश्वव्यापी हरित संक्रमण पहिल्यैदेखि राम्रो गतिमा चलिरहेको छ । यस चरणमा मुलुक र कम्पनी ठूलो मात्रामा स्वच्छ ऊर्जामा परिवर्तनतर्फ लम्किरहेका छन् । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार नवीकरणीय क्षमतामा वार्षिक वृद्धि सन् २०२३ मा करिब ५० प्रतिशतले बढेर पाँच सय सात गिगावाट पुगेको छ जुन विगत दुई दशककै तीव्र वृद्धिदर हो । युरोपियन युनियन, अमेरिका र विशेषतः ब्राजिलले नवीकरणीय ऊर्जा क्षमतालाई कीर्तिमानी मात्रा स्थापित गरेका छन् । तर, चीनले हालसम्मकै ठूलो वृद्धिको अनुभव गरेको छ । उसले सन् २०२३ मा सन् २०२२ मा सम्पूर्ण विश्वले निर्माण गरेजति प्यानल निर्माण गरेको छ । र, आफ्नो वायु ऊर्जा क्षमतालाई वर्षमा ६६ प्रतिशतले बढाएको छ । हरित ऊर्जामा खर्च बढाउने चीनको निर्णयले यस युगको परिवर्तनलाई थप गति दिन सक्छ तथा जीवाश्म-इन्धनको प्रयोग र हरितगृह-ग्यास उत्सर्जनलाई घटाएर दीर्घकालीन जलवायु लक्ष्य भेट्टाउन मद्दत गर्न सक्छ । यसबाहेक स्थान-आधारित औद्योगिक नीतिले 'डिकार्बनाइजेसन'मा अवरोध नभई सहजीकरण गर्दै छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले आफ्नो आठ खर्ब डलरको मुद्रास्फीति न्यूनीकरण ऐन (आइआरए) मा ऊर्जा र जलवायु खर्चमा तीन खर्ब ९१ अर्ब डलर छुट्याएका छन् । त्यसैगरी, उनको १२ खर्ब डलरबराबरको द्विपक्षीय पूर्वाधार कानुन (बिआइएल) समावेश गरी विश्वलाई अमेरिकाले औद्योगिक नीतिको नयाँ युगमा प्रवेश गराएको छ । यो रणनीतिले युरोपियन युनियनलाई हरित अनुदानमा आफ्नै योजना बनाउन प्रेरित गरेको छ । र, चीनले डेकार्बनाइजेसनमा थप स्रोत प्रयोग गरेर आफ्नो आर्थिक समस्यालाई सम्बोधन गरिरहेको छ ।

उदीयमान प्रविधिमा चीनको लगानीले किफायती वातावरणमैत्री उत्पादनमा ठूलो उपलब्धता हुने सम्भावना छ, तर औद्योगिक नीतिप्रति अमेरिकाको प्रतिबद्धताले यी उत्पादनलाई आफ्नो बजारमा प्रवेश गर्नबाट रोक्नेछ । अमेरिकी सरकारले रणनीतिक चिनियाँ आयातमा पहिले नै कर लगाएको छ । घरेलु स्वच्छ ऊर्जा उत्पादन र परिचालनमा आइआरए र बिआइएलबाट महत्त्वपूर्ण लगानी गरेर बाइडेन प्रशासनले अमेरिकी बजारमा चीनको सम्भावित निर्यातलाई कटौती गर्ने संरक्षणवादी उपायमा विचार गरिरहेको छ ।

यो अवस्था खुला व्यापारका मुखर पैरवीकर्ताका लागि निराशाजनक छ, किनभने सस्तो चिनियाँ सौर्य प्यानल, इभी र ब्याट्री निकट भविष्यमा अमेरिकामा उपलब्ध हुनेछैनन् । नोभेम्बरमा डोनाल्ड ट्रम्पको सम्भावित विजयले अवस्थालाई थप खराब बनाउनेछ किनभने उनले सबै चिनियाँ आयातमा ६० प्रतिशत करको प्रस्ताव गरेका छन् । यद्यपि ऊर्जा संक्रमण अमेरिकीका लागि निकै महँगो मूल्यमा आउँदै छ, तर यो रकम स्वाभाविक हो । आफ्नो घरेलु उद्योगको रक्षा गरेर अमेरिकी सरकारले चिनियाँ उत्पादनलाई अन्य देशमा विशेषतः विकासोन्मुख देशमा प्रवाहित गराउन सक्छ जसले उपभोक्तालाई न्यून मूल्यमा स्वच्छ प्रविधि उत्पादन खरिद गर्ने सुविधा दिनेछ । महत्त्वपूर्ण के छ भने विकासोन्मुख देशले यो अवसरलाई सदुपयोग गरेमा यी मुलुकले आफ्नै हरित संक्रमणलाई गति दिन सक्छन् ।



तस्बिर : प्यान कुन्जुन/भिसिजी

भारतमा सन् २०७० सम्ममा कुल शून्य उत्सर्जनमा पुग्ने योजना अत्यन्त अपर्याप्त रहेको सन्दर्भमा प्रधानमन्त्री नरेन्द्र मोदीले चीनको बढ्दो हरित-प्रविधिको फाइदा लिनुपर्छ । छोटो अवधिमा यसको अर्थ भारतको स्वच्छ ऊर्जा उद्योगमा रहेको खाडललाई पुर्न चिनियाँ उत्पादनको प्रयोग गर्नु हो । मोदीले चिनियाँ कम्पनीलाई भारतमा थप उत्पादन कम्पनी निर्माण गर्न मनाउनुपर्छ । यसले प्रविधि हस्तान्तरण, रोजगारी सिर्जना र हरित प्रविधिको लागत घटाउन सहज गराउनेछ ।

अफ्रिकी नेताले पनि चीनको हरित उत्पादन र प्रविधि प्रयोग गरेर आफ्नो अर्थतन्त्रलाई विद्युतीकरण गर्नुपर्छ । जसरी धेरै अफ्रिकी देशले ल्यान्डलाइन टेलिफोन छोडेर मोबाइल सञ्जालमा फड्को मारेका छन्, त्यसरी नै अफ्रिकी नेताले पनि जीवाश्म इन्धनलाई उछिन्दै स्वच्छ ऊर्जामा जानैपर्छ । निःसन्देह चुनौती भए पनि स्वच्छ ऊर्जा प्रचुर मात्रामा सौर्य र वायु स्रोत भएको महादेशका लागि उपयुक्त छ । विभिन्न प्रमुख कार्यकारी अधिकृत र नीति-निर्माता जलवायु सम्मेलन वा डाभोसमा भेट्छन् । ती सबै हरित संक्रमण न्यायसंगत हुनुपर्छ भन्छन् । त्यसका लागि न्यून र मध्यम आय भएका देशमा वार्षिक १० खर्ब डलरको स्वच्छ-ऊर्जा लगानी चाहिन्छ जुन हालको अवस्थाभन्दा सात गुणाले बढी हो । लगानी अत्यधिक आवश्यक भएको सन्दर्भमा स्वच्छ ऊर्जामा चीनको बढ्दो लगानी समाधानको एक हिस्सा हुन सक्छ । चीन, अमेरिका र युरोपियन युनियनले हरित उत्पादनको निष्पक्ष र स्वतन्त्र व्यापारमा सहमत हुन आवश्यक छ । यद्यपि, कुल शून्य उत्सर्जन हासिल गर्न तत्कालीन आवश्यकतालाई ध्यानमा राख्दै हामीले अमेरिकी उद्योगमा पार्ने प्रभावबारे सतर्क रहँदै चीनको लगानी योजनालाई अँगाल्नुपर्छ । हाल, म फोर्ड वा टेस्लाजस्ता अमेरिकी इभीलाई छनोट गर्न सक्छु, तर म भविष्यमा चीनको बिवाइडी इभी खरिदका लागि तत्पर छु । जे भए पनि म न्यून प्रदूषणकारी भविष्यतर्फ लम्किन प्रतिबद्ध छु ।

(म्याकिन्टोस ग्रुप अफ थर्टीका कार्यकारी निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कंग्रेसका लागि प्रत्युत्पादक हुन सक्छ नकारात्मक प्रचार

प्रधानमन्त्री नरेन्द्र मोदीको आलोचना गर्दा राहुल गान्धीलाई राजनीतिक लाभ मिल्दैन

औसत भारतीय राजनीतिज्ञ बिहान उठ्छन् र आफ्ना विरोधीलाई गाली गर्न थाल्छन् । चाहे तिनीहरू सत्तामा हुन् वा विपक्षमा, उच्च तहका नेता वा आगन्तुक कक्षका सम्झौताकर्ता किन नहून्, उनीहरू विरोधीको निन्दा गर्नमै रमाउँछन् । कुनै भारतीय राजनीतिज्ञलाई उनीहरूको गल्ती सोध्नुहोस्, तिनीहरूले विपक्षीलाई गाली गर्नेछन् । कुनै भारतीय राजनीतिज्ञलाई जनताको समस्या समाधान गर्ने योजनाबारे सोध्नुहोस् उनले प्रतिद्वन्द्वी पार्टीलाई आक्रमण गर्नेछन् । चाखलाग्दो कुरा हो कि कहिलेकाहीं नकारात्मक प्रचारले चुनावी फाइदा दिन्छजस्तो देखिए पनि यसले खासै काम गर्दैन ।

■ नकारात्मकताले ध्यान मात्र खिच्छ

नकारात्मक प्रचार-प्रसारमा सञ्चारमाध्यम र आमजनताको पनि भूमिका हुन्छ । यदि कुनै राजनीतिज्ञले आफ्नो प्रतिद्वन्द्वीलाई चोर भन्छन् भने त्यो 'हेडलाइन' हुन्छ । माइक्रोफोन हल्लाउने रिपोर्टरहरू त्यसपछि विपक्षीकहाँ जान्छन् र उनको प्रतिक्रिया सोध्छन् । उसले अर्कोलाई बदमास भन्छ । यो सबै राम्रो मसला हो, अर्को अर्थहीन टिभी 'बहस' का लागि राम्रो खुराक हो । यदि उही राजनीतिज्ञले लाखौं रोजगारी सिर्जना गर्ने योजना छ भन्यो भने समाचार सम्पादकहरूले त्यसलाई महत्त्वका रूपमा हेर्दैनन् । राजनीतिज्ञको पिआर (जनसम्पर्क) किन गर्ने ? उनीहरूले भन्नेछन् । यसरी काम गर्छ समाचारले, कुकुरले मानिसलाई टोकेको विषय समाचार होइन । प्रधानमन्त्री नरेन्द्र मोदीको ४५ मिनेटको भाषण सुन्नुभयो भने उनले ४० मिनेट आफ्नो सरकारका विभिन्न क्षेत्रमा हासिल गरेका उपलब्धिबारे बोलेर बिताउन सक्छन्, तर बाँकी पाँच मिनेट उनी विपक्षीबारे बोल्न खर्च गर्छन्, जसलाई अन्य राजनीतिक दलहरूले हेडलाइन र ह्यासट्याग बनाउनेछन् ।

नकारात्मक प्रचार कसैको ध्यान आकर्षित गर्न सजिलो तरिका हुन सक्छ, तर यो सधैं बलियो मतमा रुपान्तरण हुँदैन । जब मतदानको कुरा आउँछ, कम्तीमा परिवर्तित मतदाता विकास, सुशासन र आर्थिक उत्थानको सन्दर्भमा कुन राजनीतिज्ञले उनीहरूलाई उत्कृष्ट डेलिभर गर्न सक्छ भनेर जान्न चाहन्छ । यी तर्कसंगत मुद्दा मतदातालाई भावनात्मक रूपमा बताउनुपर्छ । सबै राजनीतिज्ञले रोजगारी र सित्तैंको वाचा गर्छन् र मतदाताले उदासीनताका साथ टाउको हल्लाउँछन् । वाचा गर्नु एउटा कुरा हो, वाचा पूरा गर्नको लागि तपाईं सही नेता हुनुहुन्छ भनी मतदातालाई विश्वास दिलाउनु अर्को कुरा हो । यही कारणले होसियार राजनीतिज्ञहरूले आफ्नो समय सकारात्मक प्रचारमा खर्च गर्छन् ।

नकारात्मक प्रचार कसैको ध्यान आकर्षित गर्न सजिलो तरिका हुन सक्छ, तर यो सधैं बलियो मतमा रुपान्तरण हुँदैन । जब मतदानको कुरा आउँछ, कम्तीमा परिवर्तित मतदाता विकास, सुशासन र आर्थिक उत्थानको सन्दर्भमा कुन राजनीतिज्ञले उनीहरूलाई उत्कृष्ट डेलिभर गर्न सक्छ भनेर जान्न चाहन्छन् ।



■ मोदीको सन्तुलित कार्य

प्रधानमन्त्री मोदीका आलोचकहरूले भन्न सक्छन् कि उनी र उनको भारतीय जनता पार्टीले पहिले नै कमजोर प्रतिपक्षलाई आक्रमण गर्न धेरै समय बिताउँछन् । सत्य यो हो कि भाजपाको सन्देश ६० देखि ८० प्रतिशत सकारात्मक छ । तपाईंले यसलाई भाजपाको कुनै पनि सामाजिक सञ्जाल ह्यान्डलमा जाँच गर्न सक्नुहुन्छ, धेरैजसो पोस्टहरू सरकारका उपलब्धि र विकास योजनाबारे हुन्छन् । कहिलेकाहीं भाजपाले सकारात्मकभन्दा नकारात्मक गल्ती गरेको छ र हारेको छ । यस्तै एउटा उदाहरण सन् २०२२ को पश्चिम बंगाल विधानसभा चुनाव थियो । सन् २०१३-०१४ मा कंग्रेस नेतृत्वको युपिए सरकार अत्यधिक अलोकप्रिय भएकाले सरकारको आलोचना गरेर मोदीको अभियानले जितेको हुनुपर्छ । तर, मोदीले सकारात्मक हुन, 'अच्छे दिन'को वाचा रोजे । सायद यसले उनलाई पूर्ण बहुमत ल्याउन र गठबन्धन युगको अन्त्य गर्न मद्दत गऱ्यो । हालैको रेकर्डले देखाउँछ कि सकारात्मक प्रचारमा केन्द्रित भए कंग्रेस पार्टीले पनि राम्रो गर्छ ।

■ राहुलको उपायले काम गर्दैन

चुनावी पर्यवेक्षकले हेरेको एउटा ढाँचा यो हो कि जब पार्टी बलियो हुन्छ, नकारात्मक प्रचारले मद्दत गर्छ । त्यसो भए भाजपा कंग्रेसभन्दा धेरै अगाडि छ र यसले कंग्रेसलाई आक्रमण गर्छ भन्ने देखिन्छ । कंग्रेस कमजोर, अकुशल, भ्रष्ट, नातावादी हो भन्ने कुरामा जनता सहमत देखिन्छन् । तर, जब भाजपाले बलियो पार्टीलाई आक्रमण गर्छ (जस्तै पश्चिम बंगालको तृणमूल कंग्रेस वा २०२० मा दिल्ली विधानसभा चुनावमा आम आदमी पार्टी) जनता बलियो पार्टीको पक्षमा अझ दृढ भएको देखिन्छ । गरिबलाई सित्तैंमा बिजुली दिने अरविन्द केजरिवाल वा महिलालाई सबै किसिमका योजना दिने ममता बनर्जीलाई अन्यायपूर्ण हमला गरेको जनताले महसुस गरेका छन् । यो भाजपाका लागि मात्र होइन, धेरै परिस्थितिमा सबै दलका लागि सत्य हो ।

सकारात्मक प्रचारका साथ ध्यान खिच्न राहुललाई गाह्रो हुन सक्छ, किनभने राहुल गान्धीलाई रोजगारी सिर्जना गर्ने वा मुद्रास्फीति घटाउने भनेर मोदीलाई भन्दा आफूलाई राम्रोसँग थाहा छ भनेर मतदातालाई मनाउन सजिलो हुनेछैन । तर, त्यो परिवर्तित मतदाता प्राप्त गर्ने एक मात्र तरिका हो ।

(गल्फ न्युजका लागि शिवम भिजको आलेख)

इतिहासमा आज



सन् १९५७ : ६ देशले युरोपेली आर्थिक समुदाय इसिसी स्थापना गरे । इसिसीको स्थापना युरोपेली एकीकरण र युरोपेली संघ (इयू)को गठनका दिशामा एक महत्त्वपूर्ण कदम थियो ।

सन् १९११ : न्युयोर्क सहरको ट्र्यांगल सर्टवेस्ट फेक्ट्रीमा आगलागी हुँदा १४६ जनाको मृत्यु । आगलागीपछि सरकारलाई स्वास्थ्य तथा सुरक्षा कानुन लागू गर्न उत्प्रेरित गऱ्यो ।

सन् १९७५ : साउदी अरबका राजा फैसलको उनकै भतिजाले हत्या गरे । हत्यामा संलग्न फैसल बिन मुसैदलाई सन् १९७५ को जुन १८ मा मृत्युदण्ड दिइयो ।

सन् १९८८ : चेकोस्लोभाकियामा कम्युनिस्ट शासनविरुद्धको पहिलो शान्तिपूर्ण प्रदर्शनमा हजारौं मानिस सामेल । मैनबत्ती प्रदर्शनलाई प्रहरीले निर्ममतापूर्वक तितर-बितर पारेको थियो । तर, यो आन्दोलन देशमा प्रजातन्त्र स्थापना भएको भेलभेट क्रान्तितर्फको पहिलो कदम थियो ।

सन् २००२ : उत्तर अफगानिस्तानको हिन्दकुश क्षेत्रमा विनाशकारी भूकम्प । भूकम्पमा परेर एक हजारजनाभन्दा बढीको मृत्यु हुनुका साथै ठूलो संख्यामा घाइते भएका थिए । भूकम्पले ठूलो भौतिक क्षति पुऱ्याएको थियो ।

विश्व संक्षेप

केजरिवाल गिरफ्तारीको विरोधमा प्रदर्शन

नयाँदिल्ली/ दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवालको गिरफ्तारीको विरोधमा आम आदमी पार्टी (आप)का समर्थकले आइतबार प्रदर्शन गरेका छन् । सन् २०२१ नोभेम्बर १७ मा दिल्ली सरकारले राज्यमा नयाँ मदिरा नीति लागू गर्दा अनियमितता गरिएको र अनुचित लाभ दिइएको आरोपमा आम आदमी प्रमुख केजरिवाल यसै साता पक्राउ परेका थिए । केजरिवाललाई प्रवर्तन निर्देशालय (इडी)ले गत मार्च २१ मा पक्राउ गरेको थियो । इडीले केजरिवाललाई पक्राउ गरेकोमा आपत्ति जनाउँदै प्रदर्शनकारीले सरकारविरुद्ध नाराबाजी गर्दै 'म पनि केजरिवाल हुँ, मलाई पनि गिरफ्तार गर' भन्दै आइटिओ फुट ब्रिजमा भेला भई प्रदर्शन गरेका छन् । आपले केजरिवालको गिरफ्तारीको विरोधमा आइतबार दिल्लीभरि मैनबत्ती जुलुस निकाल्ने र पुतला दहन गर्ने घोषणा गरेको छ । यसअघि दिल्ली उच्च अदालतले मुख्यमन्त्री अरविन्द केजरिवालले आफ्नो निवेदनमा तत्काल सुनुवाइका लागि गरेको अनुरोधलाई अस्वीकार गरेको थियो ।

८० प्रतिशत अफगानीमा खानेपानीको पहुँच छैन : युएनडिपी

काबुल/ अफगानिस्तानको करिब ७९ प्रतिशत जनसंख्या पिउनेपानीको पहुँचबाट बाहिर रहेका छन् । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले एक प्रतिवेदन सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो । प्रतिवेदनमा गम्भीर खडेरीको अवस्था, आर्थिक अस्थिरता र लामो समयदेखिको द्वन्द्वको विनाशकारी प्रभावका कारण अफगानिस्तानको पानीको पूर्वाधारमा उल्लेखनीय कमी आएको उल्लेख गरिएको छ । यो संकटले महिला अझै बढी प्रभावित छन् । भूपरिवेष्टित अफगानिस्तान खडेरीको चपेटामा परेको छ । अफगानिस्तानको कामचलाउ सरकारले भूमिगत पानीको सुधार र भण्डारणका लागि देशभर साना बाँध, पानी आपूर्ति सञ्जाल र पानीका नहर निर्माण गरिरहेको छ ।

अतिवादी हमलामा मृत्यु हुने १३७ पुगे

मस्को/ रुसको राजधानी मस्कोस्थित कन्सर्ट हल (क्रोकस सिटी हल) मा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा मृत्यु हुनेको संख्या १३७ पुगेको छ । आक्रमणमा घाइते भएकामध्ये केहीको अवस्था गम्भीर रहेकाले मृतकको संख्या अझै बढ्ने अनुमान गरिएको छ । घटनाप्रति विश्वभरका नेताहरूले दुःख व्यक्त गरेका छन् । आक्रमणको जिम्मेवारी इस्लामिक स्टेट(आइएस)को अफगान शाखा (जसलाई इस्लामिक स्टेट-खोरासान (आइएस-के)ले लिएको छ ।

यसैबीच, मस्कोलाई 'आतंकवादी हमला'को पूर्वसूचना प्राप्त भएको बताइएको छ । मार्च महिनाको सुरुमा रुसस्थित अमेरिकी दूतावासले 'अतिवादी' समूहले 'मस्कोमा हुने कन्सर्टसमेत ठूला जमघटलाई लक्षित गर्ने' योजना बनाइरहेको भन्ने समाचारको अनुगमन गरिरहेको बताएको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

आन्तरिक राजस्व कार्यालय महाराजगंज

लाजिम्पाट, काठमाडौं ।

आयकर तथा मूल्य अभिवृद्धि कर बक्यौता रकम दाखिला गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना।

प्रकाशित मितिः २०८०/१२/१२

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहि कारोबार गरिरहेका तपसिल बमोजिमका करदाताहरुको आन्तरिक राजस्व विभागको Integrated Tax System मा रहेको अभिलेख बमोजिम आयकर तथा मूल्य अभिवृद्धि कर बक्यौता रकम असुल उपर कारोबार स्थल पत्ता लागेका करदाताहरुको संकलन भ्रमण, करदाताले KYT मार्फत अध्यावधिक गराए बमोजिम कार्यालयको अभिलेखमा उपलब्ध भएको टेलिफोन तथा मोवाइल नम्बरमा सम्पर्क र उल्लेखित ठेगानामा हुलाक मार्फत पत्राचार गर्दा समेत करदाता बक्यौता रकम दाखिला नगरेको साथै बक्यौता रकम दाखिला गर्न SMS मार्फत पुनः ताकेता गरिएकोमा सो समेतबाट पनि कर बक्यौता रकम दाखिला गरेको प्रमाण पेश हुन नआएको हुँदा मिति २०८०/१२/०९ सम्मको अभिलेख बमोजिम तिर्न बुझाउन बाँकी देखिएको आयकर तथा मूल्य अभिवृद्धि कर बक्यौता रकम सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दाखिला गर्नुहुन वा यस अघि नै दाखिला गरेको भए दाखिलाको प्रमाण यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। तोकिएको अवधि भित्र बक्यौता रकम दाखिला नगर्ने करदाता उपर आयकर ऐन, २०५८ को दफा १०३ देखि १११ सम्म कुनै वा सबै तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ को उपदफा १ बमोजिम बक्यौता रकम असुल उपर गर्ने कानूनी कारवाहीको प्रक्रिया अगाडी बढाइ बक्यौता असुल उपर गरिने व्यहोरा सम्बद्ध सबैलाई जानकारी गराईन्छ।

तपसिलः

सि.नं.	स्था.ले.नं.	करदाताको नाम	बक्यौताको प्रकार
१	१०८६७००७७	क्याफे जोशी	मू.अ.कर
२	३०००५१००७	वाईवा कन्ट्रक्सन कम्पनी(प्रा.) लि.	आयकर/मू.अ.कर
३	३०००५२७२७	कैलाशपति इम्पेक्स प्रा. लि.	आयकर
४	३०००५६७५८	एभरेष्ट निर्माण कम्पनी प्रा.लि.	मू.अ.कर
५	३०००८५१९८	युनिभर्सल सप्लाई एजेन्सी प्रा.लि.	आयकर/मू.अ.कर
६	३०००९२७३२	वज्रगुरु कन्स्ट्रक्सन कंपनी प्रा.लि. र सुपर शेर्पा कन्स्ट्रक्स	मू.अ.कर
७	३००१४०७१८	वज्रगुरु क. कं. प्रा.लि. र लामा क.कं प्रा.लि. (संयुक्त)	मू.अ.कर
८	३००९७७२८८	इन्टिच्यूट अफ इन्फरमेसन डेभलपमेन्ट प्रा.लि.	मू.अ.कर
९	३०१४१६८४१	वाईवा भैरव कन्स्ट्रक्सन जे.भी.	मू.अ.कर
१०	३०१६१८४७०	काष्ठ मण्डप विद्यालय प्रा.लि.	आयकर
११	३०१८२२३०७	हस्पिटालीटी मार्टस	आयकर/मू.अ.कर
१२	३०१८२४०५९	खड्का ल्याण्ड डेभलपमेन्ट प्रा.लि.	आयकर
१३	३०२०५०९९४	लाप्ची डाटा सलुसन प्रा.लि.	आयकर
१४	३०२१४३४९८	नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि.	आयकर
१५	३०२१४७२७८	होटल रोयल काठमाण्डौ प्रा.लि.	मू.अ.कर
१६	३०२३०४४४०	आफ्रनो फर्मा	आयकर
१७	३०२३८०९८९	सन लाइट इन्टरनेशनल प्रा लि	आयकर/मू.अ.कर
१८	३०२४४७९७८	क्षमादेवी इन्टरनेशनल प्रा.लि.	आयकर/मू.अ.कर
१९	३०२८१८२२८	निकिता ईन्जिनियरिङ कन्स्ट्रक्सन कम्पनि प्रा.लि.	आयकर
२०	३०२८८२७३९	गील्ट इन्भेस्टमेन्ट प्रा. लि.	आयकर
२१	३०३२३६६२५	एमोश ट्रेडर्स	आयकर/मू.अ.कर
२२	३०३४१३९७०	डि. जी. इन्टरप्राइजेज	आयकर
२३	३०३४१४६२९	ग्रिनलैण्ड चिल्ड्रेन एकेडेमी प्रा. लि.	आयकर
२४	३०३४१४८५४	मैत्री बाल सामुदायीक स्वास्थ्य सहकारी सङ्स्था लि.	आयकर
२५	३०३६२७५०८	आरिया इन्टरप्राईजेज	आयकर/मू.अ.कर
२६	३०३६२८६९१	हिमदुङ्गा एण्ड थोकर/जयरक्तकाली कन्स्ट्रक्सन जे.भी.	मू.अ.कर
२७	३०३७३४०९७	अपि हिमालय इन्टरनेशनल प्रा.लि.	आयकर/मू.अ.कर
२८	३०३७४२५३१	प्लाटिनम लाइफसाइन्सेज प्रा लि	मू.अ.कर
२९	३०३९६१५४३	झरना कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	मू.अ.कर
३०	३०३९६६८८९	अग्नि वोरिङ्ग एण्ड स्वायल टेस्ट प्रा. लि.	आयकर
३१	३०४२२३३०१	लिस्ती विजनेश प्रा.लि.	आयकर/मू.अ.कर
३२	३०४३२२१५०	के फोर सेक्युरिटि सर्भिस प्रा.लि.	मू.अ.कर
३३	३०४५६५१९९	हलेसी डेकोर प्रा.लि.	मू.अ.कर
३४	३०४५८१९२६	बोखिम/एटलस/गौरा कन्स्ट्रक्सन जे.भि.	आयकर/मू.अ.कर
३५	३०४५८६२०४	के.बि.एस.इन्टरनेशनल प्रा.लि.	मू.अ.कर
३६	३०४५८७७५७	पायनियर ईन्टरप्राईजेज	आयकर/मू.अ.कर
३७	३०४९१५३६३	किशोर गेयर्स प्रा.लि.	आयकर/मू.अ.कर
३८	५००२२१२२२	शिवपुरी भिलेज इको टुरिजम एण्ड कन्जरभेशन फार्म (प्रा) लि.	मू.अ.कर
३९	६००४१४७६४	आई.टुर्स इन्टरनेशनल ट्राभल्स सर्भिस प्रा.लि	आयकर/मू.अ.कर
४०	६००४१९२८०	रिसोर्ट नेपाल प्रा. लि.	मू.अ.कर
४१	६००५५०८७३	नेलिसा ग्रिल वर्कशप	मू.अ.कर
४२	६००६३४६४७	भाष्ट विन इन्जिनियरिङग कन्सल्टेन्सी प्रा.लि.	मू.अ.कर
४३	६०१४६७५०७	ऐम्बेसी रेष्टुरेन्ट एण्ड बार प्रा.लि.	मू.अ.कर
४४	६०१५९९०३९	हिम्डुङ एण्ड थोकर/हिरा एण्ड नमीता जे.भी.	आयकर/मू.अ.कर
४५	६०१८७९००३	विजय फर्निचर प्रा लि	मू.अ.कर
४६	६०२४२०५४९	ज्यावडन्वा कन्स्ट्रक्सन प्रा. लि.	आयकर/मू.अ.कर

सि.नं.	स्था.ले.नं.	करदाताको नाम	बक्यौताको प्रकार
४७	६०२६८०२०२	श्री पि.के. इन्टरप्राइजेज	आयकर/मू.अ.कर
४८	६०३५००८३५	म्याक्सिम इन्कर्पोरेशन ट्रेडर्स प्रा. लि.	आयकर/मू.अ.कर
४९	६०३५२५३८६	विश्वास मल्टिप्रपोज प्रा.लि.	मू.अ.कर
५०	६०३८१३५३७	खैरे इन्टरनेशनल विजनेश	आयकर
५१	६०४२३४०२३	इन्की क्वील इन्टरनेशनल प्रा. लि.	मू.अ.कर
५२	६०४२७७७१२	होटल बडी प्रा.लि.	मू.अ.कर
५३	६०४२९३८४८	माँ गौरी अदिश्री फुड्स प्रा.लि.	मू.अ.कर
५४	६०४३६५७५८	युभला ट्रेडर्स प्रा.लि.	आयकर/मू.अ.कर
५५	६०४९११५२४	शुभश्री महालक्ष्मी खड्का हार्डवेयर	मू.अ.कर
५६	६०५०४१२१७	सुन्नीभा लिकर शप	आयकर/मू.अ.कर
५७	६०५७०३७३३	वज्रगुरु । कुमार श्रेष्ठ जे.भि.	आयकर
५८	६०५९४९२४७	ओस्कर बार एण्ड ग्रील प्रा. लि.	मू.अ.कर
५९	६०५९५७४३७	ए. वि. ईन्भेष्टमेन्ट होल्डिङ्ग प्रा.लि.	मू.अ.कर
६०	६०५९६३०९४	फेमिकेयर मार्केटिङ्ग प्रा. लि.	मू.अ.कर
६१	६०६१९३०८९	वाईवा । कान्छाराम कन्स्ट्रक्शन जे.भी.	मू.अ.कर
६२	६०६२१३५५४	वाईवा । एलिट कन्स्ट्रक्शन जे.भी.	मू.अ.कर
६३	६०६२४३६४३	एस. वि. ए. । प्यासिफिक । सुनिल समीर जे.भी.	आयकर
६४	६०६५२८२८१	बाईकर ल्याब्स प्रा.लि.	मू.अ.कर
६५	६०६५५८६२४	देविना ट्रेड कन्सर्न प्रा.लि.	आयकर/मू.अ.कर
६६	६०६६३६१२०	के.जी ईनटरनेशनल प्रा.लि.	मू.अ.कर
६७	६०६७०८७१५	फरेनहाईट थकाली किचेन प्रा.लि.	मू.अ.कर
६८	६०६७९८५८७	आर्या बिजनेस कन्सेप्ट प्रा.लि.	आयकर/मू.अ.कर
६९	६०६८९६०२१	हेली साइट प्रा.लि.	आयकर
७०	६०६९०३८६४	ल्यांग्वेज हब् प्रा. लि.	मू.अ.कर
७१	६०६९७३६६९	सूर्य । वाईवा कन्स्ट्रक्शन जे.भी	मू.अ.कर
७२	६०९५७९२५९	ट्यामरिन्ड खाजा घर प्रा.लि.	मू.अ.कर
७३	६०९६३३८०५	क्रीएटिभ इन्टरप्राइजेज प्रा.लि.	आयकर
७४	६०९६६१३३२	टेक्नो डोन प्रा.लि.	मू.अ.कर
७५	६०९७०१७१३	आस्था सप्लायर्स एण्ड मल्टिपर्पोज कम्पनी प्रा.लि	मू.अ.कर
७६	६०९७१५६९९	मोतिदान सप्लायर्स प्रा.लि.	आयकर/मू.अ.कर
७७	६०९७३६७५९	युटर्न इन्टरनेशनल प्रा.लि.	मू.अ.कर
७८	६०९७८१७३३	हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि	मू.अ.कर
७९	६०९८३८८९३	क्रियटिभ स्मार्ट पाठशाला प्रा.लि.	आयकर/मू.अ.कर
८०	६१२०११८९४	टिम्बर ट्रेड लिंक	मू.अ.कर
८१	६१३३७७११७	भरोसा क्रियसन	मू.अ.कर
८२	३०३८११६९३	शेयर बजार	मू.अ.कर
८३	६०२४८६८३१	राम पुजा इन्टरप्राइजेज प्रा.लि.	आयकर/मू.अ.कर
८४	६०६८१७२२६	नेपाल बिजनेश ईन्टिच्यूट प्रा.लि.	मू.अ.कर
८५	६००९०९४२०	जयसवाल स्केप सेन्टर, जयसवाल ईटा उद्योग	मू.अ.कर
८६	३०४९१३९७८	अनिवार्य बिल्डर्स प्रा.लि.	मू.अ.कर
८७	६०१५९६९९५	दुप्चेश्वर आटो केयर प्रा लि	मू.अ.कर
८८	६०३५८२६४२	सप्लाई सपोर्ट प्रा.लि.	मू.अ.कर
८९	६०९६५३७६६	कनेक्सन इ. नेपाल प्रा.लि.	मू.अ.कर
९०	६०९६६३४४४	थाप्ले बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि.	मू.अ.कर
९१	६०४३७५२१४	बराह क्षेत्र ट्रेडर्स प्रा. लि.	मू.अ.कर
९२	६११७०७९१६	गिता बोरवेल प्रा.लि.	मू.अ.कर

प्रमुख कर अधिकृत

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १२ चैत ०८०

ठूला लगानी र सहयोग वृद्धिका लागि दाता फकाउँदै अर्थमन्त्री

चीन, भारत, अमेरिकालगायत देशका राजदूतसँग छलफल, वैशाखमा हुने तेस्रो लगानी सम्मेलनमा सहभागिताका लागि निम्तो

कृष्ण रिजाल/नयाँ पत्रिका

अर्थमन्त्री वर्षमान पुनले नेपालमा ठूला वैदेशिक लगानी भित्र्याउन तथा विकास सहायता बढाउन अन्तर्राष्ट्रिय समुदायलाई फकाउन थालेका छन्। स्रोतमा परेको चाप र लगानीको अभावलाई ध्यानमा राख्दै ठूला निजी लगानी एवं सरकारी सहायता वृद्धिका लागि अन्तर्राष्ट्रिय समुदायको विश्वास जित्ने प्रयासमा अर्थमन्त्री पुन लागेका हुन्।

अर्थमन्त्रीको जिम्मेवारी सम्हालेपछिका दुई सातायता उनले दर्जनभन्दा बढी कूटनीतिक अधिकारीलाई भेटेर आवश्यक कानुनी एवं नीतिगत सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्दै नेपालमा ठूला लगानी भित्र्याउन पहल गरिदिन आग्रह गरेका छन्।

अर्थमन्त्रीले नेपालस्थित कूटनीतिक नियोगका प्रमुख तथा अधिकारीहरूसँग भएको शिष्टाचार एवं औपचारिक भेटवार्तामा नेपाललाई अहिले ठूला लगानी र सहायताको अत्यावश्यक भएको बताउँदै त्यसमा सार्थक पहल गरिदिन आग्रह गर्ने गरेको अर्थ मन्त्रालयका एक सहसचिवले बताए। 'उहाँले विदेशी लगानीका लागि जस्तोसुकै सुधार गर्नसमेत तयार भएको बताउँदै कूटनीतिज्ञहरूको विश्वास जित्ने प्रयास गर्नुभएको छ,' उनले भने, 'हरेकजस्तो भेटमा ठूला लगानी भित्र्याउने सार्थक पहिल गरिदिन र मेजर तथा गेमचेन्जर परियोजनामा अनुदान वा सहुलियतपूर्ण ऋण सहायता दिन आग्रह गर्दै आउनुभएको छ।'

गत २३ फागुनमा अर्थमन्त्रीमा नियुक्त भएयता उनले भारत, चीन, अमेरिका, युरोपियन युनियन, दक्षिण कोरिया, रसियालगायत देशका राजदूतहरूसँग औपचारिक भेट तथा छलफल गरेका छन्। बधाई तथा शुभकामना दिन अर्थ मन्त्रालयमै आएका राजदूतहरूसँग पनि उनले नेपालमा ठूला लगानी भित्र्याउने सार्थक पहल गरिदिन आग्रहसमेत गरेका छन्।

तेस्रो लगानी सम्मेलन आगामी १६-१७ वैशाख ०८१ मा काठमाडौंमा हुँदै छ। अर्थमन्त्री पुन लगानी सम्मेलन निर्देशक समिति अध्यक्षसमेत हुन्। उनले कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारीलाई लगानी सम्मेलनका लागि निम्तो दिँदै बढीभन्दा बढी लगानीकर्ताको सहभागिता बढाइदिन आग्रहसमेत गरेका छन्।

पुन अर्थमन्त्री भएको भोलिपल्ट नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव अर्थ मन्त्रालय पुगे। बधाई तथा शुभकामना दिन मन्त्रालय पुगेका श्रीवास्तवलाई अर्थमन्त्री पुनले नेपालमा ठूला भारतीय लगानी भित्र्याउने पहल गरिदिन आग्रह गरे। नेपालमा भारतीय सहयोग एवं लगानी वृद्धिमा उनले जोड दिए। भेटकै अवसरमा अर्थमन्त्रीले आसन्न लगानी सम्मेलनमा बढीभन्दा बढी भारतीय लगानीकर्तालाई सहभागी हुने वातावरण मिलाइदिन आग्रहसमेत गरे। जवाफमा राजदूत श्रीवास्तवले पुनको कार्यकालमा नेपाल-भारत आर्थिक-व्यावसायिक सम्बन्ध अझ विस्तार हुनेमा विश्वस्त रहेको बताएका थिए।

अर्थमन्त्री पुनले २७ फागुनमा नेपालका लागि अमेरिकी राजदूत डिन थम्पसन र बेलायतको विदेश तथा कम वेल्थ विकास कार्यालयका निर्देशक बेन मिलरलाई मन्त्रालयमा छुट्टाछुट्टै भेट गरे। बधाई तथा शुभकामनाका लागि पुगेका उनीहरूलाई पनि अर्थमन्त्रीले नेपालमा ठूला लगानी भित्र्याउने पहल गरिदिन आग्रह गरे। उनले लगानी सम्मेलनमा सहभागिताको निम्तो पनि दिए।



अर्थमन्त्री वर्षमान पुन र अमेरिकी राजदूत डिन थम्पसनबीच भेटवार्ता। फाइल तस्बिर

अर्थमन्त्रीज्यूले विदेशी लगानी र सहायता वृद्धिका लागि प्रयास गर्नुभएको छ

● **धनीराम शर्मा**, प्रवक्ता, अर्थ मन्त्रालय



सामान्यतः मन्त्रीहरू परिवर्तन भएपछि कूटनीतिक नियोग तथा विकास साझेदरका प्रमुख एवं पदाधिकारीहरूले शिष्टाचार भेट गर्नुहुन्छ। भेटमा आपसी सहकार्यको विषयमा छलफल हुन्छ। यही सन्दर्भमा अहिले माननीय अर्थमन्त्रीज्यूसँग पनि कूटनीतिक नियोग तथा विकास साझेदारका प्रमुखहरूले शिष्टाचार भेट गरिरहनुभएको छ। भेटहरूमा अर्थमन्त्रीज्यूले लगानी एवं सहायता वृद्धिका लागि आग्रह गरिरहनुभएको छ।

अहिले नेपालमा फिस्कल ग्याप (स्रोत न्यूनता)को समस्या छ। त्यसैले अर्थमन्त्रीज्यूले नयाँ एवं मेजर तथा गेमचेन्जर परियोजनामा सहायता बढाउन दुईपक्षीय एवं बहुपक्षीय दातालाई आग्रह गर्नुभएको हुनुपर्छ। त्यस्तै, ठूला निजी लगानी वृद्धि एवं विस्तारका लागि समेत उहाँले आग्रह गर्नुभएको छ। अर्कोचाहिँ हामीले वैशाखमा लगानी सम्मेलन गर्दै छौं। त्यो सन्दर्भमा बढीभन्दा बढी र ठूला लगानीकर्ताको सहभागिताका लागि समेत उहाँले पहल गर्नुभएको हो।

अमेरिकी राजदूत थम्पसनलाई लगानी सम्मेलनमा बढीभन्दा बढी अमेरिकी लगानीकर्ता आउने वातावण बनाइदिन आग्रह गरे। नेपालमा लगानीका लागि उपयुक्त वातावरण रहेको भन्दै उनले कानुनी र व्यावहारिक सहजीकरणका लागि सरकार तप्पर रहेको बताए। 'अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि नेपाल भर्जिन ल्यान्ड हो,' उनले भने, 'तपाईंमार्फत लगानी सम्मेलनमा अमेरिकी लगानीकर्ताको सहभागिता बढीभन्दा बढी होस् भन्ने चाहन्छु।' उनले कृषि, उद्योग तथा आइटीमा राम्रो सम्भावनाका क्षेत्र रहेको बताए। उनले लगानी सम्मेलन पूर्वनिर्धारित मितिमै हुने र तयारीका लागि तीव्रता दिएको समेत बताए।

भेटमा राजदूत थम्पसनले नेपालमा अमेरिकी सहयोग एवं लगानी वृद्धिमा प्रयास गर्ने बताए। त्यस्तै, बेलायतको विदेश तथा कम वेल्थ विकास कार्यालयका निर्देशक बेन मिलरले लगानी सम्मेलन सफल र उपलब्धिमूलक बनाउन बेलायत सरकारका तर्फबाट पूर्ण सहयोग हुने बताए।

अर्थमन्त्री पुनले २८ फागुनमा विश्व बैंकका नेपाल, माल्दिभ्स र श्रीलंका हेर्ने कन्ट्री डाइरेक्टर फेरिस हदाद जेर्बोसलाई नेपाललाई थप सहायता दिन र प्राथमिकतामा राख्न आग्रह गरे। २९ फागुनमा एसियाली विकास बैंक (एडिबी)का कन्ट्री डाइरेक्टर आर्नो कोसवासँग भएको भेटमा नेपालमा एडिबीको सहयोग बढाउन आग्रह गरे।

नेपालका लागि स्विट्जरल्यान्डकी राजदूत डेनिएल मेउली र अर्थमन्त्री पुनबीच १ चैतमा भेट तथा छलफल भयो। उक्त अवसरमा अर्थमन्त्रीले स्विट्जरल्यान्डको ठूला लगानी भित्र्याउन तथा सहयोग वृद्धि गर्न आग्रह गरे। राजदूत मेउलीले लगानी सम्मेलन सफल पार्न स्विट्जरल्यान्डबाट सबै प्रकारको सहयोग रहने बताइन्। दूतावासले लगानी सम्मेलनमा सहभागी हुन आग्रह गरेको र स्विट्जरल्यान्डको निजी क्षेत्र नेपालमा लगानी भित्र्याउन इच्छुक रहेको जानकारी दिइन्। उनले उत्साहजनक सहभागिता रहनेसमेत जनाइन्।

अर्थमन्त्रीले ६ चैतमा चिनियाँ राजदूत छन सोङलाई आगामी वैशाखमा हुने लगानी सम्मेलनमा निमन्त्रणा गरिसकेको जानकारी दिँदै बढीभन्दा बढी लगानी आउन प्रेरित गरिदिन आग्रह गरे। जवाफमा राजदूत सोङले लगानी सम्मेलनमा चिनियाँ व्यवसायीको उत्साहजनक सहभागगिता रहने प्रतिबद्धता जनाए। त्यस्तै, नेपालका लागि रसियाका राजदूत अलेक्सेई ए नोभिकोभलाई पनि वैशाखमा हुने लगानी सम्मेलनमा बढीभन्दा बढी रुसी लगानीकर्ता आउने वातावण बनाउन आग्रह गरे। जवाफमा राजदूत नोभिकोभले लगानी सम्मेलनमार्फत लगानी गर्न सकिने क्षेत्रको पहिचान गर्न रसियाको एक प्रतिनिधिमण्डल नेपाल आउने जानकारीसमेत गराएका थिए।

पुनले नेपालका लागि कोरियाली राजदूत पार्क थेयङलाई कोरियाका ठूला लगानीकर्तालाई नेपालमा लगानीका लागि प्रेरित गर्न आग्रह गरे। ९ चैतमा मन्त्रालयमै भएको भेटमा पुनले आगामी वैशाखमा हुने लगानी सम्मेलनमा कोरियाली लगानीकर्ताको उल्लेख्य सहभागिताका लागि प्रेरित गरिदिनसमेत राजदूत थेयङलाई आग्रह गरे। पुन ठूलो अन्तर्राष्ट्रिय लगानी आकर्षित नगरी मुलुकको विकास सम्भव नहुनेमा आफूहरू स्पष्ट रहेकाले त्यसको नीतिगत र कानुनी अड्चन हटाउन लागिएको जानकारी दिए। उनले कोरियाले नेपालमा धेरैभन्दा धेरै विदेशी लगानी भित्रियोस् र रोजगारीको अवसर सिर्जना होस् भन्ने चाहना राखेकाले लगानी सम्मेलन सफल पार्न सहयोग गर्ने प्रतिबद्धता जनाए।

बागमती राजस्व संकलन र बजेट परिचालनमा कमजोर

चालू आवको आठ महिनामा राजस्व संकलन लक्ष्यको ३८.१०% र बजेट खर्च २६.५१% मात्रै

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकार राजस्व संकलन र बजेट परिचालनमा निकै कमजोर देखिएको छ। चालू आर्थिक वर्षको आठ महिनामा बागमती प्रदेश सरकारले राजस्व संकलन लक्ष्यको जम्मा ३८.१० प्रतिशत र बजेट खर्च जम्मा २६.५१ प्रतिशत मात्रै गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालय, हेटौंडाको तथ्यांकअनुसार यस अवधिमा प्रदेश सरकारले अनुमान गरेभन्दा ६१.९० प्रतिशत कम राजस्व संकलन भएको छ। कार्यालय प्रमुख हरिप्रसाद उपाध्यायका अनुसार प्रदेश सरकारले आर्थिक वर्ष ०८०/८१ मा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ राजस्व संकलनको अनुमान गरेको थियो। तर, यस अवधिमा जम्मा २३ अर्ब ८९ करोड ३३ लाख ७५ हजार सात सय २० रुपैयाँ मात्रै राजस्व संकलन गर्न सकेको छ।

संघीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आयकर, प्राकृतिक स्रोत उत्खनन दस्तुर, मालपोतलगायतका राजस्वमार्फत अनुमानको ४७.३२ प्रतिशत मात्र संकलन भएको उनले बताए। उक्त शीर्षकबाट २६ अर्ब ६८ करोड ६८ लाख संकलनको अनुमान गरिएकोमा फागुनसम्म १२ अर्ब ६२ करोड ८८ लाख संकलन भएको उपाध्यायले जानकारी दिए।

यस्तै, संघीय सरकारबाट वित्तीय हस्तान्तरणअन्तर्गत १७ अर्ब ८१ करोड २३ लाख प्राप्त हुने अनुमान गरिएकोमा आठ अर्ब २० करोड ८८ लाख मात्रै आएको छ। उनका अनुसार संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, ससर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानको चालू र पुँजीगतर्फ गरी जम्मा ४६.०९ प्रतिशत मात्रै राजस्व प्राप्त भएको छ।

■ खर्च पनि निराशाजनक



बागमती प्रदेश सरकारको चालू आर्थिक वर्ष ०८०/८१ को आठ महिनामा बजेट खर्च पनि निराशाजनक देखिएको छ। चालू आवमा विनियोजित बजेटको फागुन मसान्तसम्म जम्मा २६.५१ प्रतिशत बजेट खर्च गरेको छ।

चालू आर्थिक वर्षका लागि ६२ अर्ब ७० करोड ९० लाखको बजेट ल्याएको प्रदेश सरकारले १६ अर्ब ६२ करोड ५० लाख मात्रै खर्च गरेको छ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार चालूतर्फ २६ अर्ब ४३ करोड १६ लाख, पुँजीगततर्फ ३५ अर्ब ७७ करोड ७३ लाख र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको छ। फागुन मसान्तसम्म चालूतर्फ विनियोजित बजेटमा आठ अर्ब ७४ करोड ७६ लाख (३३.१० प्रतिशत), र पुँजीगततर्फ सात अर्ब ८७ करोड ७४ लाख (२२.०२ प्रतिशत) खर्च भएको छ। मन्त्रालयका सचिव प्रकाश दाहालका अनुसार चालू आर्थिक वर्षका लागि वित्तीय व्यवस्थापनका लागि ५० करोड रुपैयाँ विनियोजन गरिएकोमा अहिलेसम्म कुनै पनि रकम खर्च हुन सकेको छैन।

प्रदेशको सबैभन्दा बढी विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट खर्च पनि निकै कमजोर छ। भौतिक मन्त्रालयले चालूतर्फको कुल बजेटको ४१ प्रतिशत र पुँजीगततर्फ २४.४८ प्रतिशत खर्च गरेको छ।

चालू आर्थिक वर्षको ६ महिनामा सबैभन्दा बढी बजेट खर्च गरेको प्रदेशको स्वास्थ्य मन्त्रालयले कुल बजेटको ३२.५० प्रतिशत खर्च गरेको छ। यस्तै श्रम, रोजगार तथा यातायात मन्त्रालयले २९.८८ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले २७.३३ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले २९.६२ प्रतिशत, सामाजिक विकास मन्त्रालयले २५.३० प्रतिशत बजेट खर्च गरेको छ।

यसैगरी, प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १७.३० प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले २२.७९ प्रतिशत, पर्यटन उद्योग तथा सहकारी मन्त्रालयले १६.४० प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २५.७० प्रतिशत र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ६.४६ प्रतिशत मात्रै बजेट खर्च गरेको छ।

यता प्रदेशअन्तर्गतका कार्यालयहरू प्रदेश व्यवस्थापिकाले ३५.४३ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ४४.४१ प्रतिशत, प्रदेश लोक सेवा आयोगले ३२.५० प्रतिशत बजेट खर्च गरेका छन्।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit जबरजस्त रेमिट

ऊर्जा क्षेत्रमा अनुदान बढाउने इयूको प्रतिबद्धता

नयाँ पत्रिका

नेपालको ऊर्जा क्षेत्रमा अनुदान थप बढाउने जर्मनी तथा युरोपेली युनियनको टोलीले प्रतिबद्धता व्यक्त गरेको छ। निर्माणाधीन चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारणलाइन आयोजनाको स्थलगत अनुगमन गर्दै इयूले यस्तो प्रतिबद्धता जनाएको हो।

जर्मनीको आर्थिक सहायता तथा विकास मन्त्रालयकी एसिया निर्देशक गिजेला ह्याम्मरस्मिटको नेतृत्वमा युरोपेली युनियन, जर्मन विकास बैंक (केएफडब्लू)का प्रतिनिधि सम्मिलित टोलीले शनिबार निर्माणाधीन प्रसारणलाइन र सबस्टेसनको अनुगमन गरेका छन्। रसुवाको आमाछोदिङ्मो गाउँपालिकास्थित थम्बुचेत र नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबँसीमा २२०/१३२/३३ केभीको क्रमशः चिलिमे हब र त्रिशूली थ्री बी हब सबस्टेसन निर्माण अन्तिम चरणमा छन्। साथै, चिलिमे हबदेखि त्रिशूली थ्री बी हब सबस्टेसनसम्म २८ किलोमिटर दुई सय २० केभी प्रसारणलाइन निर्माण अन्तिम चरणमा छ। त्रिशूली नदी र त्यसका सहायक खोलाहरूका जलविद्युत् आयोजनाहरूको विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह गर्न चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारणलाइन र चिलिमे तथा त्रिशूली थ्री बी हब सबस्टेसन निर्माण गरिएको हो।

अनुमानित लागत तीन करोड ९० लाख अमेरिकी डलर रहेको आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्लू)को अनुदान छ। युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैंक (इआइबी)को आयोजनामा सहुलियतपूर्ण ऋण रहेको छ।

टोली प्रमुख गिजेला ह्याम्मरस्मिटले जोखिमयुक्त र कठिन हिमाली क्षेत्रको आयोजना निर्माण अन्तिम चरणमा पुग्नु खुसीको कुरा भएको बताए। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सबस्टेसन र प्रसारणलाइन आगामी वैशाखको दोस्रो हप्ताभित्र निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने तयारी भएको बताए।

भौगोलिक रूपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनुपर्ने, भिरैभिर रहेको र सडक पनि नभएकाले ढुंगा-गिट्टी, बालुवा, टावरका सामान, पानी मान्छे वा खच्चडबाट बोकाएर लैजानुपर्ने, बाढीपहिरो, ठेकेदारको कमजोर कार्यसम्पादन, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड-१९ लगायत कारणले आयोजनाको निर्माण प्रभावित हुँदै आएको छ।

प्रसारणलाइन समुद्री सतहबाट ६ सय ८० देखि २६ सय मिटरसम्म पर्ने भूभागमा निर्माण गरिएको छ। ३३ वटा टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नुपर्ने अवस्था थियो। उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको छ।

'आयोजना निर्माण सम्पन्न हुने समयसीमा दातृ निकायहरूको पनि ठूलो चासो र चिन्ता छ, यही लाइनमा जोडिने एक सय १० मेगावाटको रसुवागढी जलविद्युत् आयोजना तयारी अवस्थामा छ, लाइन बनाउन सकेनौं भने विद्युत् खेर फाल्नुपर्ने अवस्था छ,' घिसिङले भने, 'यो या त्यो बहाना बनाएर अब कोही उम्किन पाउँदैन, सबै जिम्मेबार भएर अन्तिम प्रयास गरौं, हाम्रोतर्फबाट आवश्यक सहयोग र सहजीकरण गर्नेछौं।'

कुल २८ किलोमिटर प्रसारणलाइनमा पर्ने ७५ वटा टावरमध्ये ६५ वटाको जग हालिएको छ। बाँकी रहेका १० टावरको जग हाल्ने काम भइरहेको छ। ५९ वटा टावर खडा गरिएको छ भने तीनवटाको काम भइरहेको छ। ११ किलोमिटर तार तानिएको छ भने खडा गरिएका टावरमा तार तान्ने काम भइरहेको छ।


सीप सिकेर स्वरोजगार बन्दै विपन्न महिला

जुम्लामा **मानदत्त रावल**

तिला गाउँपालिका- ७, तुहीगाउँकी २४ वर्षीया रमिता रावत घरेलु हिंसापीडित महिला हुन्। चैत ०७८ मा घरबाट निकालिएपछि सोही पालिकाको राँसा गाउँस्थित आफ्नो माइतीघर बस्दै आएकी रावत अहिले जीविकोपार्जन गर्न कपडा सिलाउने सीप सिकिरहेकी छिन्।

घरेलु हिंसापछि उनले हालेको सम्बन्धविच्छेदको उजुरी अहिले न्यायालयमा विचाराधीन छ। जीवन कष्टकर बन्दै गएपछि उनी अहिले सीप सिकेर स्वरोजगार हुने बाटोमा लागेकी छिन्। किर्डाक नेपाल जुम्लाले सञ्चालन गरेको ४५ दिने सिलाइकटाइ तालिममा उनले कपडा सिलाउने सीप सिकिरहेकी छिन्। अघिल्लो वर्ष दुई महिनाको तालिममा सामान्यतया कुर्ता-सुरुवाल, बच्चाका कपडा सिलाउन सिकेकी रमिताले अहिले सर्ट-पाइन्ट सिलाउने सीप सिकिरहेकी छिन्।

सिलाइकटाइको दुई चरणको तालिमपछि तिला गाउँपालिका- ३, त्रिवेणी बजारमा व्यावसायिक रूपमा कपडा सिलाउने पसल



सञ्चालन गर्ने योजना रहेको रमिताले बताइन्। उनले भनिन्, 'यही व्यवसाय सञ्चालन गरेर छोरालाई पालनपोषण र पढाउने सोच बनाएकी छु।'

तिला गाउँपालिका- ७, पोखी गाउँकी २७ वर्षीया जौकली रोकाया अपांगता भएकी व्यक्ति हुन्। उनको बायाँ आँखा दृष्टिविहीन छ। दुई छोराकी आमा जौकली पनि जीविकोपार्जन गर्न कपडा सिलाउने सीप सिकिरहेकी छिन्। अघिल्लो वर्ष दुई महिना आधारभूत तालिम लिएकी जौकलीले अहिले ४५ दिने स्तरवृद्धिको सिलाइकटाइ तालिम लिएकी हुन्। यही सीप सिकेर आयआर्जन गरी जीविकोपार्जन गर्ने लक्ष्य रहेको उनले बताइन्। 'सीप सिकेर गाउँमै यही व्यवसाय गरेरै जीविकोपार्जन गर्न योजना रहेको छ,' उनले भनिन्, 'घरको सामान्य खेतीपातीले बाह्रै महिना खान-लाउन पुग्दैन। श्रीमान् जीविकोपार्जनकै लागि इन्डिया (भारत) जाने गर्नुहुन्छ।'

रमिता र जौकलीजस्ता १८ विपन्न महिला तिला गाउँपालिका- १, रारालिही बजारमा सिलाइकटाइ सीप सिकिरहेका छन्। उनीहरूलाई सीपमूलक बनाउन किर्डाक नेपाल, वर्ल्डभिजन र गाउँपालिकाको समन्वयमा ४५ दिने सिलाइकटाइ तालिम सञ्चालन गरिएको हो।

किर्डाक नेपाल जुम्लाका जिल्ला संयोजक दीपराज रावतका अनुसार ग्रामीण भेगका विपन्न महिलालाई सीप सिकाएर जीविकोपार्जनको आधार बन्ने अपेक्षा गरिएको छ। 'सीप सिकाउने र उनीहरूको व्यवसायका लागि चन्दननाथ सहकारीमार्फत सहुलियत ऋणको पनि व्यवस्थापन गरेका छौं,' उनले भने, 'किर्डाक नेपाल जुम्लाले सीप सिकेर स्वरोजगार बन्न व्यवसाय गर्ने सहकारीमार्फत सहुलियत ऋण उपलब्ध गराउन चन्दननाथ सहकारी जुम्लालाई १२ लाख रकम अनुदान उपलब्ध गरिएको छ।'

किर्डाकले सिलाइकटाइसँगै कुकिङ, अटो वर्कसप, मोबाइल मर्मत, पम्बिङ, हाउस वाइरिङ, फर्निचरका न्यूनतम एक महिनादेखि ४५ दिनसम्मका सीप सिकाउने तालिम सञ्चालन गरिएको छ। करिब ८० जना युवाले सीप सिकिरहेका छन्। सीप सिकेका युवालाई व्यवसायसँग जोड्न बैंक, वित्तीय तथा सहकारी क्षेत्रसँग पनि सहकार्य भइरहेको संयोजक रावतले बताए।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/१२/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बिकास बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिवाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०८०/१२/१८ गते/स्थान : केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौं

बोलपत्र खोलिने मिति/समय : २०८०/१२/२० गते, मंगलबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१.	नाम : कुमार चुहान ना.प्र.नं. ४३६००/५५८१, जि.प्र.का. रामेछाप जारी मिति : २०५६/०५/०७ बाबुको नाम : लोक बहादुर चुहान बाजेको नाम : रत्न बहादुर चुहान ठेगाना : रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. ५	नाम : बबिता बस्नेत चुहान ना.प्र.नं. २११०२८-२६४४२-२८९७१ जि.प्र.का. रामेछाप, जारी मिति : २०६८/०७/२२ पतिको नाम : कुमार चुहान ससुराको नाम : लोक बहादुर चुहान ठेगाना : रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. ५
	धितोको विवरण	
	धनी ज्योति विकास बैंक लि. र ऋणी कुमार चुहानको नाममा यातायात व्यवस्था कार्यालय एकान्तकुना, ललितपुरमा दर्ता श्रेष्ठा कायम रहेको तपसिल बमोजिमका सवारी साधनहरु: १. प्र ३ ०१ ००५ ख ९३७४ को चेसिस नं. MAT457038K7R09633, ईन्जिन नं. 497TC44DPY813624 को 21907136000R LPT1109 CRX HD को TATA Truck २. बा ०१ ००६ ख ३३५७ को चेसिस नं. MC2G3HRC0KG169836, ईन्जिन नं. E413CDKG293574 को PRO 1114 XPHSD ३. प्र ३ ०१ ००६ ख १३१६ को चेसिस नं. MAT544029K7R10462, ईन्जिन नं. 497TC44EPY815579 को 2900804200R LPT1412 CRX/42 HDLB को TATA Truck ४. प्र ३ ०१ ००६ ख २३६० को चेसिस नं. MC2G3HRC0KC165492, ईन्जिन नं. E413CDKC276043 को Pro 1114XP H HSD Truck	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय:
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

अपराध कर्ममा...

पृष्ठ १ बाट क्रमशः

काभ्रेको हिरासतमा छन् । सुन तस्करीमा संलग्न चिनियाँ मूलका बेल्जियम नागरिक दाबा छिरिङलगायतलाई नेपाली नागरिकता दिने प्रक्रियामा संलग्न देखिएपछि काभ्रे प्रहरीले गत साता उनीहरूलाई पक्राउ गरेको हो । सुन तस्करीको मुद्दामा जेलमा रहेका दाबाले २० पुस ०७४ मा निमा लामाको नामबाट काभ्रेको नमोबुद्ध- ११ स्थायी ठेगाना देखाई नागरिकता र पासपोर्ट लिएका थिए । जिल्ला प्रशासन कार्यालयका तत्कालीन प्रशासकीय अधिकृत खरेलले उनको नागरिकतामा हस्ताक्षर गरेका थिए । वडा कार्यालयको सिफारिसविना नै जिल्ला प्रशासन कार्यालयले नागरिकता बनाइदिएको थियो । यसमा ठूलो गिरोह नै संलग्न रहेको प्रहरीको आशंका छ ।

'काभ्रेबाट धेरै नागरिकता किर्ते विवरणका आधारमा जारी भएको देखिन्छ, त्यसमा गिरोहका साथै कर्मचारीको भूमिकामाथि विस्तृत अनुसन्धान सुरु गरेका छौं,' काभ्रेकी प्रहरी प्रमुख एसपी वसन्धुरा खड्काले भनिन् ।

खरेलले कम्तीमा तीन नागरिकता अवैध रूपमा जारी गरेको पुष्टि भइसकेको प्रहरीले जनाएको छ । साथै, जिल्ला प्रशासन काभ्रेबाट ठूलो संख्यामा गैरकानुनी रूपमा नागरिकता जारी भएको देखिएकाले यसमा धेरै कर्मचारीहरू तानिने प्रहरी अधिकारी बताउँछन् ।

दार्चुलाको मार्मा गाउँपालिका प्रशासकीय अधिकृत रोशन अधिकारी पनि यतीबेला प्रहरी हिरासतमा छन् । आफ्नो निवासमा आफैंले आगजनी गरेको अभियोगमा उनी पक्राउ परेका हुन् । प्रहरीले प्रारम्भिक छानबिन गरी उनलाई हिरासतमा लिएको हो ।

गत पुसमा कुश्मा नगरपालिकाका प्रशासकीय अधिकृत उदयराज पराजुली पक्राउ परे । सहकारी ठगीमा उनी पक्राउ परेका हुन् । प्रदेश सहकारी रजिस्ट्रारको कार्यालयमा रहँदा क्षेत्र विस्तारका लागि उनले मित्र-मिलन सहकारीसँग एक करोड रुपैयाँ लिएको खुलेपछि कास्की प्रहरीले थुनामा राखी मुद्दा चलाएको थियो । अदालतले उनलाई थुनामा पठाएको छ । ठगी मुद्दामा पक्राउ परेपछि सहकारीका सञ्चालकहरूले नै उनलाई संस्थाको रकम घुस दिएको बताएपछि उनको अपराध खुलेको थियो ।

■ ठगीदेखि किर्तेसम्म

गत चैतमा जिल्ला प्रशासन कार्यालय काठमाडौंका नासु देवराज गौतम तिब्बती नागरिकलाई नेपाली नागरिकता दिएको आरोपमा पक्राउ परे । अनुसन्धानको क्रममा सयौं तिब्बतीलाई नागरिकता दिएको खुलेको थियो । तर, दबाबका कारण प्रहरीले विस्तृत अनुसन्धान गर्न सकेन भने नागरिकतामा हस्ताक्षर गर्ने कर्मचारीसमेतलाई अभियोजनामा जोगाइएको थियो । बिचौलियासँग मिलेर उनले तिब्बतीलाई नागरिकता दिएको प्रहरी अभियोग थियो ।

०७९ चैतमा वैदेशिक रोजगार बोर्डका नायब सुब्बा पशुपति अधिकारी पक्राउ परे । विदेशमा मृत्यु हुने व्यक्तिको शव नेपाल ल्याउने र बोर्डबाट राहत उपलब्ध गराउने प्रक्रियामा ठगी गर्ने गिरोहलाई उनले सघाएको खुलेपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरी मुद्दा चलाएको थियो ।

गत मंसिरमा उदयपुरको त्रियुगा नगरपालिकाका नासु गुरुप्रसाद ढकाल पक्राउ परेका थिए । किर्ते कागजपत्र बनाएर राजस्व हिनामिना गरेको उजुरीमा उनी पक्राउ परेका थिए ।

अन्य मुद्दामा पनि कर्मचारीहरू प्रहरी छानबिनमा छन् । करिब एक लाख लाइसेन्स बिक्री प्रकरणमा यातायातका कर्मचारीहरूमाथि विस्तृत छानबिन गर्न यातायात व्यवस्था विभागले सिआइबीलाई पत्राचार गरेको छ । देशभरिका यातायात कार्यालयबाट विनापरीक्षा करिब एक लाख लाइसेन्स जारी भएका थिए । छानबिन समितिको प्रतिवेदनसहित यसमा सिआइबीले विस्तृत अनुसन्धान गरिरहेको छ ।

त्यस्तै, टीकापुर नगर विकास समितिको जग्गा हिनामिनामा संलग्न नापी र मालपोतका कर्मचारीमाथि पनि सिआइबीले अनुसन्धान गरिरहेको छ । यसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुई महिनाअघि दुई सय ४९ जनाविरुद्ध मुद्दा दायर गरिसकेको छ । हिनामिनामा सरकारी कागज किर्तेसमेत गरेको देखिएपछि अख्तियारले प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा सिआइबीले अनुसन्धान अघि बढाएको हो ।

एक उच्च प्रशासक भने कतिपय घटनामा प्रहरीको अनावश्यक सक्रियतासमेत रहेको बताउँछन् । अख्तियारबाट हेर्ने किसिमका घटनामा समेत प्रहरीले अनुसन्धान गर्ने गरेको ती कर्मचारीको भनाइ छ । सचिवहरू पक्राउ परेपछि कर्मचारीहरूले मुख्यसचिव वैकुण्ठ अर्याललाई भेटेर 'पुलिस स्टेट' बनाउन लागिएको भन्दै विरोधसमेत गरेका थिए । फौजदारी मुद्दामा कर्मचारी पर्ने क्रम बढेपछि कर्मचारी प्रशासन बदनाम मात्र भएको छैन, पछिल्लो समय निर्णय प्रक्रियाबाटै पन्छिने प्रवृत्तिसमेत कर्मचारीतन्त्रमा बढेको छ । एक उच्च प्रहरी अधिकारी भने विगतमा यस्ता घटनामा कर्मचारीको संलग्नता हुने, तर लुक्ने गरेकोमा पछिल्लो समयमा बाहिर आउन थालेको बताउँछन् ।

पूर्वसचिव गोविन्द कुसुम कतिपय कर्मचारी जानीजानी त कतिपय परिबन्धमा परेर यसरी फौजदारी अपराधमा पर्दै गएको हुन सक्ने बताउँछन् । यो समग्र नेपाली समाजकै एउटा चित्रण भएको उनको भनाइ छ । 'कर्मचारीतन्त्रमा समाजका विभिन्न पृष्ठभूमिका मान्छेहरू आएका छन्, कतिपय गलत प्रवृत्तिका पनि छन्, तर हाम्रोमा कर्मचारीमाथि सुपरिवेक्षण प्रणाली बलियो छैन,' उनी भन्छन्, 'एकातर्फ नैतिकताको शिक्षा भएन, अर्कोतर्फ कर्मचारीमाथि सुपरिवेक्षण गर्ने र राम्रो कर्मचारीलाई प्रोत्साहन गर्ने वातावरण बनाउन जरुरी छ ।' राजनीतिक नेतृत्वले नै कर्मचारीतन्त्रमा सुधारको नेतृत्व नलिएसम्म यस्ता घटना बढी नै रहने कुसुम बताउँछन् ।

राम्राभन्दा पनि आफ्ना मान्छेलाई महत्त्वपूर्ण ठाउँमा जिम्मेवारी दिने प्रवृत्तिले पनि अपराधमा कर्मचारी पर्ने क्रम बढेको हुन सक्ने पूर्वसहसचिव प्रदीपराज कँडेल बताउँछन् । 'चुनौती बहन गर्न सक्ने क्षमताका आधारमा कर्मचारीलाई जिम्मेवारी दिनुपर्छ,' उनी भन्छन्, 'निकटताको आधारमा जिम्मेवारी दिँदा शक्तिको आडमा गलत काम गर्ने सम्भावना बढी हुन्छ, अहिले त्यही भइरहेको हुन सक्छ ।'

केही व्यक्तिहरूको गलत कामका आधारमा सिंगो निजामती प्रशासन खराब छ भनेर सामान्यीकरण गर्न नहुने कँडेल बताउँछन् । 'खुला प्रणालीका कारण गलत कुराहरू बाहिर आउन थालेका छन्, त्यसको मतलब सबै कर्मचारी खराब छन् भन्ने हुँदैन,' उनी भन्छन्, 'इमानदार कर्मचारीहरू धेरै छन्, उनीहरूलाई प्रोत्साहन गर्न सक्नुपर्छ ।'

नेपाल प्रहरीका प्रवक्ता भीमप्रसाद ढकाल फौजदारी अपराधमा कर्मचारीहरू अनुसन्धानमा देखिएका प्रमाणका आधारमा विभिन्न मुद्दामा पक्राउ परिरहेको बताउँछन् । 'अनुसन्धानको क्रममा धेरै कर्मचारीहरू विभिन्न किसिमका अपराधमा संलग्न देखियो, त्यही आधारमा हामीले पक्राउ गर्ने हो,' उनी भन्छन्, 'कर्मचारीहरू अपराधमा पर्नु राम्रो होइन, कर्मचारी र कार्यालय प्रमुखहरूले काम गर्दा ध्यान दिनुपर्ने देखियो ।'

दलहरू उपनिर्वाचनतिर...

पृष्ठ १ बाट क्रमशः

पारिवारिक विरासतसहितका युवा उम्मेदवार अगाडि सारेर एमालेले एकातिर सहानुभूतिको मत बटुल्न खोजेको छ भने अर्कोतर्फ नयाँ दलहरूमाथि पनि दबाब बनाएको छ । एमालेले इलाम २ मा रास्वपाबाहेक सत्तागठबन्धनका अन्य दलको समर्थन जुटाउने प्रयास गर्नेछ ।

बैठकमा ओलीले सुहाङलाई नै उम्मेदवार बनाउँदा उपयुक्त हुने कारणसहित प्रस्ताव राखेका थिए । सुवास नेम्वाङको निधनपछि इलाममा हुन गइरहेको उपनिर्वाचनमा मतदातासँग उनको भावनात्मक सम्बन्ध जोडिएकाले उनका छोरालाई नै उम्मेदवार बनाएर जाँदा पुरानो मत सुरक्षित हुँदा पार्टीको जित सुनिश्चित हुने ओलीले सुहाङको पक्षमा निर्णय गर्न बैठकसमक्ष प्रस्ताव राखेका थिए ।

त्यस्तै, सुहाङ जनजाति उल्लेख्य स्थानको जनजाति पात्र भएकाले सामुदायिक 'सेन्टिमेन्ट'ले अन्य मत तान्न सक्ने पात्र भएको, नयाँ र युवा पुस्ताको प्रतिनिधि पात्र भएको र अन्य पार्टीको पनि मत तान्न सक्ने पात्र भएकाले निर्णय गर्नु उपयुक्त भएको भन्दै प्रस्ताव गरेका थिए । ओलीको प्रस्तावलाई बैठकमा सबैले समर्थन जनाएका थिए ।

उपाध्यक्ष युवराज ज्ञवालीले सिफारिस आएका उम्मेदवारभन्दा सुहाङले जित्ने आधार बलियो देखिएको मूल्यांकनसहित पार्टीले उम्मेदवार बनाउने निर्णय गरेको जानकारी दिए । 'विभिन्न कारणले उहाँले जित्ने आधार बलियो देखियो, यसको अर्थ सिफारिसमा रहेका अन्य उम्मेदवार कमजोर भन्ने होइन,' उनले भने ।

एमालेले उपनिर्वाचन घोषणापछि सुहाङलाई नै उम्मेदवार बनाउने संकेत गरेको थियो । उनलाई राजनीतिमा स्थापित गर्न एक महिनाअघि एमालेले केन्द्रीय कानुन विभागको सदस्य मनोनीत गरेको थियो । त्यस्तै, अध्यक्ष केपी ओलीले गत दसैंमा बालकोटस्थित निवासमै बोलाएर सुहाङसँग लामै भलाकुसरी गरेर तयारी अवस्थामा रहन संकेत गरेका थिए । त्यसयता उनी गृहजिल्ला इलाममा आवतजावत गर्नुका साथै काठमाडौंमा रहेका पार्टीका नेता-कार्यकर्तासँग सम्पर्कमा थिए ।

कानुनमा स्नातक सुहाङ संविधानसभा अध्यक्ष स्वर्गीय सुवासका कान्छा छोरा हुन् । कानुन विषयमा स्नातक ३२ वर्षीय सुहाङ पेसाले वकिल पनि हुन् । उनलाई एमालेले एक महिनाअघि केन्द्रीय कानुन विभाग सदस्य मनोनीत गरेको थियो । कान्तिपुर ल एसोसिएट्स एन्ड रिसर्च सेन्टर नेपालमार्फत उनले वकालत पेसा गर्दै आएका थिए ।

सुवासको निधनपछि राजनीतिमा आउने रुचि राखेका सुहाङ श्रद्धाञ्जली सभादेखि जिल्लाका विभिन्न कार्यक्रमहरूमा सहभागी हुँदै आएका थिए । सुवासको पारिवारिक विरासतदेखि नयाँ पुस्ताको सम्म प्रतिनिधित्व गर्ने भएकाले एमालेले उनलाई अगाडि सारेको ठानिएको छ ।

त्यस्तै, बैठकले बझाङ प्रदेश सभा (१) मा पार्टी जिल्ला अध्यक्ष दमनबहादुर भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । बैठकले केन्द्रीय सदस्य पदबाट राजीनामा दिएका ऐन महरलाई पुनः केन्द्रीय सदस्य पदमा मनोनीत गरेको छ ।

■ मतदाता कति ?

१० वैशाख ०८० मा सम्पन्न उपनिर्वाचनसम्मको अन्तिम मतदाता नामावलीअनुसार इलाम जिल्लामा दुई लाख २७ हजार मतदाता छन् भने इलाम निर्वाचन क्षेत्र नम्बर २ मा एक लाख १६ हजार मतदाता रहेको निर्वाचन आयोगको तथ्यांकले देखाउँछ । १५ वैशाख ०८१ मा हुने निर्वाचनको अहिले देशभर मतदाता नामावली अद्यावधिक भइरहेको छ । १४ वैशाखसम्म १८ वर्ष पुग्ने मतदाताको विवरण अद्यावधिक हुनेछ । अद्यावधिकको समय ५ चैतसम्म थियो । अहिले अद्यावधिक नामावलीमा त्रुटि भएको भए सच्याउने समय दिइएको छ । २२ चैतमा अन्तिम नामावली प्रकाशन गर्ने आयोगको कार्यतालिका छ । 'अन्तिम नामावली प्रकाशित भएपछि इलाम २ को नयाँ मतदाता विवरण सार्वजनिक हुन्छ,' प्रवक्ता शालिग्राम शर्मा पौडेलले भने । अद्यावधिक अन्तिम मतदाता नामावली देशभरकै सार्वजनिक हुनेछ । नामावलीमा नाम भएको मतदाता देशभरको जुनसुकै ठाउँको भए पनि योग्यता पुगेमा इलाम २ वा बझाङ प्रदेश सभा १ '१' मा उम्मेदवारी दिन पाउनेछन् ।

■ ४ मंसिर ०७९ को निर्वाचनको अंकगणित के थियो ?

४ मंसिर ०७९ को चुनावमा इलाम २ मा एमालेका नेम्वाङ ३० हजार २० मतसहित निर्वाचित भएका थिए । कांग्रेसका डम्बरबहादुर खड्का २९ हजार नौ सय ६, रास्वपाका प्रकाश सापकोटाले एक हजार तीन सय ८० मत प्राप्त गरेका थिए । मंगोल नेसनल अर्गनाइजेसनका मनीबहादुर लिम्बूले एक हजार तीन सय ६३, राष्ट्रिय जनमुक्ति पार्टीका खड्गप्रसाद पालुंवाले एक हजार दुइ सय ७२, जसपाका यामप्रसाद लिम्बू सात सय २४, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका गोविन्दसिंह लिम्बूले ६ सय ८४, राप्रपाका गणेशप्रसाद दुलालले पाँच सय १० मत प्राप्त गरेका थिए । आयोगको तथ्यांकअनुसार मंसिर ४ को निर्वाचनमा इलाम २ मा एक लाख १५ हजार तीन सय ४२ मतदाता रहेकामा ६८ हजार नौ सय ५१ मत खसेको थियो ।

बझाङ प्रदेश '१' मा कांग्रेसका पृथ्वीबहादुर सिंह १७ हजार एक सय १२ मतसहित निर्वाचित भएका थिए । उनको सडक दुर्घटनामा निधन भएपछि उक्त सिट रिक्त भएको हो । यो सिटमा एमालेका अफिलाल ओखेडाले १३ हजार तीन सय ३६, राप्रपा नेपालका कर्णबहादुर खड्काले चार सय २६, राप्रपाका हरिलाल भट्टराईले चार सय चार मत प्राप्त गरेका थिए । प्रदेश सभामा रास्वपाले भाग लिएको थिएन । बझाङमा एक लाख २२ हजार तीन सय ७६ मतदाता रहेकोमा ६२ हजार एक सय ७६ मत खसेको थियो ।



■ अधिकतम लचिलो भएर पनि ०८४ सम्म समीकरण टिकाउनुपर्छ : ओली

एमाले केन्द्रीय सचिवालयको आइतबारको बैठकमा अध्यक्ष ओलीले अहिलेको समीकरणलाई अधिकतम लचिलो भएर भए पनि ०८४ को निर्वाचनसम्मै टिकाएर लैजानुपर्ने बताएका थिए । एमालेसहितको पछिल्लो समीकरण भत्काउन विभिन्न शक्तिकेन्द्रहरू लागिरहेकाले सचेततापूर्वक अगाडि बढ्नुपर्नेमा जोड दिँदै ओलीले त्यस्तो बताएका हुन् । 'अहिलेको समीकरण भत्काउन विभिन्न शक्तिकेन्द्रहरू लागिरहेका छन्, त्यसैले हामी सचेततापूर्वक अगाडि बढ्नुपर्छ र यो समीकरणलाई अझ फराकिलो र बलियो बनाउँदै हामी अझ लचक बनेर भए पनि २०८४ को निर्वाचनसम्मै टिकाउने गरी लैजानुपर्छ,' ओलीलाई उद्धृत गर्दै एक पदाधिकारीले नयाँ पत्रिकासँग भने, 'अहिलेको समीकरण एमालेको हितमा छ, देश र जनताको, वामपन्थीहरूको हितमा छ ।' ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादी मोर्चामा सामेल हुन प्रस्ताव गरेको पनि बैठकलाई ब्रिफिङ गरेका थिए । प्रस्ताव सकारात्मक उद्देश्यले आए पनि एमालेको ध्यान पार्टीलाई बलियो राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्नेतर्फ नै केन्द्रित हुनुपर्नेमा जोड दिँदै तत्काल त्यस्तो मोर्चामा पार्टी सामेल हुन नसक्ने बताएका थिए । 'अहिले हाम्रो ध्यान एमालेलाई बलियो राष्ट्रिय शक्ति बनाउनेतिरै केन्द्रित गर्नुपर्छ,' संवाद र सहकार्य हुँदै जाँदा विश्वासको वातावरण बन्दै जाँदा एउटै मोर्चा बन्ने कुरा बेग्लै कुरा हो,' बैठकमा ओलीको भनाइ थियो ।

परराष्ट्रमन्त्री...

पृष्ठ १ बाट क्रमशः

नेता (स्थायी समिति सदस्य) वाङ हुनिङसँग भेटवार्ता तय भएको छ । उनी नेसनल कमिटी अफ द चाइनिज पिपुल्स पोलिटिकल कन्सल्टेटिभ कन्फरेन्स (सिपिपिसिसी)का अध्यक्ष हुन् । यो निकाय चीन सरकारको सल्लाहकार निकाय हो । वाङ चिनियाँ राष्ट्रपति सी जिनपिङका अत्यन्तै निकट हुन् ।

सोमबारै उपप्रधानमन्त्री श्रेष्ठले चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागकी उपप्रमुख सुन हैयानसँग भेटवार्ता गर्ने कार्यक्रम छ । हैयानले श्रेष्ठको सम्मानमा रात्रिभोज आयोजन गर्नेछिन् । मंगलबार साँझ उपप्रधानमन्त्री श्रेष्ठले समकक्षी वाङ यीसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ । चिनियाँ विदेशमन्त्री यीले रात्रिभोजसहित श्रेष्ठलाई स्वागत गर्नेछन् ।

प्रचण्डको भ्रमणमा बेइजिङमा भएका १२ सहमतिपत्र/सम्झौता कार्यान्वयनका विषयमा उपप्रधानमन्त्री श्रेष्ठले मंगलबार चिनियाँ समकक्षी यीसँग बेइजिङमा छलफल गर्ने कार्यक्रम छ । चिनियाँ विदेशमन्त्री यीले उपप्रधानमन्त्री श्रेष्ठको सम्मानमा मंगलबार रात्रिभोज आयोजना गर्दै छन् ।

उपप्रधानमन्त्री श्रेष्ठ मंगलबार बिहान हुवाए रिसर्च एन्ड डेभलपमेन्ट एक्जुकेटिभ्स एक्जिबिसन सेन्टरको भ्रमणमा सहभागी हुनेछन् । त्यहाँबाट नेपाली राजदूतावास पुगेर उनले लगानीसम्बन्धी सेमिनारलाई सम्बोधन गर्ने कार्यक्रम छ ।

बुधबार उनी नेपाली राजदूतावासद्वारा आयोजित दिवाभोजमा सहभागी भएर अपराह्न छोङछिङ जाँदै छन् । साँझ छोङछिङका मेयर तथा पार्टी सेक्रेटरी युयान जियाजुनले स्वागत गर्नेछन् । उनीसँग श्रेष्ठको रात्रिभोजसहित छलफल हुनेछ ।

बिहीबार बिहान उनी चिनियाँ प्रथम प्रधानमन्त्री चाउ एन लाईको निवासको भ्रमणमा जानेछन् । शुक्रबार उनी ल्हासा जाने कार्यक्रम छ । नेपाली महावाणिज्यदूतावासको भ्रमण गर्ने र साँझ तिब्बतस्थित चिनियाँ कम्युनिस्ट पार्टी सेक्रेटरी तिब्बतको ल्हासास्थित सिपिसी पार्टी सेक्रेटरी वाङ छुङछेङसँग भेटवार्ता र रात्रिभोज हुनेछ ।

शनिबार मौसम र श्रेष्ठको स्वास्थ्यले साथ दिएमा कैलाश मानसरोवर जाने कार्यक्रम छ । भोलिपल्ट अर्थात् आइतबार अपराह्न ल्साबाट उनी छेन्दु पुग्ने कार्यक्रम छ । साँझ सिचुआन प्रान्तको छेन्दुमा पार्टी सचिव वाङ सियाओईले श्रेष्ठलाई रात्रिभोजसहित स्वागत गर्ने कार्यक्रम छ । सोमबार बिहान उनी स्वदेश फर्किनेछन् ।

बेइजिङ र ल्हासामा उपप्रधानमन्त्री श्रेष्ठले प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणमा भएका सहमति कार्यान्वयनबारे विस्तृत छलफल गर्ने कार्यक्रम छ । तर, भ्रमणमा नेपाल र चीनबीच कुनै पनि विषयमा औपचारिक सहमति वा हस्ताक्षर हुने कार्यसूची छैन ।

श्रेष्ठको प्रतिनिधिमण्डलमा परराष्ट्रको उत्तरपूर्वी महाशाखा हेर्ने सहसचिव कृष्णप्रसाद ढकाल, श्रेष्ठका स्वकीय सचिव सुरेशकाजी श्रेष्ठ, शिष्टाचार अधिकृत, महाशाखाका नोट टेकर तथा बेइजिङस्थित नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ, नियोग उपप्रमुख सुरेन्द्रकुमार यादव, कन्सुलर सविता नकर्मी सहभागी हुनेछन् ।

उपप्रधानमन्त्री श्रेष्ठले चीन भ्रमणका वेला छलफलमा उठाउने विषय तथा यसअघि प्रधानमन्त्रीको भ्रमणमा भएका सहमति कार्यान्वयनको अवस्थाबारे सरोकारवाला अधिकारीसँग परामर्श गरेका छन् । श्रेष्ठले राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास वैरागी, परराष्ट्रसचिव सेवा लम्साल, राजस्वसचिव डा. रामप्रसाद घिमिरे, रक्षासचिव किरणराज शर्मा, ऊर्जासचिव गोपालप्रसाद सिम्देल, सिँचाइसचिव सुशीलचन्द्र तिवारीलगायतसँग छलफल गरेका थिए ।

प्रधानमन्त्री प्रचण्ड चीन भ्रमणमा जाँदा द्विपक्षीय र पारम्परिक सीमानाका क्रमशः खोल्दै जाने, ल्हासा-काठमाडौं उडान सञ्चालन गर्नेलगायत सीमा जोड्ने सडक मर्मत, सीमापार विद्युत् प्रसारणलाइन निर्माण, सुरक्षालगायतका विषयमा छलफल भएको थियो ।

नेपाल-चीन सीमाको संयुक्त निरीक्षण गर्ने सहमति भएको थियो । यसैगरी, चीनको सार्वजनिक सुरक्षा मन्त्रालय र नेपालको गृह मन्त्रालयबीच तीन तहमा सीमा सम्पर्क प्रणाली स्थापना गर्ने प्रोटोकलमा छलफल गर्ने भनिएको थियो । चीनको सीमा सुरक्षा हेर्ने प्रहरी र नेपालको सशस्त्र प्रहरीबीच सूचना आदान-प्रदान, क्षमता अभिवृद्धि र नेपाली सुरक्षाकर्मीलाई चीनले तालिम दिने विषयमा पनि त्यसवेला छलफल भएको थियो ।

पारस्परिक कानुनी सहायतासम्बन्धी चीन-नेपाल सन्धि अनुमोदन, नेपालमा रहेका चिनियाँ ठेकेदार र कामदारको सुरक्षाका विषयमा पनि छलफल भएको थियो । उपप्रधानमन्त्री श्रेष्ठले यी सहमति कार्यान्वयनका विषयमा छलफल गर्ने भएका छन् ।

प्रधानमन्त्रीको चीन भ्रमणमा केरुङ-रसुवागढी-चिलिमे २२० केभी सीमापार ऊर्जा प्रसारणलाइन निर्माणसम्बन्धी सहमति भएको थियो । नेपालका उत्तरी सीमावर्ती गाउँमा नेपालको लगानीमा तिब्बतबाट ग्रिड ऊर्जा आपूर्तिमार्फत विद्युतीकरण गर्ने सहमति भएको थियो ।

राष्ट्रिय आवास कम्पनि लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)

योजना कार्यालय, नवलपरासी, बर्दघाट-१(ब.सु.प.)

जग्गाको हकदावी सम्बन्धी १५(पन्ध्र) दिने सूचना

सूचना प्रकाशन मिति : २०८०/१२/१२

जिल्ला नवलपरासी साविक नेपाल पुनर्वास कम्पनी हाल राष्ट्रिय आवास कम्पनी लिमिटेड योजना कार्यालय नवलपरासीबाट विभिन्न नगरपालिका/गाउँपालिकामा साविकमा व्यवस्थित बसोबास गराई जग्गा वितरण गरि बाँकी रहेको जग्गा नापी हुँदा निम्नानुसार किता नं. र क्षेत्रफल यस कम्पनीको नाममा फिल्डबुक कायम भएको भएता पनि सो कित्ता नं. हरु मध्ये निम्नानुसार क्षेत्रफल ऐ.ऐ. बस्ने तपसिलका व्यक्तीहरुले भोग गर्दै आएको र उक्त जग्गा दर्ता गरि पाउँ भनी वडा कार्यालयको सिफारिस सहित यस कार्यालयमा निजहरुले निवेदन पेश गरेको हुँदा उक्त जग्गा फुटकर जग्गा बिक्री वितरण सम्बन्धी विनियमावली २०६९ सहित (दोस्रो संशोधन २०७५) विनियम ९"ग" उपविनियम ४ बमोजिम यो हकदावी सम्बन्धी १५(पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त जग्गामा कोही कसैको हकदावी वा अन्य कुनै कारणले जग्गा दर्ता सिफारिस दिन नमिल्ने भए यो हकदावी सम्बन्धी सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र स-प्रमाण साथ यस कार्यालयमा सम्पर्क राख्नु होला अन्यथा कम्पनीको नियम अनुसार तपसिलका निवेदकहरुको नाममा जग्गा दर्ता सिफारीस भै जाने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल :

सि. नं.	नाम थर	ठेगाना	न.सि.नं.	कि.नं.	क्षेत्रफल	मध्ये क्षेत्रफल	चौकिल्ला				कैफियत
							पूर्व	पश्चिम	उत्तर	दक्षिण	
१.	**टिकामाया गुरुङ** पति : कर्ण ब. गुरुङ ससुरा : इच्छा गुरुङ	शिवमन्दिर-२, हाल कावासोती-३	कावासोती-२/क	७८५	१-०-१५	०-१-३.५	उजेली बि.क.	गंगा आचार्य	बाटो	प्रेम कुमारी गुरुङ	
२.	**मन्जु देवी क्षेत्री** पति : दिपक कुमार क्षेत्री ससुरा : लाल ब. क्षेत्री	शिवमन्दिर-२, हाल कावासोती-३	कावासोती-२/क	७८५	१-०-१५	०-०-६.७५	मिठु कुमारी अधिकारी	देउ माया सुयाल क्षेत्री	बाटो	लक्ष्मी श्रेष्ठ	
३.	**सोमनाथ आचार्य** बाबु : चक्रपानी आचार्य बाजे : खडानन्द आचार्य	शिवमन्दिर-२, हाल कावासोती-३	कावासोती-२/क	७८५	१-०-१५	०-०-९	कर्ण ब. गुरुङ	खिलनाथ उपाध्याय	बाटो	खिल्नाथ गौतम	
४.	**विष्णु माया सापकोटा** पति : कृष्ण प्रसाद सापकोटा ससुरा : प्रजापती सापकोटा	शिवमन्दिर-२, हाल कावासोती-३	कावासोती-२/क	७८५	१-०-१५	०-०-११.५	मैया थापा	शम्भु अधिकारी	बाटो	आफ्नै	
५.	**आसा देवी चौधरी** पति : दुधनाथ चौधरी ससुरा : कन्हई प्रसाद चौधरी	दाउन्नेदेवी-७, हाल बर्दघाट-१५	दाउन्नेदेवी ७/ख	४२३	०-११-११½	०-१-३½	फागु थारु	कच्ची बाटो	जगन्नाथ दुसाध	यस ब. बि.क.	
६.	**शान्ता माया तामाङ** पति : केशराम तामाङ ससुरा : पदम ब. तामाङ	बञ्जरीया-९, हाल रामग्राम-१८	बञ्जरीयाख ९/छ	३७१	०-१७-१६½	०-०-५.२५	होम कुमारी सारु मगर	कच्ची बाटो	कृष्ण ब. तमाङ	दशरथ आचार्य	
७.	**लक्ष्मी नारायण थारु** बाबु : धनिराम थारु बाजे : टोडाई थारु	दाउन्नेदेवी-५, हाल बर्दघाट-१४	दाउन्नेदेवी-५/ग	१२९	०-१-१५	–	नथुनी देवी रौतार थारु	लक्ष्मीधर सापकोटा	विष्णु माया चौधरी	बाटो	
८.	**अन्जनि परियार** पति : दिलिप परियार ससुरा : मोतिलाल परियार	बन्जरिया-९, हाल रामग्राम-१८	बन्जरिया-९/च	९७९	०-१९-२१¼	०-०-१०	लुल कुमारी थारु	बाटो	नुछेमान मानन्धर	लुल कुमारी थारु	
९.	**सुक बहादुर गुरुङ** बाबु : बल ब. गुरुङ बाजे : मान ब. गुरुङ	पञ्चनगर-१, हाल बर्दघाट-८	पञ्चनगर-१/क	६६	०-०-१७½	–	चन्द्र कु. मल्ल	आफ्नै	पञ्चनगर महेशपुर बाटो	लक्ष्मीसेन ठकुरी	
१०.	**देउमाया ढेंगा मगर** पति : प्रेम ब. ढेंगा मगर ससुरा : लुद्र ब. ढेंगा मगर	बन्जरिया-९, हाल रामग्राम-१८	बन्जरिया-९/च	६६५ मध्ये	१-१०-६½	०-४-८२५	कुलो	महाव घोल	ईन्द्र ब. भण्डारी	डम्मर ब. थापा	

■ जिल्लामा भद्रगोल खेलकुद संरचना

गुल्मीमा प्रशिक्षक र अर्घाखाँचीमा कर्मचारी छैनन्, पाल्पामा तलब छैन

गुल्मीमा **टोपलाल अर्याल**

दुई महिनादेखि गुल्मीको जिल्ला खेलकुद विकास समिति कार्यालय प्रमुखविना नै चलिरहेको छ। ३ असार ०७५ मा कार्यालय प्रमुखका रूपमा आएका डिल्ली विक गत १० माघमा सरुवा भएर गए। त्यसयता कार्यालय सहयोगीका भरमा दैनिक कार्य सञ्चालन भइरहेको छ। प्रतियोगिताका लागि पत्राचार गर्ने काम समितिका पदाधिकारीले गरिरहेका छन्।

दुई महिनादेखि कार्यालय प्रमुख र प्रशिक्षक नभएको जानकारी राष्ट्रिय खेलकुद परिषद्मा समेत दिएको जिल्ला विकास समितिका अध्यक्ष गिरीप्रसाद महाकिमले बताएका छन्। तर, सम्बन्धित निकायबाट अहिलेसम्म जवाफ नपठाएको उनले बताए। 'हामीले रिक्त रहेको पदबारे राखेपका सम्बन्धित पदाधिकारीलाई जानकारी गराएका थियौं, तर अहिलेसम्म कार्यालय प्रमुख र प्रशिक्षक यहाँ कहिले आउने टुंगो नै लागेको छैन।'

समितिमा लेखा अधिकृत र कम्प्युटर अप्रेटर नभएको उनले बताए। पदाधिकारीले कार्यालयको कार्यसम्पादन गर्न नसक्ने भएकाले एक महिनादेखि अस्थायी कर्मचारी राखेको उनले जनाए। 'अहिले कार्यालय प्रमुख छैनन्, हामीले दैनिक काम गर्न अस्थायी कर्मचारी राखेका छौं,' उनले भने, 'यसैअनुरूप खेलको व्यवस्थापन भइरहेको छ।' जिल्लाको खेलकुद विकासको क्षेत्रमा काम गर्ने विकास समिति कार्यालय प्रमुखको भरमा चल्ने उनले बताए।

विगतका समयमा कार्यालय प्रमुखले लेखाको कामसँगै पत्र लेख्ने, दर्ता-चलानी गर्ने र पत्र पुऱ्याउनेसमेतको काम गर्नुपर्ने बाध्यता रहेको गिरीप्रसादले जनाए। दुई महिनादेखि कार्यालय प्रमुख नहुँदा चिठीपत्र, प्रशासन, लेखा र क्लबका सिफारिसलगायत काम प्रभावित बनिरहेको उनले बताए।

अर्घाखाँचीमा कार्यालय सहयोगीसमेत छैनन्

गुल्मीमा कार्यालय प्रमुखविना नै समिति चलिरहेको छ। अर्घाखाँचीको खेलकुद विकास समितिमा कार्यालय सहयोगीसमेत छैनन्। समितिले अस्थायी नियुक्त गरेका



एकजना कर्मचारी शिक्षक सेवा आयोगमा नाम निकालेपछि उतै गए। आठ महिनादेखि कार्यालयमा कर्मचारी नै नहुँदा दैनिक कामकाजमा प्रभाव परेको अध्यक्ष विष्णु क्षेत्रीले बताए। आफ्नै भवन नहुँदा कोठा लिएर समितिले काम गरिरहेको उनको भनाई छ।

'पहिले भाडामा कार्यालय सञ्चालन भएको थियो, अहिलेभाडा तिर्न सक्ने अवस्था नभएपछि जिल्ला समन्वय समितिमा कोठा मागेर कार्यालय सञ्चालन भइरहेको छ,' क्षेत्रीले भने, 'कार्यालयको आफ्नै जग्गा भए पनि आर्थिक स्रोत नहुँदा भवन निर्माण गरिएको छैन।' राष्ट्रपति रनिङ सिल्ड हुँदा समितिका पदाधिकारी र शिक्षकहरू व्यवस्थापन गरिएको क्षेत्रीले बताए। उनले प्रतियोगिताबाहेक दैनिक सेवाप्रवाहको काम खेलकुद विकास समितिका पदाधिकारीबाटै हुँदै आएको जानकारी उनले दिए। 'स्रोत र साधनविना काम गर्न मुस्किल छ। कार्यालय सहयोगीसमेत राख्न सक्ने अवस्था छैन,' उनले भने, 'उल्टो प्रतियोगिता गर्दा बर्सेनि डेढदेखि दुई लाख ऋण पनि बोकिरहेका छौं।'

पाल्पामा कर्मचारी छन्, तलब छैन

पाल्पाको खेलकुद विकास समिति पनि बिजोग छ। विकास समितिले खुमबहादुर बैइम्बू कार्यालय प्रमुखका रूपमा अस्थायी नियुक्त गरेको छ। तर, समितिसँग पारिश्रमिक खुवाउने आर्थिक स्रोत नै छैन। लामो समयदेखि कर्मचारीलाई पारिश्रमिक दिने अवस्था नभएको समितिका अध्यक्ष दीपक घिमिरेले जानकारी दिएका छन्। पाल्पाको खेलकुद विकास समितिमा वर्षौंदेखि स्थायी कर्मचारी छैनन्। दरबन्दीको व्यवस्था भए पनि समितिमा कर्मचारी नभएको उनले बताए। मासिक १५ हजार भाडा तिरेर खेलकुद विकास समितिले काम गरिरहेको छ।

गत वर्ष कार्यालय सञ्चालनको पर्याप्त बजेटसमेत नआएकाले प्रतियोगिता आयोजना गर्दा आफूहरूले ठूलो संकट खेपेको घिमिरेले गुनासो पोखेका छन्। 'प्रतियोगिता गर्दाको ऋणले विकास समितिका पदाधिकारी पद लिनु न छोड्नुको अवस्थामा छन्,' उनले भने, 'जिल्लास्तरीय राष्ट्रपति रनिङ सिल्ड गर्न तीन लाख बजेट आएको थियो, तर प्रतियोगिताका सबै काम गर्दा करिब नौ लाख खर्च भयो।' उनका अनुसार राष्ट्रपति रनिङ सिल्डमा रेफ्री खर्च, खेलाडीको खानाखाजा, यातायात र पोसाकसहितको खर्च नै नौ लाख भएको हो।

नेपाल आज आयरल्यान्ड 'ए'को सामना गर्दै

टेस्ट राष्ट्र आयरल्यान्ड 'ए'ले नेपाल भ्रमणमा रहँदा आठ खेल खेल्नेछ



त्रिवि क्रिकेट मैदानमा अभ्यास गर्दै घरेलु खेलाडी

नयाँ पत्रिका

नेपाल राष्ट्रिय पुरुष टोली र आयरल्यान्ड 'ए'बीचको अन्तर्राष्ट्रिय टी-२० शृंखला सोमबारबाट सुरु हुँदै छ। त्रिवि क्रिकेट मैदानमा सोमबार नेपालले आयरल्यान्डको 'ए' टोलीको सामना गर्दै छ। शृंखलाको दोस्रो खेल मंगलबार हुनेछ। त्यसपछि आयरल्यान्डको 'ए' टोलीले नेपालको ए टिमसँग टी-२० र एकदिवसीय शृंखला खेल्ने तालिका छ। समग्रमा टेस्ट राष्ट्र आयरल्यान्डको ए टोलीले नेपालमा ८ खेल खेल्नेछ। नेपालको नेतृत्व रोहितकुमार पौडेलले गर्नेछन्। सिनियर टिमबाट खेल्दै आएका सोमपाल कामी, अनिल शाह, कुशल भुर्तेल, आसिफ शेख, करण केसी, कुशल मल्ल, गुल्सन झा, आकाश चन्द, अभिनाश बोहरा, सन्दीप जोरा, ललितनारायण राजवंशीले आयरल्यान्डविरुद्ध खेल्नेछन्।

आइसिसी टी-२० विश्वकपअघि नेपालले यस खेललाई तयारीका रूपमा लिएको छ। नेपालले लगातार चार फाइनल गुमाएको छ। नेपाल पछिल्लोपटक नेदरल्यान्ड्स र नामिबियाको शृंखलाको फाइनलमा पराजित भएको थियो। आयरल्यान्डमा सिनियर टोलीबाट खेलिसकेका नौ खेलाडी छन्। टोलीको कप्तानी निल रकले गर्नेछन्। टोलीमा पिटर मुर पनि छन्। उनी सन् २०१४ देखि २०१९ सम्म जिम्बाबेबाट खेलेका थिए।

विनोदको कप्तानीमा टोली घोषणा

विकेटकिपर ब्याट्समयान विनोद भण्डारीको कप्तानीमा नेपालको 'ए' टोलीले आयरल्यान्डविरुद्ध खेल्नेछ। नेपाल क्रिकेट संघ (क्यान)ले आइतबार विनोदको कप्तानीमा दुई फर्म्याटका लागि टोली घोषणा गरेको हो। विनोदसँगै आरिफ शेख, देव खनाल, बसिर अहमद, कमलसिंह ऐरी र विकाश आग्रीले दुवै टोलीमा मौका पाएका छन्। नेपालले पहिलो 'ए'ले आयरल्यन्ड 'ए'सँग चैत १५, १६ र १८ मा टी-२० खेल खेल्नेछ।

विनोदसँगै आरिफ, बसिर, रसिद, पवन सराफ, लोकेश बम, देव, किरण ठगुन्ना, अर्जुन घर्ती, नारायण जोशी, सागर ढकाल, विपिन खत्री, कमलसिंह, हेमन्त धमी र विकाश छन्। नेपालले एकदिवसीय खेल २१, २३ र २५ चैतमा खेल्नेछ। यस टोलीमा कप्तान विनोदसहित, आरिफ, देव, बसिर, भीम सार्की, साहब आलम, कमलसिंह, अर्जुन कुमाल, विकास, नरेन भट्ट, रञ्जित कुमार, रूपेश सिंह, रिजन ढकाल र श्याम ढकाल (मौसम) छन्।

खेल संक्षेप

लिखुलाई रामेछाप कप

काठमाडौं/ लिखु भुजी रामेछाप युवा क्लबले दोस्रो रामेछाप कप फुटसल प्रतियोगिताको उपाधि जितेको छ। आइतबार भएको फाइनलमा अखिल क्रान्तिकारीलाई ८-२ ले पराजित गर्दै लिखु भुजीले उपाधि हात पारेको हो। यसैगरी लिखु भुजी रामेछाप युवा क्लब (लिभुरा)को दोस्रो टोलीले तेस्रो स्थान हात पारेको छ। लिभुराले तेस्रो स्थानका लागि भएको खेलमा साथीको चिया अड्डालाई ६-४ ले पाखा लगाएको हो। लिखु भुजी रामेछाप युवा क्लबले उपाधिसँगै ५० हजार रुपैयाँ पायो। उपविजेता अखिल क्रान्तिकारीले ३० हजार र तेस्रो हुनेले २० हजार रुपैयाँ प्राप्त गरेका छन्। रामेछाप-काठमाडौं पत्रकार समाजले आयोजना गरेको प्रतियोगितामा आयोजकसहित रामेछाप जिल्लाका १७ टोलीको सहभागिता थियो। सहभागी टोलीलाई आठ समूहमा विभाजन गरी लिगकम नकआउटका आधारमा प्रतियोगिता शनिबार र आइतबार सञ्चालन गरिएको थियो। रामेछाप जिल्लाबाट काठमाडौं उपत्यकामा रहेका व्यक्ति तथा संस्थालाई लक्षित गरी फुटसल प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ।

खुला तेक्वान्दो हुने

काठमाडौं/ कोटेश्वर तेक्वान्दो डोजाङको आयोजनामा चौथो राष्ट्रिय खुला फ्रेन्डसिप तेक्वान्दो प्रतियोगिता २ वैशाखमा हुने भएको छ। अन्तर्राष्ट्रिय ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियनसिप (आइओएफटिसी)को सहयोगमा हुन लागेको प्रतियोगितामा ६ सयभन्दा बढी खेलाडीको सहभागिता रहने तेक्वान्दोका मुख्य प्रशिक्षक एवं अन्तर्राष्ट्रिय निर्णायक नवीनकुमार श्रेष्ठले जनाएका छन्। क्योरोगी र पुम्सेमा गरी जम्मा ४४ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ। क्योरोगीको सिनियर पुरुष र महिलामा समान ६ गरी १२ स्पर्धामा खेल हुने श्रेष्ठले बताए।

राष्ट्रिय ड्रागन बोट सुरु

कास्की/ प्रथम राष्ट्रिय ड्रागन बोट रेस प्रतियोगिता आइतबारदेखि लेखनाथमा सुरु भएको छ। सोमबारसम्म चल्ने प्रतियोगिताको उद्घाटन खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले गरेका छन्। प्रतियोगितामा विभिन्न १४ टोलीले प्रतिस्पर्धा गरेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका निमित्त प्रमुख नवीन पोखरेलले जानकारी दिए। प्रतियोगितामा दुई सय र पाँच सय मिटर गरी दुई विधामा प्रतिस्पर्धा हुनेछ। दुई सयतर्फका विजेताले एक लाख, दोस्रोले ७५ हजार र तेस्रोले ४० हजार रुपैयाँ प्राप्त गर्नेछन्।

राजनीतिक नियुक्तिले खेल क्षेत्र बिग्रियो : मन्त्री श्रेष्ठ

काठमाडौं/ युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले राजनीतिक नियुक्तिले खेलकुद क्षेत्र बिग्रिएको बताएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीले काठमाडौं आयोजना गरेको एक कार्यक्रममा मन्त्री श्रेष्ठले खेल क्षेत्रमा राजनीतिक नियुक्ति रोक्दै खेलाडीको विकासका लागि काम गर्ने जनाए। 'खेल क्षेत्र बिग्रिनुको प्रमुख कारण राजनीतिक नियुक्ति हो, अबका दिनमा हुने नियुक्ति खेल र खेलाडीको विकासका लागि हुनेछ,' उनले भने। खेलकुद क्षेत्रबाट खेलाडीहरू विदेश पलायन नहुने गरी काम गर्ने उनले प्रतिबद्धता जनाए।

टेबलटेनिस टोली दक्षिण कोरिया जाने

काठमाडौं/ नेपाली टेबलटेनिस टोली प्रशिक्षण र प्रतियोगितामा सहभागी हुन बुधबार दक्षिण कोरिया जाने भएको छ। नेपाली टोलीमा तीन खेलाडीसहित चार सदस्य छन्। १ अप्रिलदेखि सुरु हुने एकमहिने प्रशिक्षणमा आशिष महता, विशाल थापामगर र निश्चलराज बज्राचार्य सहभागी हुनेछन्। प्रशिक्षण चेओङ याङ प्रान्तको जिओङ सान मिडिल स्कुलमा हुनेछ। प्रशिक्षणपछि खेलाडीहरू सिओ जोङ सिटी ओपन टेबलटेनिस प्रतियोगितामा सहभागी हुनेछन्। खेलाडीसँगै प्रशिक्षकका रूपमा सुनील महर्जन पनि दक्षिण कोरिया जाँदै छन्।

२८ बिघालाई उपाधि

चितवन/ २८ बिघा टोलीले सेन्ट्रल कलेज प्रथम भरतपुर फुटबल च्याम्पियनसिप उपाधि जितेको छ। प्रतियोगिताको फाइनलमा २८ बिघाले आँबुखैरेनीलाई हराउँदै २-० ले हराउँदै उपाधि हात पारेको हो। विजयी टोलीका लागि सिर्जन क्षेत्री र लक्षु थापाले समान एक गोल गरेका थिए। सिर्जनले खेलको ५३औं मिनेटमा १-० को अग्रता दिलाए। खेलको ७७औं मिनेटमा आँबुखैरेनी नौ खेलाडीमा सीमित भयो। देव गुरुङले दोहोरो पहेँलो कार्ड पाए। सौगातप्रताप गुरुङले सीधै रातो कार्ड पाए। खेलको अन्तिम इन्जुरी समयमा लक्षुले गोल गरे। विजेता २८ बिघाले ३ लाख ३ हजार र आँबुखैरेनीले १ लाख ५० हजार रुपैयाँ प्राप्त गरेको छ। आँबुखैरेनीका आकाश थापा उत्कृष्ट खेलाडी घोषित भए। २८ बिघाका रञ्जित चौधरी उत्कृष्ट डिफेन्डर भए। च्याम्पियन टोलीका वीरेन्द्र सारूमगर उत्कृष्ट गोलरक्षक भए।

नेपाल एनपिजिए टुर च्याम्पियनसिप आजदेखि



नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत छैटौं सूर्य नेपाल एनपिजिए टुर च्याम्पियनसिप सोमबारदेखि गोकर्ण गल्फ क्लबमा सुरू हुँदै छ। चार दिनसम्म चल्ने ७२ होलको प्रतियोगिता बिहीबार सकिनेछ।

८ लाख ४० हजार पुरस्कार राशि रहेको प्रतियोगितामा ३३ प्रोफेसनल र १२ एमेच्योर गल्फरले उपाधिका लागि दाबेदारी प्रस्तुत गर्नेछन्। च्याम्पियनसिप विजेताले १ लाख ४० हजार पुरस्कार प्राप्त गर्नेछन्। उपविजेताले ९० हजार र तेस्रो हुने गल्फरले ६७ हजार रुपैयाँ हात पार्नेछन्।

नाडीमा लागेको चोटका कारण नेपाल नम्बर एक प्रोफेसनल गल्फर शुक्रबहादुर राईले प्रतियोगिता गुमाए

३६ होलको समाप्तिमा कट लागू हुनेछ। त्यसपछि उत्कृष्ट २१ खेलाडीले तेस्रो र चौथो दिनका लागि स्थान सुरक्षित गर्नेछन्। एमेच्योर खेलाडीको हकमा पनि कट बनाउन उत्कृष्ट २१ भित्र पर्नुपर्ने नियम रहेको छ। कट बनाउन सफल सबै प्रोफेसनल खेलाडीले पुरस्कार प्राप्त गर्नेछन्। ३३ प्रोफेसनल गल्फरमध्ये भुवन नगरकोटी, रवि खड्का, दिनेश प्रजापति, धन थापा र सञ्जय लामाबीच उपाधिका लागि कडा प्रतिस्पर्धा हुने सम्भावना छ।

प्रोफेसनल गल्फरलाई यसपटक पनि टप एमेच्योर सद्भाव आचार्यले कडा चुनौती दिनेछन्। राहुल विश्वकर्मा र टासी छिरिङले पनि प्रो गल्फरलाई माथ दिने प्रदर्शन गर्न सक्ने सम्भावना रहेको छ। नेपाल नम्बर एक प्रोफेसनल गल्फर शुक्रबहादुर राईले चोटका कारण प्रतियोगिता गुमाएका छन्। नाडीमा लागेको चोटले गर्दा उनले यो प्रतियोगिताबाट नाम फिर्ता लिएको आयोजकले जनाएको छ।

अर्का प्रोफेसनल सुवास तामाङले कोलकाता च्यालेन्जमा कट बनाउन नसकेपछि उनी तरुण सरदेसाई एकेडेमीमा प्रशिक्षणका लागि फर्किएका छन्। एनपिजिएका अध्यक्ष रवीन्द्रमान श्रेष्ठले सूर्य नेपाल टुरमा गल्फको स्तर बढ्दै गएको र यो सिजन प्रो र एमेच्योर खेलाडीको प्रदर्शन उत्साहजनक रहेको बताए।

Karnali Province Government
Ministry of Physical Infrastructure and Urban Development
Infrastructure Development Directorate
Infrastructure Development Office (IDO)
Salyan, Nepal

Invitation for Bids

IFB No: 06/IDO/SLN/W/NCB/2080/081

Date of First Publication: 2080/12/12 (2024/03/25 AD)

1. Infrastructure Development Office (IDO), Salyan Invites Open Competitive Bidding from the Eligible Bidders for the Construction Works given in table below under National Competitive Bidding Procedures.

S.N.	Contract Id/ Description of Project	Average Annual Construction Turnover (NRs)	Estimated Amount, NRs (Excluding VAT & Contingency)	Bid Security Amount (NRs)	Bid Document Fee (NRs.)	Bid Validity and Bid Security Period
1	IDO/SLN/W/NCB/26/2080/081 Upgrading of Maulahalne Darma Farula Road, Salyan	4,50,00,000		9,90,000	5000	90/120 Days
2	IDO/SLN/W/SQ/01/2080/081 Construction of Baluwa Chharchhare Jaljala Kaprechaur Road, Salyan		17,11,334.79	50,000	1000	45/75 Days

Bank Details to deposit the fee for Bidding document and Bid security

Name of Office: **Infrastructure Development Office, Salyan** Name of the Bank: **Nepal Bank Limited, Salyan**	Revenue Account Number (For Bidding Documents): **27502000001001000001**	Rajaswo Shirshak (revenue) Number: **14229**	Account Number for Bid Security: **07402000002003000001**	Office Code Number: **3370160016**

2. Eligible Bidders may obtain further information from Infrastructure Development Office, Salyan Telephone No:- 088-520132 **or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.**

Office Chief

आइपिएलमा दुई सय छक्का लगाउने रसेल नवौं खेलाडी

एजेन्सी

वेस्ट इन्डिजका ब्याट्समयान एन्ड्रे रसेलले इन्डियन प्रिमियर लिग (आइपिएल)मा दुई सय छक्का संख्या पार गरेका छन्। यो उपलब्धि हात पार्ने उनी आइपिएलका नवौं खेलाडी हुन्। कोलकाता नाइट राइडर्सका खेलाडी रसेलले शनिबार राति सनराइजर्स हैदराबादलाई ४ रनको रोमाञ्चक जित निकाल्दा रसेलले अलराउन्ड प्रदर्शन गरेका थिए। रसेलले हैदराबादविरुद्ध सर्वाधिक ६४ रन बनाए। उनले २५ बलमा सात छक्का र तीन चौका प्रहार गरेका थिए। रसेल आइपिएलमा दुई छक्का लगाउने तेस्रो वेस्ट इन्डियन खेलाडी हुन्।

आइपिएल इतिहासमा वेस्ट इन्डिजका बायाँहाते ब्याट्समयान क्रिस गेलको नाममा सर्वाधिक छक्काको रेकर्ड रहेको छ। उनले एक सय ४१ इनिङ्समा तीन सय ५७ छक्का लगाएका छन्। दोस्रो स्थानमा मुम्बई इन्डियन्सका रोहित शर्मा छन्। उनले दुई सय ३८ इनिङ्समा दुई सय ५७ छक्का प्रहार गरेका छन्। यसैगरी दक्षिण अफ्रिकाका एबी डी भिलियर्सले दुई सय ५१ छक्का ठोकन एक सय ७० इनिङ्स खेलेका थिए।



१७औं आइपिएलमा चेन्नई सुपर किंग्सको कप्तानी छाडेका महेन्द्र सिंह धोनीले दुई सय ३९ छक्का प्रहार गरेका छन्। उनले दुई सय १८ इनिङ्समा यो उपलब्धि हात पारेका हुन्। रोयल च्यालेन्जर्स बेंग्लोरका विराट कोहलीले दुई सय ३० इनिङ्समा दुई सय ३५ छक्का लगाए।

राजस्थान २० रनले विजयी

प्रतियोगिताअन्तर्गत आइतबार भएको चौथो खेलमा राजस्थान रोयल्सले लखनउ सुपर जायन्ट्सलाई २० रनले पराजित गरेको छ। पहिलो ब्याटिङ गरेको राजस्थानले २० ओभरमा चार विकेट गुमाएर १९३ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा लखनउले ६ विकेटको क्षतिमा१७३ रन मात्र बनाएको थियो। पहिलो ब्याटिङ गरेको राजस्थानका लागि कप्तान सञ्जु सामसनले अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले ५२ बलमा ६ छक्का र तीन चौकाको सहयोगमा ८२ रनको योगदान दिए। रियान परागले २९ बलमा तीन छक्का र एक चौकाको सहयोगमा ४३ रन जोडे।

सञ्जु र परागले तेस्रो विकेटका लागि ९३ रनको बलियो साझेदारी गरेका थिए। प्रत्युत्तरमा लखनउको सुरुवात खराब रह्यो। इनिङ्सको पाँचौं बलमै क्विन्टन डी ककले आफ्नो विकेट गुमाए। लखनउले ७.३ ओभरमा चार विकेट गुमाएर स्कोर बोर्डमा ६० रन मात्र बनाएको थियो। कप्तान लोकेश राहुल र निकोलास पुरनले पाँचौं विकेटका लागि ८५ रनको साझेदारी गर्दै जितको आशा दिलाएका थिए। तर, लोकेश आउट भएपछि लखउनको आशा समाप्त भयो। उनले ४४ बलमा चार चौका र दुई छक्का प्रहार गरी ५८ रन जोडे। पुरनले अन्तिमसम्म आउट नभई ४१ बलमा समान चार चौका र छक्का प्रहार गरी ६४ रनको योगदान दिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com